# पहिलो परिच्छेद

# परिचय

## १.१ शोपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **पाइला आगतमा टेकेर निबन्ध संङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत एम.ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

'पाइला आगतमा टेकेर' कृष्णचन्द्रसिंह प्रधानद्वारा लेखिएका तेह्रवटा निबन्धहरूको सङ्ग्रह हो । यो प्रधानको मौलिक निबन्ध सङ्ग्रह हो । यस निबन्धसङ्ग्रहभित्र सङ्कलित केही निबन्धहरूको फुटकररूपमा चर्चा भए पनि यस सङ्ग्रहका समग्र निबन्धहरूको कृतिपरक गहन अध्ययन नभएका कारणले सो सङ्ग्रहभित्रका निबन्धहरूको कृतिपरक अध्ययनलाई समस्या कथन बनाइएको छ । प्रस्तुत शोधकार्यसँग निम्नलिखित समस्या सम्बन्धित रहेका छन् :

१. कृष्णचन्द्रसिंह प्रधानको जीवनी के कस्तो छ ?

२. निबन्धको सैद्धान्तिक स्वरुप र नेपाली निबन्धको विकासक्रम के कस्तो रहेको छ ?

३. 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहभित्रका निबन्धहरू कृतिपरक विश्लेषणका दृष्टिबाट के कस्ता छन् ?

## १.४ शोधकार्यको उद्देश्य

नेपाली निबन्धको फाँटमा महत्त्वपूर्ण स्थान ओगटेका निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको सङ्क्षिप्त जीवनी, साहित्यिक पृष्ठभूमिका साथै 'पाइला आगतमा टेकेर' निबन्ध सङ्ग्रहको कृतिपरक विवेचना' गरी यस सङ्ग्रहभित्रका निबन्धमा रहेका वैशिष्ट्य पहिल्याउनु यस शोधकार्यको उद्देश्य हो । प्रस्तुत शोधकार्यका निम्न उद्देश्य रहेका छन् :

१. कृष्णचन्द्रसिंह प्रधानको जीवनीको निरूपण गर्नु ।

२. निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकासक्रम  पहिल्याउनु ।

३. 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको कृतिपरक अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको विवरण

कृष्णचन्द्रसिंह प्रधान सफल निबन्धकार भए पनि चर्चाका दृष्टिले कमै चर्चित निबन्धकार हुन् । प्रधानको निबन्धकारिता र उनका निबन्धको चर्चा फुटकर रूपमा भए तापनि 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन भएको पाइँदैन । यस अघि प्रधानको निबन्धकारिता र यस निबन्ध सङ्ग्रहका बारेमा पूर्वकार्यका सङ्क्षिप्त रूपरेखा यहाँ प्रस्तुत गरिएको छ ।

१. रामलाल अधिकारीले 'नेपाली निबन्धयात्रा' (दार्जिलिङ नेपाली साहित्य सञ्चायिका, २०३२) मा प्रधानलाई कहीँ तार्किक झैँ कहीँ चिन्तनशील कहीँ दार्शनिक र कहीँ नीतिकार भन्दै सफल र सशक्त निबन्धकारका रूपमा चिनाएका छन् ।
२. कृष्णचन्द्र घिमिरेले 'निबन्धकार लक्ष्मीप्रसाद देवकोटाकोटो निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन' (त्रि.वि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र २०३८) मा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानलाई ठाउँठाउँमा तुलना गर्दै प्रगतिवादी र राष्ट्रवादी निबन्धकार भनेका छन् ।
३. तारानाथ शर्मा (सम्पा.) 'पच्चीस वर्षका नेपाली निबन्ध' (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा पतिष्ठान, २०३९) मा प्रधानलाई आत्मपरक निबन्धकारका रूपमा चिनाएको पाइन्छ ।
४. भैरव अर्याल (सम्पा.) 'साझा निबन्ध' (काठमाडौँ : साझा प्रकाशन २०४०) मा प्रधानलाई कवि, समालोचकका साथै एक सशक्त निबन्धकारका रूपमा चिनाएका छन् ।
५. कृष्णप्रसाद आचार्य 'साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणात्मक अध्ययन' (त्रि.वि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०४३) मा प्रधानलाई युगीन चिन्तन, युगबोध, शान्तिको चाहना, मानवतावाद, दर्शन र वैचारिकता, संस्मरण र उद्धरण, सामाजिक विषयवस्तुमा बौद्धिकताको प्रयोग, सङ्क्षिप्तता, प्रतीकात्मकता, व्यङ्ग्यको रमरम प्रयोग गर्ने निबन्धकारका रूपमा चिनाएको पाइन्छ ।
६. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माले 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास ( काठमाडौँ : साझा प्रकाशन, २०४९) मा प्रधानलाई २००७ साल पछिका नेपाली निबन्धलाई सम्पन्न बनाउने निबन्धकारका रूपमा उल्लेखगर्दै नेपाली निबन्धको

विकासकाल अन्तर्गत सशक्त कलम लिएर वा बौद्धिक घनत्व र गद्दिक विशेषताका निबन्ध लेख्नेमा प्रधानको नाम पनि उल्लेख गर्दै उनका निबन्धमा सौन्दर्यमूलक भावना र वस्तुतथ्यमूलक विचार भएको कुरा व्यक्त गरेका छन् ।

७. राजेन्द्र सुवेदीले 'स्रष्टा सृष्टि द्रष्टा दृष्टि' (काठमाडौँ : साझा प्रकाशन, २०४९) मा नेपाली निबन्धको आधुनिक चरणअन्तर्गत आत्मपरक अभिव्यक्ति भएका निबन्ध लेखेर आफ्नो वर्चस्व कायम गर्ने निबन्धकारका रूपमा प्रधानलाई चिनाएका छन् ।

८. राजेन्द्र सुवेदीले 'केही समीक्षण केही विश्लेषण' (काठमाडौँ : साझा प्रकाशन, २०४९) मा प्रधानलाई बौद्धिक प्रस्तुति व्यङ्ग्यचेत र निजात्मक अनुभूतिका प्रतिभाका रूपमा चिनाएका छन् ।

९. कल्पना लुइँटेलले 'कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता' (त्रि.वि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०५३) मा कृष्णचन्द्र सिंह प्रधानको निबन्धकारिताको विषयवस्तु, संरचना र कथन ढाँचा तथा भाषाशैलीको मूल्याङ्कन गर्दै उनका निबन्धमा विषय, संरचना कथनढाँचा र भाषाशैलीमा निबन्धकारिताका विशिष्ट पक्षहरू अन्तरनिहित रहेको चर्चा गर्दै उनको 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहभित्रका निबन्धको चर्चा गरेको पाइन्छ ।

१०. राजेन्द्र सुवेदीले 'स्नातकोत्तर नेपाली निबन्ध' (काठमाडौँ : पाठ्यसामग्री पसल, २०५६) मा प्रधानका निबन्धलाई दुई चरणमा विभाजन गर्दै उनको 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धले चिन्तनको गहिराई र विसङ्गतिबोधका उच्चता प्रतिपादन गरेको कुरा उल्लेख गरेका छन् ।

यसरी कृष्णचन्द्रसिंह प्रधानका बारेमा नेपाली साहित्यका विभिन्न समालोचकहरूले चर्चा परिचर्चा गरेको भए तापनि उनको 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहको आद्योपान्त चर्चा गरेको पाइँदैन । यस सङ्ग्रहभित्रका छिटफुट रचनाहरूको सङ्क्षिप्त समीक्षात्मक टिप्पणी बाहेक यस सङ्ग्रहको कृतिपरक अध्ययन नभएकाले प्रस्तुत शोधपत्रमा यसै विषयमा केन्द्रित भई अध्ययन गरिएको छ ।

## १.६ शोधको औचित्य

कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहका बारेमा वेलाबखत केही समीक्षकहरूद्वारा चर्चा-परिचर्चा गरिएको छ तर यसका बारेमा विभिन्न कोणबाट व्यापक र विस्तृत व्याख्या-विवेचना गरी यस सङ्ग्रहका कृतिगत वैशिष्ट्य

औल्याउने काम भएको छैन । प्रस्तुत शोधपत्रमा विभिन्न सान्दर्भिक कोणहरूबाट यस कृतिको कृतिपरक विवेचना गर्ने काम गरिएको हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र कृतिपरक विवेचनामा आधारित छ । यस शोधपत्रमा कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित ‘पाइला आगतमा टेकेर’ निबन्धसङ्ग्रहको कृतिपरक विवेचना गरिएको छ । यस सङ्ग्रहबाहेकका प्रधानका अन्य निबन्धकृतितर्फ यो अध्ययन विस्तारित छैन । निबन्धका आधारभूत तत्वहरू विषयवस्तु, उद्देश्य/विचार/जीवनदर्शन र प्रस्तुतिका आधारमा यस निबन्धसङ्ग्रहभित्रको तेह्रवटा निबन्धको कृतिपरक अध्ययन गर्नुलाई प्रस्तुत शोधकार्यकोक्षेत्र र सीमा बनाइएको छ । निबन्धभित्र पाइने सामाजिक, देशभक्ति, सौन्दर्य, प्रकृति, साहित्य जस्ता विविध कुराहरूलाई छुट्टाछुट्टै शीर्षक नदिई निबन्धका आधारभूत तत्वभित्र समाहित गरेर अध्ययन विश्लेषण गर्नुलाई यसको सीमाक्षेत्र बनाइएको छ । यसका साथै निबन्धको सैद्धान्तिक स्वरूप निर्धारण, निबन्धकारको सङ्क्षिप्त जीवनी र ‘पाइला आगतमा टेकेर’ निबन्ध सङ्ग्रहका केन्द्रीयतामा प्रधानका निबन्धगत प्रवृत्तिको सङ्क्षिप्त चिनारी गराउनुलाई समेत यस शोधपत्रको सीमाभित्र समेटिएको छ ।

## १.८ शोधकार्यको विधि

प्रस्तुत शोधपत्र कृतिपरक अध्ययनसँग सम्बन्धित भएकाले यो शोधपत्र तयार गर्ने समबन्धमा पुस्तकालयीय अध्ययन विधिलाई अपनाई सम्बन्धित विषयका पाठ्यपुस्तक र पत्रपत्रिकाहरूको अधययन गरी सामग्री सङ्कलन गरी विभिन्न कोणबाट ‘पाइला आगतमा टेकेर’ निबन्धसङ्ग्रहको कृतिपरक विवेचना गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा प्रस्तुत गरिएको छ । यसको रूपरेखाको सङ्गठन यसप्रकार रहेको छ ।

१. पहिलो परिच्छेद : शोध परिचय

२. दोस्रो परिच्छेद : ‘पाइला आगतमा टेकेर’ निबन्धसङ्ग्रहका निबन्धकारको सङ्क्षिप्त जीवनी

३. तेस्रो परिच्छेद : निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास

४. चौथो परिच्छेद : ‘पाइला आगतमा टेकेर’ निबन्ध सङ्ग्रहको कृतिपरक विवेचना

५. पाँचौं परिच्छेद : उपसंहार, मूल्याङ्कन र निष्कर्ष

## दोस्रो परिच्छेद

### २.१ 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहका निबन्धकार कृष्णचन्द्र सिंह प्रधानको सङ्क्षिप्त जीवनी

### २.२ बाल्यकाल

#### २.२.१ जन्म तथा जन्मस्थान

कृष्णचन्द्रसिंह प्रधानको जन्म वि.सं. १९८२ साल श्रावण महिनामा नागपञ्चमीका दिन काठमाडौँको तुच्छे गल्लीमा भएको हो ।[१] कृष्णचन्द्रसिंह प्रधानको न्वारनको नाउँ गोविन्दप्रसाद प्रधान हो ।[२] कृष्णचन्द्रसिंह प्रधानका पिता सूर्यप्रसाद प्रधान र माताचाहिँ सूर्यमाया प्रधान हुन् ।[३] उनी सूर्यप्रसाद प्रधानका पाँचभाइ छोरामध्ये साहिँला छोरा हुन् ।[४] सम्पन्न परिवारमा जन्मेर पनि उनी आफ्ना बाबुका अत्यन्त मीठो खानुपर्ने, निकै राम्रा कपडा लगाउनुपर्ने र मोजमज्जाको लागि जुवा खेल्नुपर्ने तीन अम्मलले गर्दा उनको बाबुको आर्थिक अवस्था कमजोर भएपछि उनी बाल्यावस्थादेखि नै विपन्नताको जालोमा पर्दछन् ।[५] आर्थिक विपन्नता र बस्ने वाससमेत नभएपछि प्रधानका पिता रानीगञ्जमा जागिरे भए र जाँदा कृष्णचन्द्र प्रधानसहित उनको आमालाई लिएर गएका थिए ।[६]

#### २.२.२ शिक्षादीक्षा

विसं. १९८७ सालमा रानीगञ्जबाट पिता श्रीपुर आएपछि पाँच वर्षको उमेरमा प्रधानको अक्षरारम्भ सुरु भयो ।[७] दुई वर्षको उमेरमा रानीगञ्ज पुगेका कृष्णचन्द्रसिंह प्रधान पाँच वर्षको उमेरमा वीरगञ्जको जुद्धोदय माध्यमिक विद्यालयको कक्षा १ मा भर्ना भए ।[८] ५ कक्षासम्मको औपचारिक शिक्षा लिएका प्रधानले आफ्नो आर्थिक विपन्नताका कारण पढाइ छोड्नुपरेको थियो ।[९] यसरी जम्मा पाँच कक्षासम्मको औपचारिक शिक्षा पाएका प्रधानको

---

[१] कृष्णप्रसाद आचार्य, 'साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणात्मक अध्ययन'काठमाडौँ : २०४३, त्रि.वि. स्नातकोत्तर अप्रकाशित शोधपत्र), पृ. १ ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] कल्पना लुइँटेल, 'कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता' (काठमाडौँ : २०५३, त्रि.वि. स्नातकोत्तर अप्रकाशित शोधपत्र), पृ. १० ।

[६] ऐजन, पृ. ११ ।

[७] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ४ ।

[८] कल्पना लुइँटेल, पूर्ववत् ।

[९] ऐजन ।

बाल्यकाल विहानबेलुका तमाखु भर्दैमा देहाती अशिक्षित केटाकेटीसँग खेल्दैमा बित्यो ।[१०] १३ वर्षको भएपछि प्रधानले आफ्नो विषयमा केही सोच्न थाले आफूसँगका साथीहरू स्कुलमा पढिरहेका र आफू घरमा बस्नु परेकाले उनमा खिन्नता पलायो ।[११] एकदिन दाजु हृदयचन्द्रसिंह प्रधानको पत्रिकामा नाम छापिएको देख्दा उनलाई पनि आफ्नो नाम छपाउन रहर लाग्यो । यही धुनमा उनी आफूलाई मर्का परेको विषयमा 'हाय ! हुक्का, हाय ! तमाखु' लेखे ।[१२] यसरी तेह्रवर्षको बाल्यावस्थाबाट उनी कविता लेखनतर्फ प्रेरित भएको देखिन्छ । पढाइबाट वञ्चित हुनुपरेकाले उनमा एकांकीपन बढ्दै आयो । उनमा सानैदेखि गम्भीर स्वभाव भएकाले एक्लै बस्ने, कविता लेख्ने, चित्र कोर्ने र दाजु हृदयचन्द्रसिंहलाई चिठी तयार गर्ने गर्दथे ।[१३]

## २.२.३ साहित्यसिर्जनामा प्रेरणा

वि.सं. १९९४ मा हृदयचन्द्रसिंह प्रधान आफ्नो विवाहको सिलसिलामा वीरगञ्ज गएका थिए । आफू वीरगंजमा जाँदा 'शारदा' पत्रिका र अन्य पुस्तक लिएर गएका थिए । कृष्णचन्द्रले ती पुस्तक पत्रिकाहरू निकै चाख दिएर पढ्न थाले । पढ्ने क्रममा आफ्ना दाजुको नाम पत्रिकामा छापिएको देखेर प्रधानलाई पनि आफ्नो नाम पत्रिकामा छपाउने उत्सुकता जाग्यो । यही उत्सुकताले गर्दा १३ वर्षकै उमेरदेखि उनी साहित्यसिर्जनामा लागे ।[१४] यसरी स्वयम् आफ्ना सहोदर दाजुको प्रेरणा र प्रभाव उनमा परेको देखिन्छ ।

## २.२.४ साहित्यसिर्जना र प्रकाशन

कृष्णचन्द्रसिंह प्रधानलाई १३ वर्षको उमेरमा पनि उनको तमाखु भर्ने काम टुटेको थिएन । १९९४ सालमा दाजुको आगमन, पत्रपत्रिका र पुस्तक पढ्ने रुचि र तमाखु भर्नुपर्ने झन्झटले उनलाई कविता लेखनतर्फ प्रवृत्त बनाएको देखिन्छ । वि.सं. १९९५ सालमा तेह्र वर्षको उमेरमा प्रधानले 'हाय ! हुक्का हाय ! तमाखु' नामक कविता लेखेर आफ्ना मर्मलाई व्यक्त गरेका थिए । यही नै उनको पहिलो कविता हो । यस कविताबाट कृष्णचन्द्रसिंह प्रधानको लेखकीय जीवनको प्रारम्भ भएको हो ।[१५]

---

[१०] उत्तम कुँवर, 'स्रष्टार साहित्य', (चौ.सं. २०५०), काठमाडौं साझा प्रकाशन, पृ. १०९ ।
[११] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ५ ।
[१२] उत्तम कुँवर, पूर्ववत्, पृ. १०९–११० ।
[१३] कल्पना लुईंटेल, पूर्ववत्, पृ. १२ ।
[१४] कृष्णप्रसाद आचार्य, पूर्ववत्, प. ६ ।
[१५] ऐजन ।

प्रकाशनका दृष्टिले २००२ सालमा वनारसबाट प्रकाशित हुने 'उदय' पत्रिकामा प्रकाशित भएको 'अश्रुधारा' नामक कविता उनको सर्वप्रथम प्रकाशित रचना हो ।[१६] यो कविता प्रधानले २००२ सालमा आमाको मृत्युपछि मातृशोकमा लेखेका हुन् । २००८ सालमा उनको 'भञ्ज्याङनिरै' गद्य कविता सङ्ग्रह प्रकाशित भयो । यही नै उनको प्रथम प्रकाशित कृति हो । यही कविता सङ्ग्रहबाट उनी नेपाली कविता क्षेत्रमा चर्चित हुन पुगेका छन् ।[१७] कविता विधाबाट साहित्य लेखनमा प्रवेश गरेका प्रधानका कविताका अतिरिक्त कथा, समालोचना निबन्ध जस्ता विविध विधाका कृतिहरू प्रकाशित छन् । उनका 'कवि व्यथित र काव्यसाधना', 'नेपाली उपन्यास र उपन्यासकार' तथा 'सिर्जनाको सेरोफेरो' गरी तीनवटा समालोचनात्मक कृति प्रकाशित छन् । उनले 'साझा समालोचना' को सम्पादन पनि गरेका छन् ।[१८] यसका अतिरिक्त उनका 'सालिक', 'अनाम सत्य' र 'पाइला आगतमा टेकेर' तीनवटा निबन्ध सङ्ग्रहका साथै केही फुटकर समालोचना पनि प्रकाशित छन् । यी बाहेक 'आँखा', 'नेपाली साहित्य कोश', 'समकालीन साहित्य', 'जनसाहित्य', 'हिमानी', 'पासा' जस्ता कृति र पत्रपत्रिकाको प्रकाशन र सम्पादन गर्नुले उनको साहित्यिक व्यक्तित्वका साथै सम्पादन व्यक्तित्वको झलक दिन्छ ।[१९]

## २.२.५ संस्थागत वा सार्वजनिक जिम्मेवारीमा सक्रियता

आफूले पढ्न नपाउँदाको पीडाको अनुभव बोकेका प्रधानले शैक्षिक विकासमा आफूलाई क्रियाशील बनाएको देखिन्छ । उनी शान्ति निकुञ्ज विद्यालय (२००४), विद्यालय मन्दिर पुस्तकालय (२००४), सन्देश गृह (२००४), नेपाली साहित्य परिषद् (२००३), प्रगतिशील लेखक संघ (२००९), नेपाली साहित्य संस्थान (२०१८), महेन्द्ररत्न कलेज ( २०२०) आदिका संस्थापक सदस्यहरूमध्ये एक हुन् । विद्यालयको शिक्षकदेखि संचालक समितिको सदस्य, नेपला राजकीय प्रज्ञा प्रतिष्ठानको सह-सदस्य र साझा प्रकाशनको महाप्रबन्धकसम्म भएर उनले शैक्षिक तथा साहित्यिक क्षेत्रको सेवा गरे ।[२०]

## २.२.६ सम्मान–पुरस्कार

[१६] उत्तम कुँवर, पूर्ववत्, पृ. ११० ।
[१७] कृष्णप्रसाद आचार्य, पूर्ववत, पृ. ७ ।
[१८] उत्तम कुँवर, पूर्ववत्, पृ. ११० ।
[१९] ऐजन, पृ. ३०५ ।
[२०] राजेन्द्र सुवेदी, सम्पा., स्नातकोत्तर नेपाली निबन्ध, ते.सं. २०५६, काठ., पाठ्यसामग्री पसल, पृ. ३९ ।

नेपालको शैक्षिक र साहित्यिक क्षेत्रमा सेवा गरेवापत कृष्णचन्द्रसिंह प्रधानले केही मानसम्मान र पुरस्कार पनि पाएका छन् । वि.सं. २००४ सालमा नेपली साहित्य परिषद्‌ले सरस्वती सदनमा आयोजना गरेको सशुल्क साहित्य सम्मेलनमा उनले कविता प्रतियोगितामा सर्वप्रथम रु. १००/- पुरस्कार पाएका थिए ।[२१] उनले 'कवि व्यथित र काव्यसाधना' समालोचनात्मक ग्रन्थवापत मदनपुरस्कार (२०१५), शिक्षणपेशामा योगदान गरेवापत गोरखा दक्षिणबाहु (२०२५), नेपाली उपन्यास र उपन्यासकार कृतिका लागि साझा पुरस्कार (२०३७), पाइला आगतमा टेकेर कृतिका लागि धरणीधर पुरस्कार, उत्तम कुँवर पुरस्कार र साझा पुरस्कार प्रदान गरियो । त्यसैगरी प्रतिभा पुरस्कार प्रतिष्ठान (विराटनगर) र धौलागिरि साहित्यिक प्रतिष्ठानबाट उनलाई अभिनन्दनगरिएको थियो ।[२२] उनलाई साझा प्रकाशनको महाप्रबन्धक र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा सह-सदस्य र सदस्य नियुक्ति गरिनु पनि उनीप्रतिको सम्मान र उनले गरेको योगदानको कदर हो ।

---

[२१] कल्पना लुइँटेल, पूर्ववत्, पृ. १४ ।

[२२] ऐजन ।

# तृतीय परिच्छेद

# निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास

## ३.१ निबन्धको व्युत्पत्ति र अर्थ

प्राचीन समयमा साहित्यलाई श्रव्यकाव्य र दृश्यकाव्य गरी दुई भागमा विभाजित गरिन्थ्यो । दृश्यकाव्यअन्तर्गत नाटक र श्रव्यकाव्यअन्तर्गतका दुई हाँगा गद्य र पद्यमध्ये पद्यमा कविता र गद्यमा कथा, उपन्यास र निबन्ध पर्दछन् ।

साहित्यका प्रमुख विधामध्ये निबन्ध छोटो-छरितो एक गद्य विधा हो ।[२३] आकारका हिसाबले एक बसाइँमा पढिसकिने लेखकको विचार उन्मुक्त रूपले अभिव्यक्ति भएको श्रृङ्खलितरूपमा बाँधिएको गद्यात्मक प्रस्तुति निबन्धको विशेषता हो । निबन्धलेखनमा साधना र अभ्यासले प्रौढता प्राप्त गरेपछि मात्र सशक्त निबन्ध सिर्जना हुन सक्दछ । निबन्धको विषयवस्तुमा सीमितता पाइँदैन । निबन्धमा साहित्यका अन्य विधाका गुण पनि थोरबहुत समाहित हुन सक्छन् ।

### ३.१.१ निबन्ध शब्दको अर्थ

'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय हुँदा निबन्ध शब्द बन्छ र यसको शाब्दिकअर्थ मौलिक रूपमा राम्ररी बाँध्नु हो । हेमचन्द्रले यसको प्रयोग सङ्ग्रह ग्रन्थ, मुत्ररोधरूपी रोग तथा बन्धको अर्थमा गरेका छन् । प्राचीनकालमा लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाँध्ने वा सिउने जुन क्रिया हुन्थ्यो त्यसैलाई बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो ।[२४] गीतामा सांसारिक वाचामा बाँधिने अर्थमा याज्ञवल्क्य स्मृतिमा द्रव्यका अर्थमा निबन्ध शब्द आएको छ ।[२५] 'वासवदत्ता' र 'न्यायमञ्जरी' ग्रन्थमा रचनाका अर्थमा, 'कादम्बरी' मा शाब्दिक कलाको चमत्कृत रचनाका अर्थमा, 'शिशुपालबध' को भाष्य र ग्रन्थका अर्थमा र 'तत्त्व दीपन' को अनेक तत्त्वहरूको सङ्गृहीत सानो साहित्यिक रचनाविशेषका अर्थमा निबन्ध शब्दको प्रयोग भएको देखिन्छ ।[२६] यति भएर पनि आधुनिक अर्थलाई पूर्वीय सन्दर्भले स्पष्ट रूपमा प्रस्तुत गर्न सकेको पाइँदैन ।

---

[२३] गोपीकृष्ण शर्मा, नेपाली निबन्ध परिचय, (ते.सं.), काठ. : रत्न पुस्तक भण्डार, २०५५, पृ. ३ ।

[२४] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, पा.सं., काठ.: सा.प्र., पृ. १९२ ।

[२५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३ ।

[२६] खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, नेपाली निबन्ध, नवीन प्रकाशन, २०५४, पृ. १ ।

## ३.१.२ परिभाषा

आधुनिक प्रचलित निबन्धको सुरुआत भने पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार मोन्तेयले १६ औं शताब्दीमा पहिलोपटक गरेका थिए । प्रयत्नको अर्थमा प्रयुक्त हुने ग्रीसेली Essai शब्दपछि अंग्रेजीमा Essay का रूपमा व्यवहृत भयो ।[२७] यही Essay शब्द नै संस्कृत तत्सम शब्द 'निबन्ध' को अर्थमा नेपालीमा प्रचलित रहेको छ ।

मोन्तेयले 'मेरा निबन्धको विषय मै हुँ' भनेर निबन्ध कल्पनाको सहायताले स्वच्छन्द ढङ्गले गरिने आत्माभिव्यक्तिको माध्यम बनाए भने बेकनले 'विकीर्ण चिन्तन' भनेपछि निबन्ध आत्माभिव्यक्ति मात्र नभएर विचारात्मक एवम् चिन्तनपूर्ण यथातिर्थक सुगठित गद्य लेखलाई निबन्ध मानिन थालियो ।[२८] निबन्धलाई परिभाषित गर्नेहरू जर्जक्याब र डा. जोन्सनले 'प्रतिभाहीनको लेख, अनियमित र अपरिपक्व रचना' भने पनि निबन्ध त्यस्तै अर्थमा प्रयुक्त भएको पाइँदैन । मरेले निबन्धको आकारगत सङ्क्षिप्ततामा जोड दिए भने सेन्टब्युभले ात्मप्रतिपादनको रूपमा निबन्धलाई स्वीकारे । त्यसैगरी निबन्धलाई अलेक्जेन्डर स्मीथले गद्यमा कवितात्माम कोमलता र संवेदना पाइने रचना माने भने प्रिष्टलेले विषयगत विविधता र आत्मपरकतामा जोड दिए ।

डब्लु ई. विलियम्सले 'ए बुक अफ इङ्गलिस'[२९] मा निबन्धलाई चिनाउँदा आकारगत लघुतामा जोड दिएका छन् । एस.सी. बेन्सले 'द आर्ट अफल द एसिस्ट' मा ठानेका छन् । सशक्त निबन्धकार रबर्ड लिण्डका अविचारमा निबन्ध भनेको 'प्रसन्न मनस्थितिको ज्ञान' अर्थात् सामान्य मानसिक अवस्थाको मिठासपूर्ण अभिव्यक्ति हो ।[३०] यसैगरी 'द कन्साइन्स अक्सफोर्ड इङ्गलिस लिटेरेचर' मा चाहिँ 'निबन्ध एउटा साधारण छोटो गद्य रचना हो' भनिएको छ । यसमा 'लेखकको विषयप्रतिको धारणाको प्रतिबिम्ब निहित हुन्छ'[३१] भनिएको छ ।

बङ्गलाका साहित्यकार गुलाव रायको कथन छ-'निबन्ध त्यस प्रकारको रचनाविशेष हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, विशिष्ट वैयक्तिक

[२७] राजेन्द्र सुवेदी, स्नातकोत्तर नेपाली निबन्ध सङ्क्षिप्त परिचय, काठ.: पुस्तक प्रकाशन, २०५१, पृ. ५८ ।
[२८] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १९५ ।
[२९] ऐजन, पृ. १९८ ।
[३०] राजेन्द्र सुवेदी, पर्ववत्, पृ. ६१ ।
[३१] ऐजन, पृ. ६० ।

प्रतिपादन स्वच्छ, सुष्ठ र सजीव सङ्गति र सम्बद्धता रहेको हुन्छ ।[३२] रामचन्द्र शुक्लको विचारमा 'गदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कसी' [३३] भन्ने रहेको पाइन्छ ।

नेपाली आधुनिक निबन्धका सशक्त: प्रतिभा लक्ष्मीप्रसाद देवकोटा निबन्धको सम्बन्धमा विभिन्न टिप्पणीहरू व्यक्त गर्दछन् । उनी भन्दछन् –'यो टेबुल गफ हो, चश्मादार अध्यापकको व्याख्या होइन, न त बमन बेदान्त, यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्टतातिर ओर्लिन्छ ।'[३४] ईश्वर बरालले निबन्धलाई एक किसिमको कुरा गराइ मान्दछन् भने हृदयचन्द्रसिंह प्रधानले निबन्धलाई पाठकको मनलाई समातेर परिमार्जित र परिपक्व विचार एवम् दृष्टिकोणलाई व्यङ्ग्यात्मक र हांस्यात्मक ढङ्गले व्यक्ति गर्ने खालको रचना मानेका छन् । निबन्धकै बारेमा भैरव अर्याल भन्दछन् –'कुनै विषयमा आफूले जानेको, सोंचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो ।'

यी विभिन्न परिभाषाहरूलाई नियाल्दा 'निबन्ध गद्यमा लेखिएको, आत्मप्रतिपादन गरिएको, काव्यात्मक गुणले भरिएको, सङ्क्षिप्त आकारमा सुगठित भएको, श्रृङ्खलित तथा सरल र सम्यक चिन्तनलाई हृदय र बुद्धिको सन्तुलन गरेर प्रस्तुत गरिएको रचना हो' भन्ने बुझिन्छ ।

## ३.२ निबन्ध तत्त्व

साहित्यका विभिन्न विधाहरू तत्त्वकै आधारमा वर्गीकृत हुन्छन् । एक विधाबाट अर्को विधालाई छुट्याउने मुख्य कुरा नै त्यस विधामा प्रयुक्त तत्त्व हुन् । निबन्ध तत्त्वका बारेमा साहित्यका अन्य विधामाझैं विद्वान्हरूमा मतभिन्नता पाइन्छ । सामान्यतया निबन्धलाई निम्नानुसार तीन भागमा बाँडेर हेर्ने प्रयास गरिएको छ ।

(क) विषयवस्तु

(ख) विचार तथा उद्देश्य

(ग) प्रस्तुति

(अ) आन्तरिक प्रस्तुति

(क) आत्मपरकता/वस्तुपरकता

[३२] ऐजन, पृ. ६२ ।

[३३] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १९९ ।

[३४] हिमांशु थापा, साहित्य परिचय, काठमाडौं, काठ.: साझा प्रकाशन, चौथो संस्करण, (२०५०), पृ. १८९ ।

(ख) बौद्धिकता/हार्दिकता

(ग) तार्किकता

(घ) व्यङ्ग्यात्मकता

(ङ) दृष्टिविन्दु

(आ) वाह्य प्रस्तुति

(क) काव्यात्मकता

(ख) रीति, गुण र अलङ्कार

(ग) वर्ण, पद र वाक्य

(घ) वाह्याभिमुखी र केन्द्राभिमुखी प्रतिपादन

(ङ) भाषाशैली

### ३.२.१ विषयवस्तु

कुनै पनि रचना निर्माणका लागि विषयवस्तुको आवश्यकता पर्दछ । विषय निबन्धको मेरुदण्ड हो । यसै आधारशीलामा निबन्धको जग उभिएको हुन्छ ।[३५] मानवहृदय र मानव मष्तिष्कले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका विषयवस्तु हुन सक्छन् ।[३६] समाज, इतिहास, पुराण, मनोविज्ञान, कलादर्शन, विज्ञानको नवीन आविष्कार, संस्कृति र धर्मका साथै चराचर जगत् वा ब्राह्माण्डमा प्राप्त यावत् वस्तु हुन सक्छन् । निबन्ध वस्तुविना सिर्जना गर्न नसकिने विधा भएकोले निबन्धकारहरूले निबन्ध लेखनपूर्व नै वस्तुचयन गरिसकेको हुनुपर्छ । वस्तुको बारेमा पर्याप्त जानकारी हुनु निबन्ध लेखनका लागि अत्यावश्यक छ । निबन्धको वस्तु सर्वत्र व्याप्त भएर रहेको हुन्छ । निबन्धकारले विषयवस्तुलाई विना रोकतोक स्वतन्त्र ढङ्गले प्रस्तुत गर्दछ ।

### ३.२.२ विचार तथा उद्देश्य

निबन्ध रचनाको कुनै न कुनै उद्देश्य वा विचार रहको हुन्छ । निबन्धकारले आफ्ना रचनाका माध्यमबाट आफ्ना मान्यता, धारणा वा जीवनदर्शनलाई पाठकको सामु प्रस्तुत गर्दछन् । विचार निबन्धमा स्वभाविक रूपमा अभिव्यक्त हुनुपर्दछ । भौतिक, आध्यात्मिक, सामाजिक तथा वैज्ञानिक जस्ता विचारमध्ये कुनै न कुनै विचार वा दर्शनमा निबन्धकार केन्द्रित हुन्छ । निबन्धकारको अध्ययन क्षेत्र, चिन्तनजगत्, दार्शनिक पृष्ठभूमि, वौद्धिकता

---

[३५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २३ ।

[३६] खगेन्द्रप्रसाद लुइटेल, देवीप्रसाद गौतम, पूर्ववत्, पेज ६ ।

आदिको पहिचान पनि वैचारिकताबाट गर्न सिकन्छ । अतः निबन्धमा विचार वा उद्देश्य एउटा सशर्त स्वीकार्य उपकरण हो । जसको संयोजनविना साहित्य रचनाको कल्पना गर्न सकिँदैन ।

### ३.२.३ प्रस्तुति

#### ३.२.३.१ आन्तरिक प्रस्तुति

साहित्यले साकार रूप लिनका लागि प्रस्तुतिको ठूलो भूमिका रहन्छ । यो अन्तरवस्तु र रूपमा दुई तहमा रहन्छ । विषयवस्तु र विचारले मात्र साहित्य पूरा हुन सक्दैन । विषयवस्तु र विचारको रागात्मक प्रस्तुतीले साहित्य बन्दछ । विषयवस्तु र विचारको आत्मपरक, हार्दिक रूपमा विभिन्न शैलीको प्रयोग गर्दै कलात्मक भाषिक स्वरूपबाट मात्र निबन्धको स्वरूप खडा हुन्छ । आन्तरिक प्रस्तुतीमा विभिन्नता पाइन्छ ।

**क) आत्मपरकता/वस्तुपरकता**

आत्मपरकता र वस्तुपरकता दृष्टिकोण सापेक्ष हुन्छ । वस्तुतः कुनै पनि रचना पूर्ण रूपले वस्तुपरक हुन पनि सक्दैन र आत्मपरक पनि हुन सक्दैन ।[३७] साहित्यकार तथा निबन्धकारको साहित्यमा वा निबन्धमा हुने आफ्नोपनलाई आत्मपरकता भनिन्छ । निबन्धकारको निजी व्यक्तित्व वा उसको रुचि, चिन्तन, अध्ययन, मनन आदिको प्रकटीकरण आत्मपरक निबन्धमा बढी र वस्तुपरक निबन्धमा कम हुन्छ । निबन्धमा प्रयुक्त निबन्धकारमा निजात्मकता अनुभूतिभन्दा वस्तुपक्ष प्रबल र अनुभूति पक्ष कमजोर भएमा वस्तुपरकता देखापर्दछ ।

**ख) हार्दिकता/बोद्धिकता**

हार्दिकता मान्छेको हृदयपक्षसँग सम्बद्ध हुन्छ भने बौद्धिकता मस्तिष्क पक्षसँग सम्बद्ध हुन्छ । आन्तरिक व्यक्तित्व मानिने हार्दिकताले मूलतः प्रतिभालाई र वाह्य व्यक्तित्व मानिने बौद्धिकतालॆ अभ्यास, अध्ययन, चिन्तन-मनन् आदिलाई बुझाउँछ । निबन्धमा प्रयुक्त हार्दिकताले पाठकको हृदयलाई साक्षात्कार गरी लेखक र पाठकबीच तादात्म्य कायम गर्दछ भने बौद्धिकताले वस्तुलाई जटिल बनाउँछ । त्यसैले बुद्धिपक्षको हार्दिक प्रस्तुती निबन्धमा अपेक्षित हुन्छ ।

**ग) तार्किकता**

---

[३७] धीरेन्द्र बर्मा (सम्पादक), हिन्दी साहित्य कोष, भाग १, पृ. ७६५ ।

तार्किकतामा निबन्धकारले विभिन्न तर्क एवम् उदाहरण दिई वस्तुतथ्यलाई प्रष्ट्याउने काम गर्दछ । निबन्धकारको ज्ञानको सीमाक्षमताको आँकलन तार्किकताबाट हुन सक्दछ । वस्तुलाई प्रदर्शन गर्ने चातुरी तार्किकताद्वारा प्रकट हुन्छ । तार्किकताले निबन्धलाई विशिष्टिकृत गर्दछ । बौद्धिक विषयलाई तार्किक प्रस्तुतिले सम्प्रेषित र ग्राह्य तुल्याउँछ ।

**घ) वाङ्ग्यात्मकता**

भावलाई चमत्कारपूर्ण ढङ्गले भाषामा प्रस्तुत गर्ने शैली व्यङ्ग्य शैली हो । यसमा विषयलाइ चकित हुने गरी ठट्यौलो पाराले व्यक्त गरिनछ । व्यङ्ग्यशक्तिलाई साहित्यिक वाणिको चरमोत्कृष्ट रूप मानिएको छ । समाजमा रहेका अनेकौं विकृति विसङ्गति र दुर्गतितिर व्यङ्ग्य गर्दै सुधारको सन्देश दिने काममा व्यङ्ग्यले प्रभावकारी भूमिका खेलेको हुन्छ । वाच्यार्थ लक्ष्यार्थभन्दा भिन्न किसिमको व्यञ्जनावृत्तिद्वारा बोध हुने विशेष चमत्कारपूर्ण अर्थ प्रदान गर्ने व्यङ्ग्यले सामान्य कथन तथा अभिधार्थभन्दा बाहिरी अर्थ बुझाउँछ ।

**ङ) दृष्टिबिन्दु**

स्रष्टाका भाव, विचार, अनुभूति वा अभिव्यक्तिलाई पाठकसमक्ष प्रस्तुत गर्ने माध्यम वा पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । निबन्धमा प्रथम र तृतीय (अन्य) दुई प्रकारका दृष्टिबिन्दु प्रयुक्त हुन्छन् । पाठकसामु विचारको सम्बाहककै रूपमा प्रस्तुत हुँदा निबन्धकार सोझै प्रस्तुत भएर वैयक्तिक भाव, मानसिकता वा स्वको अभिव्यक्ति प्रथम पुरुष शैलीमा गरिएमा प्रथम पुरुष दृष्टिविन्दु हुन्छ भने निबन्धकार आफू प्रस्तुत नभई घटनाको वर्णनका माध्यमबाट भावाभिव्यक्त गर्दा कुनै विषयवस्तु, घटनासन्दर्भ आदिको उपस्थापन गरी तृतीय पुरुष शैलीमा भावाभिव्यक्त गरिएमा तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ । एउटै निबन्धमा दुबै दृष्टिबिन्दुको प्रयोग गरेर पनि निबन्ध सिर्जना गर्न सकिन्छ ।

**३.२.३.२ वाह्य प्रस्तुति**

**क. काव्यात्मकता**

निबन्धकार र कवि दुवैका सिर्जनामा अनुभूतिको प्रधानता हुन्छ । निबन्धमा विषयको वस्तुपक्ष भन्दा हार्दिकता पक्षको प्रधानता रहन्छ । वैज्ञानिक विश्लेषण गर्ने काम निबन्ध र कविता दुवैले नगर्ने हुनाले सहज, सरल, हृदयस्पर्शी भाव र भाषाको प्रयोग यिनमा पाइन्छ । निबन्धमा उन्मुक्त तवरले रमाइलो हँस्यौली-ठट्यौली पाराले एवं सहृदयी मित्रले बोलेसरह

निबन्धकारले पाठकसँग कुराकानी गरेको हुन्छ । विषयको चयन गर्दा पनि प्रकृति अथवा जीवनको अत्यन्त कोमल श्रृङ्गारिक विषयको चयन गरिएको हुन्छ । पाण्डित्यपूर्ण बोझले वितृष्णा बढ्ने हुनाले साँझ, प्रभात, आकाश अदि विषयको बारेमा वर्णन गरेर पाठकलाई मोहित तुल्याउँदै आफ्नो उद्देश्य पूरा हुने तवरले विचारको प्रस्तुति निबन्धकारले गरिसकेका हुन्छ । यसरी असल मित्रले कुराकानी गरेझैं पाइने रागात्मकता नै निबन्धमा पाइने काव्यात्मकता हो ।

## ख. रीति, गुण र अलङ्कार

रीति, गुण, अलङ्कारादिले निबन्ध विभूषित भएको हुन्छ । यिनीहरू सचेत आयोजना भन्दा पनि सहज र स्वतस्फूर्त रूपमा सन्तुलित भएर सामान्यतः सबै निबन्धमा आएका हुन्छन् । रीतिका तीन भेदमध्ये वैदर्भी, गौडी र पाञ्चाली हुन् । गुणहरूमा ओज, प्रसाद र माधुर्य पर्दछन् । वैदर्भी रीतिमा कोमल वर्ण हुन्छन् । यो माधुर्य गुणको सन्निकट हुन्छ । गौडी रीतिमा विकट वर्णयुक्त अनि ओज र कान्तिले भरिएको हुन्छ । गौडी रीति र ओज गुणमा सामीप्य पाइन्छ । वैदर्भी र गाौडीका गुण मिलेर पाञ्चाली रीति बन्दछ । यो प्रसाद गुणसँग मेल खाने खालको हुन्छ । अलङ्कारका पनि शब्दालङ्कार र अर्थालङ्कार दुवैको उपस्थितिले निबन्धलाई उत्कृष्टता प्रदान गर्दछ । यी सबैको उपस्थिति नै सफल निबन्धको विशेषता बन्न पुग्दछ ।

## ग. वर्ण, पद र वाक्य

निबन्ध वर्ण, शब्द र वाक्यकै संयोजनबाट बन्ने हुनाले निबन्ध कलामा उचित प्रयोगले निबन्धको वाह्य स्वरूपमा कलात्मकता र आन्तरिक स्वरूपमा सौन्दर्यता प्रदान गर्दछ । व्यञ्जन र स्वर वर्णको आवृत्तिको आकर्षित कलात्मक प्रयोगले निबन्धमा मधुरता, साङ्गीतिक, काव्यात्मकता र आलङ्कारिता पाइन्छ भने संरचनागत सुन्दरता समेत थप्दछ ।

शब्दको उचित प्रयोगले सरलता, सहजता र श्रुतिमधुरता प्रदान गर्दछ । यसबाट निबन्धकारको शब्दज्ञानको भण्डार थाहा हुन्छ । शब्दालङ्कारको प्रयोग गर्दा निबन्धको संरचना सुदृढ बन्न पुग्दछ ।

वर्ण, शब्द र वाक्यको सन्तुलित प्रयोग हुनुपर्दछ । वाक्यहरू जटिल भएमा भाव खज्मजिन सक्दछ भने सरलतामा हृदयग्राह्यता पाइने बढी सम्भावना हुन्छ ।

**घ. बाह्याभिमुखी र केन्द्राभिमुखी प्रतिपादन**

भाव र भाषालाई एकै ठाउँमा समन्वित गर्ने ढङ्ग शैली हो ।[३८] शैली निबन्धको आन्तरिक उपकरण हो । निबन्धमा मुख्यतः दुईवटा शैली हुन्छन् – वाह्याभिमुखी र केन्द्राभिमुखी । निबन्धको उद्देश्यलाई शीर्षकमै उल्लेखित गरेर सो उद्देश्य परिपूर्तिका लागि विभिन्न प्रसङ्ग, विचार, तर्क र विद्वता प्रदर्शन गर्ने काम हुन्छ । मूल उद्देश्यमै केन्द्रीकृत हुने गरी विचार विस्तार र फैलावट हुँदै जाने यो शैली उत्तम प्रकारको मानिन्छ । यस्तै गरी बाह्याभिमुखी शैलीको विपरीत विभिन्न विचार, तर्क, तथ्य र कल्पनालाई प्रस्तुत गर्दै अन्त्यमा गएर उद्देश्यलाई स्पष्ट्याउने काम केन्द्राभिमुखी शैलीमा गरिन्छ ।

शैलीका अन्य भेदहरू – वर्णनात्मक, आलङ्कारिक, तार्किक, व्याख्यात्मक, विवेचनात्मक, चित्रात्मक, हास्यव्यङ्ग्यात्मक, चेतनप्रवाहमूलक, समालोचनात्मक, व्यञ्जनात्मक प्रतीकात्मक पनि पाइन्छन् । निबन्धमा यीमध्ये जुनसुकै शैलीको प्रयोग भए तापनि त्यसलाई सरल, स्प्ष्ट, प्रभावकारी, हृदयस्पर्शी, पाठ्यसुगम, रोचक र मनोरञ्जक ढङ्गले प्रयोग गरिनुपर्दछ । सङ्क्षिप्तता बाह्य पक्षसँग सम्बन्धित भए पनि शैली निबन्धको अनिवार्य तत्त्व हो ।

**ङ. भाषा, शैली**

निबन्ध गद्य विधा भएकोले यसमा गद्यात्मक भाषिक स्वरूपको प्रयोग गरिन्छ । निबन्धको भाषा सरल हुनुपर्दछ । जुन भाषामा निबन्ध लेखिन्छ त्यो भाषाको पूर्ण ज्ञान हुनुपर्दछ । जानीबुझी भाषा अलङ्कारयुक्त र क्लिष्ट बनाउनुहुँदैन । कतैकतै उखान-टुक्का, कहीँ कहीँ गहन तथ्य र कमै ठाउँमा भावप्रधान अलङ्कृत भाषा निबन्धको लागि उपयुक्त हुन सक्छ । अलङ्कारको प्रयोग केवल प्रदर्शनका लागि नभइकन भाषामा प्राण दिनका लागि हुनुपर्दछ । क्लिष्ट एवम् पारिभाषिक शब्दावलीसँग बच्नुपर्छ ।[३९]

निबन्धमा प्रयुक्त शब्द विषयअनुकूल, रोचक र अर्थबोधक हुनुपर्छ । वाक्यसंगठन विषयानुकूल भई श्रृङ्खलाबद्ध एवम् क्रमबद्ध हुनुपर्दछ । वाक्यरचनामा लिङ्ग, वचन, क्रिया आदि व्याकरणिक शुद्धताको साथै चिह्नहरूको उचित प्रयोग हुनुपर्दछ । यिनै कुराहरूलाई विभिन्न शीर्षक बनाएर यहाँ व्यक्त गर्ने प्रयास गरिएको छ ।

---

[३८] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २० ।

[३९] खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, पूर्ववत्, पृ. ८ ।

## ३.३ नेपाली निबन्धको विकासक्रम

ईशाको एघारौं शताब्दीदेखि आरम्भ भएको मानिएको नेपाली भाषाको सर्वप्राचीन नमूनाको रूपमा १०३८ को 'राजा गगनिराजको यात्रा' नामक पुस्तकमा दामुपालको अभिलेख पाइएको छ । वि.सं.१३१२ को 'अशोक चल्लको प्रशासनिक ताम्रपत्र' र वि.सं. १३७८ को आदित्य मल्लको 'गोर्खा अभिलेख' मा नेपाली गद्य लेखनको प्रारम्भिक स्वरूप फेला पार्न सकिन्छ । यसपछिका उल्लेख्य कृतिहरूमा भास्वती (१४५७ पूर्व), खण्डखाद्य (१६४८), जातककर्म पद्धति, वाजपरीक्षा (१७०० तिर), ज्वरोत्पत्ति चिकित्सा (१७७३), प्रायश्चित्तप्रदीप (१७८०), औषधरसायन (१८००) आदि कृति छन् । यस चरणमा अभिलेख, ताम्रपत्र, शिलापत्र, औषधीमूलो, यात्रा, राजकाज, प्रकाशन, लेनदेन, व्यवहार, नीति, ज्योतिषशास्त्र, जीवनीसाहित्य आदि विषयमा लेखिएका पाइन्छन् । यी कृतिहरूमा आख्यानात्मक र प्रबन्धात्मक विशेषता पाइन्छ ।[४०] आधुनिक नेपालको जन्म हुनुभन्दा अघिका ग्रन्थादिलाई निबन्ध मान्न सकिँदैन । यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन् ।[४१]

### ३.३.१ प्राथमिक काल

नेपालको एकीकरणसँगै नेपाली भाषाले स्थिर रूप प्राप्त गऱ्यो र क्रमश: विकसित र विस्तारित हुन थाल्यो । यसै समयलाई नेपाली साहित्यको प्राथमिक काल मानिएको छ । वैयक्तिक अनुभूति, स्वतन्त्र अभिव्यक्ति, स्फूट विचार र वर्णनात्मका जस्ताप्रवृत्ति लिएर देखापरेको पृथ्वीनारायण शाहको 'दिव्योपदेश' लाई नेपाली निबन्ध–साहित्यको प्रथम चरणको निबन्धात्मक अभिलक्षण भएको प्रमुख कृति मानिएको छ ।[४२] यसपछि भानुदत्तको 'हितोपदेश मित्रलाभ' (१८३३), शक्तिवल्लभ अर्यालको 'हास्यकदम्ब' (१८५५), सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्य गाथा' (१८९०), भवानीदत्त पाँडेको 'मुद्राराक्षस' (१८९२) आदि गद्यात्मक लेखनमा उल्लेख्य योगदान पुऱ्याउने कृतिहरू प्राप्त भए । यसबीचमा 'लक्ष्मीधर्म सम्बाद' (१८५१), सुन्दरानन्द बाँडाको 'अध्यात्म रामायण' (१८९०), भवानीदत्त पाण्डेको 'आत्मबोध' (१८९३ पूर्व) जस्ता कृति निस्किए पनि जङ्गबहादुरको बेलायत यात्रा' (१९०९) निस्कनु अघिसम्म निबन्धमा उल्लेख्य कृति प्राप्त हुन भने सकेन । दिव्योपदेशपछिको

---

[४०] खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, पूर्ववत्, पृ. १४ ।

[४१] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास नेपाली निबन्ध, काठ.: साझा प्रकाशन, चतुर्थ संस्करण, २०४९, पृ. १२८ ।

[४२] ऐजन ।

महत्त्वपूर्ण कृतिहरूमा 'जङ्गबहादुरको बेलायत यात्रा' र मोतीराम भट्टको 'भानुभक्तको जीवनचरित्र' नै उल्लेख्य देखा पर्दछन् । उपदेश, यात्रा र जीवनी साहित्यले गद्यलेखनलाई उकास्न बल पुऱ्याएको देखिन्छ । यस समयमा नै निबन्धका प्रारम्भिक लक्षणहरू पाइन्छन् तर विधागत विभाजन गर्न भने कठिनाई नै देखापर्दछ । यो समयमा नेपाली गद्यसाहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको शिथिलता र आख्यानतत्त्वको असंतय अनियन्त्रित प्रयोगले दुर्वल सावित हुन पुगेकाले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ ।[४३]

## ३.३.२ माध्यमिक काल

वि.सं. १९५८ मा 'गोरखापत्र' प्रकाशन भएपछि नेपाली निबन्धको माध्यमिक काल आरम्भ भएको मानिन्छ । यस समयका 'अघि मूर्ख पछि बुद्धिमान' (१९५९), 'निद्रा' (१९६६), 'श्री वसन्त पञ्चमी' (१९६६), 'दूधको गुण अवगुण' (१९६७), सुखदुःख (१९६७), शिशु र शिक्षा (१९७०) जस्ता लेखहरूले नेपाली निबन्धको प्रारम्भिक रूपरेखा कोर्न पुगेका थिए भन्न सकिन्छ ।[४४] यसबाहेक वनारसबाट प्रकाशित हुने 'सुन्दरी' (१९६३), 'माधवी' (१९६५), 'चन्द्र' (१९७१), 'गोर्खाली' (१९७२) आदिले पनि निबन्धको विकास थालेको पाइन्छ । 'सुन्दरी' मा 'बेसरी' शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको 'उचित चर्चा'(१९६५) प्रकाशित छ । 'माधवी' मा गद्यलाई विशेष स्थान दिएर राममणि आ.दी. को 'कवितारीति', 'मातृभाषाको आवश्यकता' र 'काश्मिर यात्राको वर्णन' निबन्ध पुस्तक देखापरेका छन् । वि.सं. १९७१ मा वनारसबाट प्रकाशित मासिक पत्रिका 'चन्द्र' मा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका निबन्ध प्रकाशित भएका छन् भने 'गोर्खाली' मा सूर्यविक्रम ज्ञवालीको 'सोक्रेटसको बहस' छापिएको पाइन्छ ।

१९७४ मा खर्साङ्गबाट प्रकाशित 'चन्द्रिका' पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्रमल्ली' 'कविताको फल', 'प्रेम', 'समयको मूल्य' जस्ता निजात्मक निबन्धहरू प्रकाशित भएका छन् । यसै समयमा पारसमणि प्रधानको 'अध्यावशाय' निबन्धहरू र बङ्किमचन्द्रको 'खद्योत मानव' शीर्षकका निबन्धलाई 'जुनकीरि' शीर्षकमा अनुवाद गरी प्रकाशित गरेका छन् । यस्तै चन्दनसिंह, नन्दराम र मानसिंहको सम्पादकत्वमा देहरादुनबाट प्रकाशित 'गोर्खा

---

[४३] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ.३१ ।

[४४] रामप्रसाद दाहाल, सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय, विद्यार्थी पुस्तक भण्डार, (प्रकाशक), २०५४, पृ. ११६ ।

संसार' पत्रिकामा वेदनिधि शर्माको 'जातीय रोगको अचुक औषधी' (१९८३) र विद्यावतीको 'तरुणतरुणी कुन्न छन् ?' (१९९४) निबन्धहरूले नेपाली जातीय निष्कृयता अनि सामाजिक विसङ्गतिलाई व्यङग्यात्मक रूपमा उद्घाटन गर्ने काम गरेका छन् ।[४५]

दार्जीलिङबाट प्रकाशित 'नेपाली साहित्य सम्मेलन' १९८९ पत्रिकामा सूर्यविक्रम, पारसमणि, रूपनारायण आदिका क्रमशः 'साहित्य सेवा', 'चरित्र सुधार' र 'नैतिकता' जस्ता बौद्धिकता तथा निजात्मकताले ओतप्रोत निबन्ध प्रकाशित भएका छन् ।

यसरी स्वदेशी र प्रवासीहरूले पत्रिकाका माध्यमबाट निबन्धलेखनमा गति प्रदान गरेर भाषासाहित्यको उत्थान गरेका छन् । वैचारिक, वर्णनात्मक र विचारात्मक निबन्धको अधिकता पाइए पनि मौलिक र आत्मकपरक निबन्धलेखनको थालनी यसै कालदेखि भएको हो । यस कालका निबन्धहरू व्याकरणसम्मत गद्यात्मक भाषा र आयामको निश्चितता जस्ता सकारात्मक पक्ष देखिए पनि परिष्कृत शैली र अनुभूतिको अभाव, चिन्तनको गहिराई नपाइनु, शिथिल संरचना र भाषिक स्थिरताको अभाव हुनु यस कालका नकारात्मक पक्षहरू हुन् ।

### ३.३.३ आधुनिक काल

#### ३.३.३.१ प्रथम चरण (वि.सं. १९९१–२०१६)

१९९१ शालमा 'शारदा' पत्रिकाको  प्रकाशनले नेपाली साहित्यको क्षेत्रमा नयाँ मोड ल्याउन सफल भयो । नेपाली निबन्ध साहित्यको आधुनिक साहित्यको आधुनिक युगको शुत्रपात्र गर्ने श्रेय 'शारदा' पत्रिकाले प्राप्त गरेको छ । वालकृष्ण समको 'बर्दाहामा शिकार' लाई निबन्ध भनिए पनि त्यो पूर्णतः निबन्ध होइन, बरु 'त्यो', 'पानी', 'आत्मविश्वास' आदि निबन्धहरू प्रकाशित भएपछि समको उच्चता कायम भयो । 'वर्दाहामा शिकार' कथात्मक गुण बोकेको र अन्य निबन्धहरू वस्तुपरकता, बौद्धिकता र विचारले थिचिएका भएकाले आजको निबन्धले प्रतिस्थापन गरेको मूल्यलाई नेतृत्व दिन नसकेकाले नै १९९३ आषाढमा 'शारदा' मा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धले आधुनिक नेपाली निबन्धको प्रथम पाइलोको रूपमा स्थापित हुने मौका पायो । यस बीचमा नरेन्द्रमणि आ.दी. बोधविक्रम अधिकारी, प्रेमराज शर्मा,सिलवाल पण्डित आदि निबन्ध प्रकाशित भएका थिए ।

[४५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ६८ ।

नेपाली निबनधमा सौन्दर्यमूलक एवम् भावात्मक चेतको प्रविष्टि गराएर लेख्ने देवकोटाले २००२ सम्ममा ३७ वटा विचारभन्दा बढ्ता भाव र अन्तर्मुखी चिन्तन अभिव्यक्ति भएका निबन्धहरूको सङ्ग्रह प्रकाशित गरे । यसै समयमा 'निद्रा' (१९९५), 'बेलामा' ( २०००), 'फर्सीको झोल' (२००१), 'नरनारी' लेखिसकेका र 'नरनारी' बाहेक अरु तीनवटै 'शारदा' मा प्रकाशित भइसकेका थिए । 'लक्ष्मी निबन्ध सङ्ग्रह' निबन्ध साहित्यको क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ ।

यसै समयमा स्वदेशी र विदेशी दुवै क्षेत्रबाट निबन्ध लेखन र प्रकाशन जारी रहेको पाइन्छ । जसमध्ये बाबुराम आचार्य, बदरीनाथ भट्टराई, भेषराज शर्मा, भीमनिधि तिवारी, यदुनाथ खनाल, खड्गमान मल्ल, रुद्रराज पाण्डे, अच्घा राई 'रसिक', सूर्यविक्रम ज्ञवाली, धरणिधर कोइराला, पारसमणि प्रधान, रूपनारायण सिंह रहेका छन् ।

यस चरणमा मूलतः तीनवटा प्रवृत्ति प्रमुख रूपमा देखापरेका छन् । तिनमा पहिलो प्रवृत्ति हो – देवकोटाबाट प्रवृत्त भएको स्वच्छन्दतावादी प्रवृत्ति । दोस्रो प्रवृत्ति हो – समबाट प्रवृत्त भएको शास्त्रीयतावादी प्रवृत्ति[४६] र तेस्रो प्रवृत्ति हो – क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्ति । यस अन्तर्गत कलमचलाउनेहरूको नेतृत्व हृदयचन्द्रसिंह प्रधानले गरे ।

यसै चरणमा देवकोटाले प्रसिद्ध आधुनिक पश्चिमी निबन्धकारहरूका निबन्धहरूको अनुवाद गरी प्रकाशित गरेर निबन्ध अनुवादको परम्परा बसाले ।

यस चरणका निबन्धहरूमा संरचना र स्वरूपमा विविधता पाइन्छ । शैलीशिल्पगत नवीनता र काव्यात्मकता पाइने यी निबन्धहरूले अन्तर्राष्ट्रिय स्तर समेत प्राप्त गरेकोले यस समयलाई नेपाली निबन्धको स्वर्णयुग मानिन्छ ।

**३.३.३.२ दोस्रो चरण (२००४–२०१६)**

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको प्रारम्भ देवकोटाको सम्पादकत्वमा वनारसबाट प्रकाशित 'युगवाणी' (२००४) साहित्यिक पत्रिकासँगै भएको मानिन्छ । देवकोटाको 'समाजवादको धुनमा', नारायणप्रसाद भट्टराईको 'हावाबाजी', अच्छा राई 'रसिक' को 'नारी समस्याको हाल' र रुद्रराज पाण्डेको 'गुन्द्रुकको पुकार' जस्ता निबन्ध यस पत्रिकामा प्रकाशित भएका छन् । यस बेलामा निबन्धहरूमा तत्कालीन राजनैतिक अवस्थाले

[४६] ऐजन, पृ. ७० ।

जन्माएका विकृतिहरूको अन्त्य गरी स्वस्थ र सुन्दर समाजको स्थापना गर्ने चाहना अभिव्यक्ति भएको पाइन्छ ।

यस समयमा निबन्धकार देवकोटाले विशुद्ध प्रकृतिवादी सौन्दर्यचेतलाई परित्याग गरी क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिको लेखनतर्फ उन्मुख भए ।

वि.सं. २००४ मा हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा 'साहित्यस्रोत' पत्रिका प्रकाशित हुन्छ । यिनमा हृदयचन्द्रसिंह प्रधानका नौला बान्की भएका निजात्मक निबन्धहरू प्रकाशित गरेर नेपाली निबन्धको दोस्रो चरणको थालनी गर्दछन् । यस अवधिमा 'आँखा' (२००५), 'भारती' (२००६), 'पुरुषार्थ' (२००६), 'प्रभात' (२००७), 'प्रगति' (२०१०), 'गोर्खा' (२०११), 'नौला पाइलो' (२०१३), 'इन्द्रेणी' (२०१३), 'प्रहरी' (२०१६), 'नेपाली' (२०१६), जस्ता साहित्यिक पत्रिकाहरूमा थुप्रै निबन्धहरू पकाशित भएका छन् । यस समयका निबन्धकारहरूमा हृदयचन्द्रसिंह प्रधान, रामकृष्ण शर्मा, रूपनारायण सिंह, लक्ष्मीप्रसाद देवकोटा, कमलमणि दीक्षित, भीमनिधि तिवारी, तारानाथ शर्मा, ईश्वर बल्लभ, बदरीनाथ भट्टराई, श्यामप्रसाद शर्मा, वासुदेव शर्मा लुइँटेल, चूडानाथ भट्टराई, केशवराज पिंडाली, अच्छा राई 'रसिक' आदि देखिन्छन् ।

यस चरणमा प्रकाशित पुस्तकहरूमा बदरीनाथ भट्टराईको 'पच्चीस प्रबन्ध' (२००८), भेषराज शर्माको 'के कस्तो?' (२००३), भीमनिधि तिवारीको 'पन्ध्र प्रबन्ध' (२००४), हृदयचन्द्रसिंह प्रधानका 'भूस्वर्ग' (२००३), 'तीस रूपैयाँ नोट' आदि पर्दछन् ।

चूडानाथ भट्टराईको 'निबन्ध चूडामणि' (२०१६), अच्छा राई 'रसिक' को 'सप्तकोशी' (२०११), श्यामप्रसाद शर्माको 'तँ तिमी तपाईं हजुर' (२०१४), कमल दीक्षितको 'यस्तो पनि' (२०१३) आदि देखा पर्दछन् ।

बदरीनाथ भट्टराईका र भीमनिधि तिवारीका निबन्धहरू परात्मक तथा वस्तुपरक देखिन्छन् । प्रेमराज शर्माले सुरु गरेको हास्यव्यङ्ग्य निबन्धलाई केशवराज पिंडाली, वासुदेव शर्मा लुइँटेल आदिले अगाडि बढाए । खोज-अनुसन्धानमा कमल दीक्षितको नाम आउँछ । श्यामप्रसाद शर्मा र हृदयचन्द्रसिंह प्रधानले निजात्मक निबन्धको आलोचनात्मक यथार्थवादी प्रवृत्ति अँगाले । यसै समयका देवकोटाको क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिले पनि चरमोत्कर्ष प्राप्त गरेको छ । यिनका क्रान्तिकारी-स्वच्छन्दतावादी प्रवृत्ति, चरमोत्कर्ष रूप पाएका निबन्धहरू 'साँढे' शिशुभक्षकका लागि क्षमा प्रार्थना !', 'म सुवासिनी मान्छे भए के

गर्ने थिएँ' आदि हुन, जुन त्यतिबेला प्रकाशित हुन सकेनन् । पछि २०३९ सालमा 'दाडिमको रुखनेर' निबन्ध सङ्ग्रहमा सङ्कलित हुन पुगेका छन् । तैपनि हृदयचन्द्रसिंह प्रधानको आलोचनात्मक यथार्थवादी धाराको तुलनामा देवकोटा पछि परेका देखिन्छन् ।

**३.३.३.३ तेस्रो चरण (२०१७ देखि हालसम्म)**

आधुनिक नेपाली निबन्धको तृतीय चरण 'रूपरेखा' प्रकाशनको समय २०१७ सालदेखि शुरु हुन्छ र यस चरणले वर्तमान समयलाई समेत छुन पुगेको छ । यस चरणमा देशभित्र र देशबाहिरका अनेकौं समाचारमूलक र साहित्यमूलक पत्रपत्रिकाको बाढी नै आयो । यसका साथै विभिन्न संघसंस्थाका मुखपत्रहरूबाट निबन्ध प्रकाशनको तीव्रता आएको देखिन्छ । तृतीय चरण निबन्ध विकासमा अनेक प्रकारका प्रवृत्ति लिएर देखिएको छ । यस चरणमा पाइने अनगिन्ती प्रवृत्तिलाई तीन मूल प्रवृत्तिमा समेटेर प्रस्तुत गर्ने प्रयास गरिएको छ । ती मध्ये (१) बौद्धिक चिन्तन धारा, (२) आलोचनात्मक यथाथवादी धारा र (३) समसामयिक विसङ्गतिप्रतिको टिप्पणीमूलक धारा ।

तृतीय चरणले जन्माएका निबन्धकारमध्ये उल्लेखनीय प्रतिभाका रूपमा प्रयोगशील निबन्ध लेखनको थालनी र विकासमा नयाँ मोड ल्याउने शङ्कर लामिछानेलाई लिन सकिन्छ । उनले 'एब्स्ट्रयाक चिन्तन प्याज' (२०२४), 'गोधुली संसार' (२०२७), 'बिम्ब प्रतिबिम्ब' (२०२८), 'शङ्कर लामिछाने' (२०३२) जस्ता लयात्मक, चित्रात्मक र काव्यात्मक भाषामा बौद्धिकता, चिन्तनशीलता र प्रयोगधार्मिता आदिको प्रयोग भएका निबन्ध लेखेका छन् । शिल्पमा अमूर्तता एवम् चेतनप्रवाहका दृष्टिले बौद्धिक गहनताले भरिएका यिनका निबन्धहरूले आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रतिनिधित्व गर्दछन् । तेस्रो चरणको प्रथम प्रवृत्तिअन्तर्गत कलम चलाउनेहरूमा रामकृष्ण शर्मा, म.वि.वि. शाह, भाइचन्द्र प्रधान, कमल दीक्षित, इन्द्रबहादुर राई, बालकृष्ण पोखरेल, श्रीधर खनाल, रामकुमार पाँडे, वासुदेव त्रिपाठी, कृष्णप्रसाद पराजुली आदि पर्दछन् ।

तेस्रो चरणको दोस्रो चरणअन्तर्गत समाजमा धार्मिक, प्रशासनिक एवम् सांस्कृतिक विसङ्गतिका पक्षहरू र राजनैतिक एवम् आर्थिक विसङ्गतिहरूप्रति व्यङ्ग्य प्रहार गर्ने प्रवृत्ति आलोचनात्मक यथार्थवादी निबन्धकारहरूले प्रयोग गरेका छन् । यस फाँटमा पर्ने निबन्धकारहरूमा रमेश विकल, पारिजात, आनन्ददेव भट्ट, लीलाध्वज थापा, गोविन्द भट्ट, चूडामणि रेग्मी, वल्लभमणि दाहाल, वासुदेव शर्मा लुइँटेल देखिन्छन् ।

समसामयिक विसङ्गतिको आलोचना गर्ने तेस्रो प्रवृत्तिअन्तर्गत लेखिएका निबन्धहरूमा स्वच्छन्दतामूलक र अन्तर्मुखीचेतका स्थान नगण्य हुँदै गएको छ भने पछिका वर्षहरूमा अराजकतामूलक स्वतन्दतावादको विकास हुँदै गएको छ । समाजमा देखा परेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यवाण प्रहार गरेर निबन्ध सृजना गर्नेहरूमा गङ्गा उप्रेती, माधवप्रसाद पोखरेल, निर्मोही व्यास, मोहनराज शर्मा, रामलाल अधिकारी, पद्मरत्न तुलाधर, मेघराज गञ्जुल, विमल निभा, राजेन्द्र सुवेदी, घनश्याम कँडेल र विकिरण निर्जीव, सुधा त्रिपाठी, मनु पौडेल, भीष्म उप्रेती, रुद्र खरेल, खगेन्द्र सङ्ग्रौला आदि पर्दछन् । समसामयिक धाराअन्तर्गत निबन्ध सिर्जना गर्ने क्रम, चलिरहेकोले कैयौँ निबन्धकारहरू स्थापित हुँदैछन् ।

# चौथो परिच्छेद

# 'पाइला आगतमा टेकेर निबन्ध सङ्ग्रह'को कृतिपरक विश्लेषण

## ४.१. 'फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरु' निबन्धको विवेचना

### ४.१.१ विषयवस्तुको सारसङ्क्षेप

'फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरू' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको एक उत्कृष्ट निजात्मक निबन्ध हो । यो उनको 'पाइला आगतमा टेकेर' (२०४७) निबन्ध सङ्ग्रहभित्र सङ्कलित पहिलो निबन्ध हो । यसको लेखन वि..सं. २०४४ आश्विन ५ गते र यसको प्रकाशन २०४४ सालमा पहिलोपटक 'मधुपर्क' को पूर्णाङ्क २२३ पुसमा भएको हो ।[४७] प्रस्तुत निबन्ध लेखनको बाह्य प्रेरणास्रोत पोखरामा आयोजित मुक्तक कविता गोष्ठी र पोखराको मनोरम प्राकृतिक वातावरण रहेको छ भने निबन्धकारको निबन्ध सिर्जनातर्फ उत्प्रेरित गर्ने प्रतिभा यसको आन्तरिक प्रेरणास्रोत हो ।

पोखराको प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताभित्र सिर्जनशीलताको चेतना जागृतिको सन्दर्भ नै यस निबन्धको शीर्षक हो । पोखरा भन्नु नै त्यहाँको प्राकृतिक सौन्दर्य हो । माछापुच्छ्रे फेवाताल र फेवाभित्र देखिने छालले पोखराको पहिचान बढाएका छन् गौरवलाई उँचो पारेका छन् । तिनै मनमोहक प्राकृतिक रमणीयता पोखराको साहित्यकलामा प्रतिबिम्बित भएको आभासको अभिव्यक्ति यस निबन्बमा हुन पुगेको छ, त्यसैले यसको शीर्षक अभिधात्मक नभई व्यञ्जनात्मक बन्न पुगेको छ । यस निबन्धको शीर्षक र भाव पक्षमा सङ्गति पाइन्छ ।

नेपालको राजधानी बाहिरको एक प्रसिद्ध सहर पोखरामा बढ्दै गएको साहित्यिक चहलपहल, त्यहाँका सिर्जनाकर्मीहरूमा देखिएको उत्साह, उमङ्ग जोश-जाँगरलाई यस निबन्धको मूल विषयवस्तु बनाइएको छ । यस सन्दर्भमा नेपालको सडक यातायातका क्षेत्रमा देखिएका कमीकमजोरी, पृथ्वीराजमार्गको बिग्रे भत्केको दयनीय अवस्था र मर्स्याङ्दी जलविद्युत आयोजनाले विकास निर्माणका क्षेत्रमा ल्याएका चहलपहल तथा यसले नयाँ जीवनको थालनीका आशाहरू कोर्न थालेको सम्भावनाहरूको प्रस्तुति पनि निबन्धको विषयवस्तुभित्र समेटिएका छन् । निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले यस निबन्धमा विशेष गरी पोखराको प्राकृतिक सौन्दर्यलाई मुख्य विषय बनाएका छन् । फेवातालमा उठेका

---

[४७] कृष्णचन्द्रसिंह प्रधान, पाइला आगतमा टेकेर, दोस्रो संस्करण, काठमाडौँ: साझा प्रकाशन, २०५५, पृ. ६ ।

लहरहरूलाई निबन्धकारले पोखरेलीहरूका आवाजमा उठेका मुक्तक भनेका छन् (पा.आ.टे, पृ. ३) । रूपाताल, पोखराको सेरोफेरोका वनबुट्टयान, माछापुच्छ्रे हिमाल, पोखरा उपत्यकालाई वरिपरिबाट घेरेका पहाड पर्वतमाला पोखराको गर्भभित्र सुसाउँदै बग्ने सेती नदी, वनपाखा, झाडी, जलकुण्ड आदिको चित्रण वर्णन नै यस निबन्धको सेरोफेरोभित्र समेटिएका विषय हुन् । यिनै प्राकृतिक सेरोफेरो, भित्र दिनप्रतिदिन प्रस्फुटित हुँदै गइरहेको पोखरावासीको सिर्जनशील चैतन्यलाई उद्घाटित गर्नु यस निबन्धको अर्को महत्त्वपूर्ण विषयवस्तुगत विशेषता हो । पोखरा केवल प्राकृतिक पोखरामात्र नभएर साहित्य, कला र संस्कृतिमा पनि नयाँ पहिचानका साथ उभिएको, यसका लागि यहाँका पुराना तथा नयाँ पुस्ताका सर्जकहरूको महत्त्वपूर्ण योगदान रहेको यथार्थलाई यस निबन्धको विषयअन्तर्ग समेटिएको छ ।

### ४.१.२ विचार/उद्देश्य

प्रस्तुत निबन्धमा प्रकृतिप्रेम, संस्कृतिप्रेम, भाषाप्रेम, साहित्यप्रेमका माध्यमबाट देशप्रेमको भावनालाई अभिव्यक्ति दिनु मुख्य उद्देश्य रहेको छ । यस सन्दर्भमा निन्धकार कृष्णचन्द्रसिंह प्रधानले आफूलाई प्राकृतिक सौन्दर्यको अनुपम नमुना मानिने नेपालको प्रसिद्ध सहर पोखराको सौन्दर्यको चित्रण वर्णनमा केन्द्रित गरेका छन् ।

पोखरा प्राकृत र सहजतामा सजिएको छ । यही प्राकृतिक वातावरणलाई प्राकृत रूपमा साहित्यमा अभिव्यक्त गर्न सके मात्र धेरै उपलब्धी हासिल गर्न सकिने धारणा निबन्धकारको छ । प्राकृतिक पोखरा आफैमा अनुपम सौन्दर्यले भरिभराउ छ । यसलाई कलाकर्मीका सिपले छुन र यसको स्वरूपलाई उतार्न सकेमा सिर्जनाको क्षेत्रमा महत्त्वपूर्ण कामहरू हुन सक्छन् भन्ने निबन्धकारको दृष्टिकोण यस निबन्धमा अभिव्यक्त भएको छ । “पाश्चात्य दार्शनिक तथा काव्यसमीक्षक अरिस्टोटलले सम्पूर्ण कला अनुकरण हो र साहित्य पनि अन्य कलाझैँ अनुकरणात्मक नै हुन्छ”[४८] भनेझैँ कृष्णचन्द्रसिंह प्रधान पनि पोखराको प्राकृतिक सौन्दर्यलाई अनुकरण गर्न सके मात्र पनि उत्कृष्ट साहित्यको सिर्जना हुन सक्ने धारणा राख्दछन् । “प्रत्येक कला र शैक्षिक अनुशासनले प्रकृतिद्वारा त्यसै छाडिएका अंशको परिपूर्तिको उद्देश्य राखेको हुन्छ । जब प्रकृति असमर्थ हुन्छ कलालले त्यो कार्य पूरा गर्छ

[४८] वासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १, तेस्रो संस्करण, काठमाडौँ: साझा प्रकाशन, २०४८, पृ. ३६ ।

अथवा परित्यक्त अंश पूरा गर्दछ"[४९] भन्ने अरिस्टोटलको कला प्रकृतिको अनकरण मात्र होइन प्रकृतिको पुनर्सिजन पनि हो भन्ने मान्यतासँग निबन्धकार प्रधानले पनि आफ्नो सहमति जनाउँदै पोखराको प्राकृतिक सौन्दर्यलाई अलिकति सर्जकहरूका सीपले छुनुपर्ने, उठाइदिनुपर्ने, कतै अल्लि ताछतुछ, कतै अल्लि पुछपाछ, कतै अल्लि थपथाप, कतै अल्लि सजसाज गर्नुपर्ने (पा.आ.टे, पृ. ४) धारणा व्यक्त गरेका छन् ।

पोखराको सांस्कृतिक विविधता त्यहाँका नेपाली र त्यहाँ घुम्न आउने विदेशी पर्यटकहरूका बीचको सांस्कृतिक आदानप्रदान, नेपाली संस्कृति र विदेशी संस्कृतिले एक अर्कामा पारेको प्रभावको चित्रण गर्दै पोखरेली लोकजीवनमा नेपाली लोकसंस्कृति र विदेशी संस्कृतिको समन्वयात्मक रूप खोज्नु निबन्धकारको उद्देश्य रहेको छ । पोखराका पहिचानका प्रमुख आधार तथा गौरव मानिने अन्नपूर्ण, फेवाताल, माछापुच्छ्रे, सेती जस्ता रमणीय प्राकृतिक वस्तु त्यहाँको लोकजीवनमा प्रसिद्ध घाटुनृत्य, बालुन, रोइला तथा मारुनी नाच जस्ता सांस्कृतिक पहिचानभित्र विकसित र विस्तारित बन्दै गइरहेको सिर्जनशीलताले आफूलाई पूर्ण सन्तुष्टि प्रदान गरेको आत्माभिव्यञ्जनाको अभिव्यक्ति नै प्रस्तुत निबन्धको वैचारिक विशेषता बनेको छ ।

### ४.१.३ प्रस्तुति/शैली

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले यस निबन्धमा पोखराको प्राकृतिक सौन्दर्य र त्यहाँको सांस्कृतिक विविधता तथा साहित्यसिर्जनाको क्षेत्रमा पोखरेली सर्जकहरूले देखाएको सक्रियता र त्यसले निबन्धकारको मनमा जागेको हौसला जस्ता कुराहरूलाई निजात्मक रूपमा व्यक्त गरेका छन् । पोखराको मनमोहक प्राकृतिक सौन्दर्यले काव्यात्मक स्वरूप पाउन थालेकोमा निबन्धकारलाई आत्मिक पुष्टि प्रदान गरेको आत्मानुभूतिलाई निकै आकर्षक शैलीमा प्रस्तुत गर्नु यसको प्रस्तुतिगत विशेषता हो । पोखरा आफैमा एक पूर्ण प्राकृतिक स्थल हो । यसलाई साहित्यमा जस्ताको त्यस्तै वा उही रूपमा त्यसमा अझ परिष्कार परिमार्जन गरेर प्रस्तुत गर्न सकेमा पोखराको गरिमा अझ उच्च बन्न सक्छ । पोखराको आफ्ना निजी पहिचान छन् । त्यसैलाई उन्मुक्त र स्वतन्त्ररूपमा कला साहित्यमा अभिव्यक्ति दिन सके पोखराको स्वाभिमान अझ उच्च हुँदै जान्छ र यो स्वाभिमान केवल पोखरा र पोखरा बासीको मात्र नभई देशलाई चिनाउने एक बलियो आधार हुन सक्ने निबन्धकार प्रधानका आत्मानुभूति यस निबन्धमा अभिव्यक्त भएको हुनाले यस निबन्धले

[४९] वासुदेव त्रिपाठी, ऐ.ऐ, पृ. ३७ ।

निजात्मक स्वरूप प्राप्त गरेको छ । पोखरालाई आफ्नो कमनीय सौन्दर्यले विदेशी पर्यटकहरूलाई लठ्याउने अप्सरा, नशा दिने छ्याङसँग तुलना गर्नु, पोखरालाई प्रकृतिको मुक्तकका रूपमा आरोपित गर्नु र पोखराको सम्पूर्णतामा साहित्य सिर्जनाको प्रेरणास्रोत देख्नु निबन्धकारका निजात्मक अनुभूतिहरू हुन । यिनै आत्मानुभूतिको निजात्मक अभिव्यक्ति दिइनुले यो निबन्धको रचना शैली नितान्त आत्मपरक हुन पुगेको छ र यसको कथन ढाँचा प्रथम पुरुष प्रधान कथन ढाँचामा आधारित छ ।

भाषिक दृष्टिले यो निबन्ध निकै उत्कृष्ठ खालको छ । यसमा निकै परिष्कृत परिमार्जित र काव्यात्मक भाषाको प्रयोग पाइन्छ । पोखरेली सर्जक धर्मराज थापा, अलिमियाँ, सरुभक्त आदिको साहित्यिक  योयादानको चर्चा गर्ने सन्दर्भमा स्थानीय सर्जकका सिर्जना अंश (कविता टुक्रा) लाई समेत समाजवेश गरेर यसको भाषा शैलीलाई सङ्गीतात्मक स्वरूप प्रदान गर्नु यसको भाषा शैलीगत विशेषता हो । यो साना ठूला गरी जम्मा २७ अनुच्छेद र ६ पृष्ठको आयाममा विस्तारित भएको छ । यस निबन्धको थालनीसँग चित्रात्मक रूपमा विषयवस्तुको सङ्केत गरिएको छ, जुन निबन्धकार प्रधानको निबन्धसिर्जनाको निजी विशेषता हो ।

## ४.२ 'मेरो यात्राः टुकुचादेखि विष्णुमतिसम्म' निबन्धको विश्लेषण

### ४.२.१ विषयवस्तुको सारसङ्क्षेप

मेरो यात्राः टुकुचादेखि विष्णुमतिसम्म निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको वैचारिक निबन्ध हो । प्रस्तुत निबन्धमा निबन्धकार प्रधानले प्रतीकात्मक रूपमा मानवसभ्यताको विकासयात्रालाई वैचारिक धरातलमा प्रस्तुत गरेका छन् । पञ्चायतकालमा रचिएको यस निबन्धले काठमाडौं उपत्यकाको सामाजिक र सांस्कृतिक क्षेत्रमा देखापरेका विकृति, विसङ्गतिको चित्रणवर्णनलाई आफ्नो विषयवस्तुगत सेरोफेरोभित्र समेटेको छ  र त्यस्ता विकृतिविसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेको छ ।

प्रस्तुत निबन्धको प्रारम्भमा निबन्धकारले आफूले जीवनमा इच्छा गरेबमोजिमका अप्राप्तिहरूको स्मरण गर्दै मानसिक र काल्पनिक सुखबाट विमुख नहुने धारणालाई अगाडि सार्दछन् । त्यसपछि उनी मानव सभ्यताप्रति असन्तुष्टि व्यक्त गर्दछन् । मानिस चेतनशील प्राणी हो । तर उसका काम व्यवहार हेर्दा निबन्धकार प्रधान मानिसप्रति सन्तोष गर्ने ठाउँ फेला पार्दैनन् । वर्षौंवर्षसम्म नैतिकता, कर्तव्य, दायित्व, सच्चरित्रताका उपदेश पाएको,

तालिमै तालिममा रत्तिएको मानिस आजसम्म मानिसमा मात्र सीमित नरही देवता भइसक्नु पर्ने हो तर ऊ छोटो समयको तालिम पाएर नाच्न जान्ने बाँदर र जासुसको काम गर्न सक्ने कुकुरजस्ता पशुजातिको पनि हुन नसकेको गुनासो गर्दछन् । जङ्गली यूगबाट अन्तरिक्षसम्म पुगेको मानव जातिको विकास यात्रालाई निबन्धकार कृष्णचन्द्रसिंह प्रधान केवल टुकुचादेखि विष्णुमतीसम्मको यात्रामा सीमित गराउँछन् । यस निबन्धमा आएका टुकुचा, विष्णुमति, बाग्मतीजम्मा काठमाडौँ उपत्यका भित्रका नदीनालाहरू बौद्धिक र प्रतिकात्मक विषय बनेका छन् । यसै प्रसङ्गमा निबन्धकार समाजमा रहेको वर्गीय विभेद, निर्धामाथि बलियाबाङ्गाको रजाइँ जस्ता कुराले गर्दा मानिसमा मानवीय भावनाको विकास हुन नसकेको हो कि भन्ने आशङ्कातर्फ सङ्केत गर्दछन् ।

बर्तमान युगजीवन ज्यादै जटिल र सन्त्रासपूर्ण बन्दै गएको छ । प्राकृतिक प्रकोप र मानव निर्मित प्रकोपका माझमा मानव जीवन निरिह बनेको छ । सहर र सभ्यताको नाममा मानव जीवन जङ्गली बन्दै गएको छ । राक्षसी प्रवित्तिको विकासले सहर हिंस्रक जनावरले भरिएको जङ्गल जस्तै भयभीत सन्त्रस्त बनेको छ । मानिसको भिडमा  मानिस आफूलाई एक्लो भएको महसुस गर्नुपर्ने विकराल अवस्था वर्तमान सहरी सभ्यताका उपज हुन पुगेका छन् । आफूलाई देवता वा इश्वर ठान्ने शासकहरूले जनआवाजलाई बेवास्ता गरेको, जनताका कुरा गर्दा शासकवर्गलाई नपच्ने, उनीहरूले त्यसको उल्टो प्रतिक्रिया देखाउने र बुझ पचाउने स्वार्थी प्रवित्ति बढेको हुँदा शासकप्रति जनताको आशा, विश्वास र आस्था कमजोर बन्न पुगेको वस्तुगत यथार्थ चित्रण यस निबन्धको विषयवस्तुगत विशेषता हो ।

काठमाडौँ सहरवासीमा त्याग, समर्पण, परोपकारी भावना देशप्रेम, मानवीय भावना, विश्ववन्धुत्वको भावना हराउँदै गएको र व्यक्तिवादी र स्वार्थी चिन्तन विकसित बनेको वस्तुगत तथा अनुभूतिगत यथार्थको चित्रण गर्दै यस किसिमका प्रवृत्तिलाई त्यागी नेपाल मात्र नभई सिङ्गो संसारलाई सुवासमय फूलको मालाका रूपमा विकसित गर्नुपर्ने धारणातर्फ निबन्धकार सङ्केत गर्दछन् ।

मानवसभ्यताको विकासका सिलसिलामा वेलावखत रावण, हिटलर, मुसोलिनी, कार्पजे, इवाना, जङ्गबहादुर, ड्रयाकुला, बोकासो, इदि अमिन जस्ता निरङ्कुश क्रुर प्रवृतिका मानिसको जन्म भएका कारण मानव इतिहास कलङ्कित बन्न पुग्यो । मानवसभ्यताको विकासयात्रामा भविष्यमा पनि यस्ता खतराहरू नआउलान् भनेर विश्वस्त हुने कुनै  आधार छैन । आज पनि अणु बम परमाणु बमको निर्माण गरी साम्राज्यवादी सत्तालिप्साको

महत्त्वकांक्षा बोकेर सिकन्दर बन्न चाहनेहरू सल्बलाईरहेका छन् । तिनका अगाडि दुईचार जना शान्तिप्रेमी साधुसन्तका आवाजहरू अर्थहीन बन्न पुगेका छन् । यसरी जङ्गली युगबाट सुरु भएको मानव सभ्यताको चक्र निरन्तर रूपमा घुमिरहेको छ । जङ्गल सहरबन्ने र सहर जङ्गल बन्ने क्रम निरन्तर रूपमा चलिरहेको वस्तुगत विषयवस्तु अनुभव र अनुभूतिगत विषवस्तु यस निबन्धमा प्रस्तुत गरिएको छ ।

**४.२.२ विचार/उद्देश्य**

कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित 'मेरो यात्राः टुकुचादेखि विष्णुमतीसम्म' मानवतावादी भावनाको अभिव्यक्ति भएको व्यङ्ग्यात्मक निबन्ध हो । यस निबन्धमा संसारको सर्वश्रेष्ठ र चेतनशील प्राणी मानिस र सिङ्गो मानव सभ्यताप्रति निबन्धकारले तीक्ष्ण व्यङ्ग्य प्रहार गरेका छन् । मानिसले पाएको ज्ञान र तालिमलाइ हेर्ने हो भने ऊ आजसम्म मानिसमा मात्र सीमित नरही देवता बनिसक्नु पर्ने हो तर ऊ आदिम जङ्गली युगदेखि आधुनिक सुविधासम्पन्न वैज्ञानिक युगसम्म आइपुग्दासम्म पनि उसमा मानवीय भावनाको विकास हुन सकिरहेको छैन भन्ने निबन्धकारको दृष्टिकोण रहेको छ । भौतिक रूपमा सम्पन्न, सभ्य र भव्य देखिने वर्तमान मावनसमाजमा चिल्ला गाडी, चिप्ला सड्क, नरम गरम र शीतल कपडा तथा भव्य महलहरू छन् । तीव्रगामी अन्तरीक्ष यानमा चढेर ऊ व्यापक रूपमा ग्रहउपग्रहहरूको खोजी र ती स्थानमा मानव वस्ती विकासको धुनमा तल्लीन छ । विविध प्रवृधि र प्राप्तिद्वारा आफूलाई सृष्टिकर्ता र देवताका रूपमा परिभाषित गर्न खोज्ने मानिसले थुप्रै भौतिक उन्नति  गरिसकेको छ । यस्तो उन्नतिको उचाइ प्राप्त गर्दै गएको मानवसभ्यताको विकासयात्रालाई निबन्धकबार कृष्णचन्द्रसिंह प्रधान टुकुचाबाट विष्णुमति, विष्णुमतिबाट वाग्मती, वाग्मतीबाट फेरि टुकुचाको यात्राका रूपमा लिन्छन्  र आदिम जङ्गली युगदेखि वर्तमान वैज्ञानिक युगसम्मको मानव सभ्यताको विकास यात्राप्रति व्यङ्ग्य प्रहार गर्दछन् । टुकुचा, विष्णुमती र वाग्मती जस्ता नदीनालालाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै निबन्धकार प्रधानले मानव सभ्यताको विकास चक्रलाई प्रस्तुत निबन्धका माध्यमबाट अभिव्यक्त गर्ने जमर्को गरेका छन् । टुकुचाबाट अर्थात् आदिम जङ्गली असभ्य युगबाट सुरु भएको मानिसको विकासयात्रामा अनेकौ मोडहरू देखिएका छन् र सभ्यतासँग समाजमा अनेकौँ विकृति-विसङ्गतिहरू पनि देखिएका छन् भन्ने निबन्धकारको धारणा रहेको छ । मानिसहरूका भनाइ र गराइका बीचमा तालमेल हुन सकिरहेको छैन । मानिस एउटा कुरा भन्छ तर अर्कै गर्दछ । बलियाले रजाइ गर्ने पुरुषार्थमा बाच्न खोजेकाले मान्छे मान्छे

बन्न नसकेको होकि ? भन्ने आशङ्का प्रकट गर्दै निबन्धकारले वर्तमान युगजीवन भयावह र सङ्कटग्रस्त बन्दै गएको भावभिव्यक्ति प्रकट गरेका छन् । वर्तमान सहरी सभ्यता अनेक सङकट र समस्याबाट ग्रसित हुँदै गएको छ सहरवासी जसलाई सभ्य मानिसको दर्जामा राख्ने गरिन्छ, तिनीहरू नै असभ्य र जङ्गली बन्दै गएका छन । उनीहरूमा राक्षसी प्रवृत्ति बढ्दो छ, जसले गर्दा सहरी जीवन मानवता विहिन बन्न पुगेको छ ।

काठमाडौँ उपत्यका पनि सभ्यतातर्फ उन्मुख एक सहर हो । यसमा एकातिर विकासका पर्याप्त सुविधाहरू थपिँदै छन् भने अर्कोतर्फ सुविधा सँगसँगै अनेकौँ विकृति विसङ्गति पनि देखिएका छन् । सहरको विकास र जनघनत्वको बृद्धिसँगै नदीनालाहरू दुर्गन्धित बन्न पुगेका छन् । मोटरगाडीसँगै दूर्घटना, उद्योगसँगै धुँवा एसिड आएका छन् भने महलसँगै व्यभिचार र भ्रष्टाचार बढ्नाले टुकुचा नदीले फोहोर मैला सफा गर्ने देखि लिएर कन्या केटीको कौमार्य र स्वास्नी मानिसहरूको सतित्व रक्षा गर्न सघाउ पुऱ्याएको छ भन्दै काठमाडौँ सहरभित्रका पर्यावरणीय तथा सामाजिक विकृतिप्रति निबन्धकारले तिखो व्यङ्ग्य प्रहार गरका छन् । त्यसै गरी काठमाडौँ उपत्यकाभित्रको फोहोरका उचित व्यवस्थापन हुन नसकेको सहरका चोक, गल्ली, उडक र नदीकिनाराहरू पनि फोहोर फाल्ने कन्टेनर बनेको वस्तुगत यथार्थको चित्रण गर्नु यस निबन्धको उद्देश्य रहेको छ । सन् दुई हजारसम्ममा नेपाललाई एसियाली मापदण्डमा पुऱ्याउने नारा केवल नाराका रूपमा मात्र सीमित हुन पुगेको नदीनालाहरूमा फोहोर मैला थुपारिदिनाले त्यहाँको पानी र वरिपरिको वायुसमेत प्रदुषित भइरहेको अवस्थामा  काठमाडौं जङ्गलबाट गाउँ-गाउँबाट सहर-सहरबाट पुन जङ्गल बनेको छ भन्ने निबन्धकारको विचार रहेको छ  र यही नै यस निबन्धको मूलभूत वैचारिक पक्ष हो ।

### ४.२.३ प्रस्तुति/शैली

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले 'मेरो यात्राः टुकुचादेखि विष्णुमती'सम्म निबन्धमा सामान्य विषयवस्तुलाई पनि निकै रोचक र कलात्मक तरिकाले प्रस्तुत गरेका छन् । काठमाडौँको सहरी जीवनको सामाजिक, साँस्कृतिक र पर्यावरणीय यथार्थालाई निबन्धकार प्रधानले निजात्मक निबन्ध ढाँचामा प्रस्तुत गरेका छन् । नेपालको इतिहासका साथसाथै विश्वमानव इतिहासमा वेलावेलामा देखापरेका सङ्कट, मानवले भोग्नु परेका युद्ध, निरङ्कुश शासकबाट भएका हिंसा, हत्या र त्यसबाट सिर्जित भयावहपूर्ण एवम् सन्त्रासपूर्ण मानव जीवनका पीडालाई समेत आत्मानुभूतिगत ढाँचामा प्रस्तुत गर्नु यस निबन्धको शिल्पशैलीगत

वा  प्रस्तुतिगत विशेषता हो । यस निबन्धमा एकातिर वस्तुगत विषय विवरण पाइन्छ भने अर्कातर्फ निबन्धकारले त्यसलाई निजात्मक रङ्ग दिने काम समेत गरेका छन् । त्यसैले यस निबन्धमा आत्मपरकता र वस्तुपरकताको समिश्रित रूप पाइन्छ । सहरी जीवनमा सुखसुविधा र भोगविलासी प्रवृत्तिलाई महत्त्व दिइएको छ तर त्यसको पछाडी लाग्दा देखापर्ने विकृति विसङ्गतिको वेवास्ता गर्ने र क्षणिक भौतिक सुखभोगलाई महत्त्व दिने अमानवीय स्वार्थी प्रवृत्तिप्रति निबन्धकारले तिखो प्रहार गरेको हुनाले यसको शैली व्यङ्गात्मक बनेको छ ।

## ४.३ 'डरको छाँयामा रोबोटको जन्म' निबन्धको विवेचना

### ४.३.१ विषयवस्तुको सारसङ्क्षेप

कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित 'डरको छाँयामा रोबोटको जन्म' निबन्धमा मानवीय संवेगलाई विषय बनाइएको छ । मानवीय संवेगमध्ये भय वा डरको परिचय र यस किसिमको भावको जागृतिका कारक तत्त्वहरूको पहिचान गराउनु तथा त्यसले मानव जीवनमा पारेको प्रभावको अभिव्यक्ति नै प्रस्तुत निबन्धको विषयवस्तु हो । डर मनको अमूर्त भाव हो र यो व्यक्ति स्वयंले अनुभूत गर्ने चिज भएकाले यसको व्याप्त भीडभाड, सडक, समारोह, सहर गाउँ, मेला बजार जहाँतँही हुन्छ । मानवीय मन नै यसको निवास स्थान हो भन्दै निबन्धकारले त्यसलाई चिनेर ठम्याउने कोशिस गर्दछन् । डरको पहिचान के हो भन्ने सम्बन्धमा मानिसहरूमा पृथक-पृथक धारणाहरू पाइन्छन । कसैले यसलाई मानसिक रोग, कसैले मनको अमूर्त अनुमूति, कसैले मानिसलाई नैतिकवान र अनुशासित बनाउने मानवीय संवेग तथा कसेले यसलाई अज्ञानका रूपमा लिएका छन् ।

डर अदृश्य छ तर जाहाँतही व्याप्त छ । यो अमूत भइकन पनि ज्यादै प्रभावशाली छ र यसले मानिसलाई जहाँ र जस्तोसुकै ठाउँमा गए पनि पछ्याइ रहन्छ । यो मृत्युजत्तिकै भयानक र अव्यक्त अमूर्त हुन्छ । मृत्यु शाश्वत सत्य  हो । यो निकै दुःखदायी पनि हुन्छ । मृत्युमा समाप्त हुने जीवनको अन्त्य डरमा हुने भएकाले मृत्युको सजीवता बोधमा डर निकै अगाडि हुन्छ । डरकै कारण मानिस घरी जीवनबोध र घरी मृत्युबोधको दोसाँधामा छट्पटाइरहन्छ । ऊ हरवखत भयमा बाँचिरहेको हुन्छ ।

डर किन लाग्छ भन्ने सम्बन्धमा निबन्धकारले चार किसिमका कारणलाई अगाडि सारेका छन् - डराउनै पर्ने भएर, काँतर भएर र मनको बाघ (शङ्का) ले गर्दा तथा अज्ञानी

भएर । अशिक्षित मानिस या त अति शूरा हुन्छन यात अति काँतर हुन्छन् । समाजमा पहलमान भनेर चिनिएकाहरू र इतिहासमा शुरुवीर बहादुर भनी नाम कमाएकाहरूलाई हेर्दा मान्छे जति अशिक्षित हुन्छ । त्यति नै बहादुर हुन्छ । या त काँतर हुन्छ । इतिहासले बिर्सेकालाई सम्झाइदिने सम्झेकालाई विर्साइदिने हुनाले कतिपय अवस्थामा मानिसलाई इतिहासबाट पनि डर लाग्छ । महाभारतको युद्धबाट प्रेरित भएर वा त्यो इतिहास पढेर हो कि वर्तमानमा मानिस मानिसका बीच युद्ध चलिरहेको छ । पौराणिक कालदेखिको जातीय द्वन्द्वको संस्कार वर्तमानमा पनि सिया र सुन्नी, हिन्दू र मुसलमान, काला र गोरा हुँदै फैलिएको छ । त्यही संस्कारका कारण हामी हरबखत हर व्यक्तिबाट त्रसित छौँ । आजको हामी आफ्नै साथी आफ्नै हितैषी, आफ्नै छिमेकी आफ्नै परिवारबाट र आफैबाट त्रसित छौँ ।

इतिहास उही रूपमा नदोहोरिए पनि उस्तै प्रकृति र प्रवृत्तिमा दोहोरिने गर्छ । त्यसैले इतिहासको चक्रमा विभेद देख्नु आफैमा एउटा भ्रम मात्र हो । हार र जितको इतिहासमा हार्नेहरू तर्सिरहेका हुन्छन् । उनीहरू जतातत्तै भूत देखिएका हुन्छन् । यही भूत मनका तहतहमा बसेर संस्कार बनेर तर्साइरहन्छ । भूत अव्यक्त शक्ति हो । यसले मानिसको सिर्जनशिलता नष्ट गरिदिन्छ र मानिस यथार्थताको बोध गर्न नसकी भयभित भइरहन्छ । मानिस जति डराउँछ त्यो त्यति नै शक्तिशाली र कठोर बन्दै जान्छ  र मानिसलाई डसिरहन्छ । डरले रित्तिँदै गएको मानिस आखाँतिर रोबोट बन्न पुग्दछ ।

### ४.३.२ विचार/उद्देश्य

'डरको छाँयामा रोवोटको जन्म' कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित विचारप्रधान व्यङ्ग्यात्मक निबन्ध हो । मानवीय संवेग 'डर'को परिचय दिँदै यसका कारक र प्रभावका माध्यमबाट वर्तमान नेपाली समाजका साथै समसामयिक विश्वपरिस्थितिको यथार्थताको बोध गराउनु प्रस्तुत निबन्धको उद्देश्य रहेको छ । डर मानवीय संवेग हो । यो अदृश्य अव्यक्त तथा अमूर्त हुन्छ । तर यसको व्याप्ति र प्रभाव निकै व्यापक र चिरस्थायी हुन्छ । डर माासिनले अनुभूत गर्ने कुरा हो । यो मृत्यूजस्तै दुःखदायी हुन्छ भन्दै निबन्धमा निबन्धकारले डरको पिडादायी प्रभावको अभिव्यक्ति प्रस्तुत निबन्धमा गरेका छन् । मृत्यु शास्वत सत्य हो । मानव जीवनको अन्त्य मृत्युमा गएर हुन्छ । यसको जीवन्त अनुभूति मानिसलाई डरबाट प्राप्त हुन्छ । त्यसैले भय नै मृत्यु हो भन्ने निबन्धकारको विचार रहेको छ । (पा.आ.टे. पृ. १६) वर्तमान युगजीवनमा मानिस वाँचेर पनि बाँचेजस्तो अनुभूति गर्न सकेको छैन । भयभित भई बाँच्नु पर्ने यस समयको मानिसको जीवन निरर्थक बनिरहेको

भावाव्यक्ति यस निबन्धमा गरिएको छ । डर र शून्याइँ दुर्व अशिक्षा र अज्ञानताका परिणाम हुन यी दुवैमा मानव जीवन र मानव सभ्यताले सार्थकता पाउन सक्दैनन् । थिब्स सहर ध्वस्त हुन् नेपालमा कोतपर्व घट्नुमा सिकन्दर र जङ्गबहादुरमा रहेको अशिक्षा र त्यसले निम्त्याएको शूरोपन हो भन्ने निबन्धकारको विचार रहेका छ । इतिहासका कतिपय त्यस्ता घट्नाहरू छन् जसले मानिसलाई वर्तमानमा पनि तर्साइरहन्छ । सिकन्दर, जङ्गबहादुर, क्षेयार्स, इतिहासका त्यस्ता नाम हुन् इतिहास आफैमा घट्नाको टिपोट मात्र भए पनि त्यसले बिर्सेका कुराहरूलाई सम्झाइदिने हुनाले यसबाट मानिासहरू भयभीत हुने गर्दछन् । महाभारत र क्रुसेड जस्ता एसिया र युरोपका धर्मयुद्धले यही कुराको पुष्टि गर्दछन् । मानिस सकारात्मक कुराकोभन्दा नकारात्मक कुराको सिको बढी गर्दछ । महाभारत जस्ता युद्धबाट पाठ सिकेर मानिसले युद्ध त्याग्नु पर्ने कुरा छाडेर उल्टै त्यसबाट प्रेरणा लिएको छ । जातजाति धर्म सम्प्रदायका नाममा मानिस लडिरहेको छ । जातीय द्वन्द्वको संस्कार मानिसबाट हट्न नसक्दा अलिकति सानो घट्ना हुनासाथ मानिस भयभीत हुनपर्ने अवस्था सिर्जना भएको हो ।

इतिहासका घटनाको उही रूपमा पुनरावृति हुँदैन तर ऐतिहासिक घट्ना र तिनका पात्रका प्रवृत्तिहरूको पुनरावृत्तिको निरन्तरता कायमै रहन्छ । वैयक्तिक स्वार्थ सत्तालिप्सा र उच्च महत्त्वाकांङ्क्षाका कारण इतिहासका घट्नाहरू फरक नाम रूप र रङ्गमा पुनरावृत्ति भइरहन्छन् र यिनले मानिसलाई तर्साइरहन्छन् । द्वन्द्व मानव विकासको एक निरन्तर प्रक्रिया हो । यसमा जित्नेले हार्दछन् र हार्नेको जित हुन्छ अर्थात् हार्नेले हारेर पनि हार खाँदैनन् भन्दै निबन्धकार प्रधानले संघर्षको निरन्तरता नै जीवन हो भन्ने विचारलाई अगाडि सारेका छन् ।

जित्ने र हार्नेको यो द्वन्द्वमा एउटा अर्कोदेखि तर्सिरहेको हुन्छ । दुवैले जताततै भूत देखिरहेको हुन्छन् र यो डरको भूत संस्कार भएर मानिसका मनका तहतहसम्म पुगेर बसेको छ । डरकै कारण हामीमा भूतको संस्कार हटाउन सकेमा भूतको सत्कार हटन सक्छ डरले मानिसको विकास भएको छ । हामीमा विकास भएको डरको सिर्जनशीलता नष्ट गर्ने हुनाले यसले मानिसलाई काँतर, सामर्थ्यहीन र भाग्यवादी बनाइदिन्छ । त्यसैले हाम्रो मानसिकताबाट डरको संस्कार हटाउनु पर्छ । भूत भनेको मानिस हो, भूतदेखि डराउनु भनेको मानिसदेखि डराउनु हो । मानिसदेखि डराउनु भनेको सत्य र यथार्थलाई अँगाल्न नसक्नु हो, सत्यलाई चिन्न नसक्ने र सत्यकुरा बोल्न नसक्नेले सुन्दर भविष्यको निर्माण गर्न

सक्दैन् । त्यसैले सुन्दर भविष्य निर्माणका लागि भयमुक्त हुनपर्दछ भन्ने निबन्धकारको निजात्मक विचारको अभिव्यक्ति यस निबन्धको कथ्य विषय बनेको छ ।

### ४.३.३ प्रस्तुति/शैली

प्रस्तुत निबन्ध कृष्णचन्द्रसिंह प्रधानको निजात्मक निबन्ध हो । यस निबन्धमा निबन्धकारले आफ्ना अनुमूतिको निजात्मक अभिव्यक्ति गरको छन् । प्रस्तुत निबन्धमा निबन्धकार प्रधानले आफूले पाएको ऐतिहासिक ज्ञान र जीवन अनुभवलाई म का माध्यमबाट प्रकट गरको छन् । त्यसैले यो निबन्धकार प्रधानको प्रथमपुरुष दृष्टिबिन्दुका माध्यमबाट समसामयिक नेपाली समाजका साथै सन्त्रासपूर्ण बातावरणमा जीवन जिउन विवश विश्व मानवसमुदायको यथार्थताको अभिव्यक्ति भएको एक शसक्त निबन्ध हो । पौराणिक घटना, ऐतिहसिक घट्ना समसायिमक विश्वपरिस्थिति, नेपाली समाज र नेपाली राजनीतिका विकृति विसङ्गीतको सर्वेक्षणलाई समेत निबन्धकारले यस निबन्धको विषयवस्तुगत सेरोफेरोभित्र समेटेका छन् । यस क्रममा तिनको ऐतिहासिक वर्णन वृत्तान्त प्रस्तुत  नगरी ती सबैलाई आफ्नो आत्मानुभूतिगत विषय डरसँग सापेक्षिक रूपमा प्रस्तुत गरको छन् । प्रसतुत निबन्धमा निबन्धकारले आफ्नै मानसिक संवेग डरका माध्यमबाट प्रशस्त निजी विचार र चिन्तलाई समेत अभिव्यक्त गरेका छन् । मानवीय संवेगजस्तो सानो विषयलाई लिएर त्यसका माधयमबाट सिङ्गो मानव सभ्यतामा देखिएको द्वन्द्व प्रतिद्वन्द्व त्यसले सिर्जना गरेको सन्त्रासपूर्ण वातावरणका साथै मानवीय मानसिकताको गहिराईलाई समेत निबन्धमा समेट्न सक्नु प्रस्तुत निबन्धको शिल्पशैलीगत विशेषता हो ।

व्यङ्ग्यात्मकता प्रस्तुत निबन्धको शैलीगत विशेषता हो । यस निबन्धमा चेतनशील प्राणी मानिसले मानिस र उसको श्रम तथा लगनशीलताको परिणामस्वरूप विकसित सहर तथा भौतिक संरचनाका विरुद्ध गरेको संघर्षलाई देखाउँदै त्यसप्रति व्यङ्ग्य प्रहार गरिएको छ । सकारात्मक कुराभन्दा नकारात्मक र मानवताविरोधी क्रियाकलापमा क्रियाशील हुने मानवीय प्रवृत्ति, व्यक्तिगत स्वार्थ, सत्तालिप्सा, शक्तिको दुरूपयोग गरी एकछत्र शासन चलाउने उच्च महत्त्वाकाङ्क्षा, वैज्ञानिक, यथार्थ र सत्यतालाई चिन्न डराउने मानवीय प्रवृत्तिलाई विश्वका विभिन्न शासक शासित र तिनका क्रियाकलापतर्फ सङ्केत गर्दै त्यस्ता कुप्रवृत्तिप्रति व्यङ्ग प्रहार गरिएको छ । कामलाई भन्दा सभा, सेमिनार, गोष्ठी, उद्घाटन भाषणलाई महत्त्व दिने नेपाली राजनीति र नेपाली समाजमा देखिएको वर्गीय विभेदको

चित्रण गर्दै त्यसप्रति तिखो व्यङ्ग्य प्रहार गर्नुले यस निबन्धको शैली व्यङ्ग्यात्मक बनेको छ ।

## ४.४ 'सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा' निबन्धको विवेचना

### ४.४.१ विषयवस्तुको सारसङ्क्षेप

'सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा' निबन्धमा काठमाडौँ उपत्यकाको विगत र वर्तमानलाई विषयवस्तु बनाइएको छ । काठमाडौँ उपत्यकाको ऐतिहासिक र वर्तमान धार्मिक, सांस्कृतिक तथा सामाजिक परिदृश्यको चित्रण वर्णन नै प्रस्तुत निबन्धको विषय हो । नेपालको पुरानो पहिचान नीपोलो, नेपा माः पनि हो । यो काठमाडौँ उपत्यकामा मात्र सीमित नभई व्यापक र विस्तृत छ । यसले समग्र नेपालको प्रतिनिधित्व गर्दछ । सुरुमा 'ऊनको घर'का रूपमा चिनिने नेपाल पछि गएर देवस्थलका रूपमा परिचित हुन पुग्यो । यसको जन्मका पछाडि थुप्रै अद्‌भूत कथाहरू गाँसिएका छन् । गौतम बुद्ध, मञ्जुश्री, नेमुनि दानासुर आदिका धार्मिक पौराणिक कथा तथा दन्त्यकथाकत्मक चर्चा काठमाडौँ उपत्यकाको सृष्टिसँग गाँसिएका रमाइला र आश्चार्य लाग्दा पक्ष हुन् । कथा पुराण र किंवदन्तीमा जेजस्ता कुराहरू भए पनि काठमाडौँ पहिले दह थियो र त्यही दहबाट मुक्त भएपछिको इतिहास काठमाडौँ हो । काठमाडौँ उपत्यका मानव वस्तीका लागि योग्य भएपछि यहाँ राजा यलम्बर, जितेदास्ती, धर्मदत्त, मानदेव, अंशुवर्मा, अरि मल्ल, भूपतीन्द्र मल्ल, प्रताप मल्ल, सिद्धिनरसिह मल्ल आदिले शासन गरे । कल्पवृक्षको काठले बनाएको काष्ठमण्डपबाट पछि यसको नाउँ काठमाडौँ रहन गयो ।

लामो समयसम्म काठमाडौँ उपत्यकामा मात्र सीमित नेपालको चिनारी २००७ सालको राजनैतिक परिवर्तनपछि मात्र विस्तारित हुन पुगेको हो । लिच्छवीकालमै उपत्यका बाहिर सीमा विस्तारित भएको नेपाल पृथ्वीनारायण शाहका पालामा रसुवागढी, हनुमान नगर हुँदै दार्जीलिङसम्म फैलिए पनि उपत्यका बाहिरका मानिसहरू पनि काठमाडौँलाई मात्र नेपाल भन्ने गर्थे । नेपला र काठमाडौँका बीचमा अन्योन्याश्रित सम्बन्ध छ । यसरी काठमाडौँ उपत्यका बाहिरका भूभागलाई पनि नेपालका रूपमा चिनिने र चिनाउने काम राणाशासनको पतनपछि मात्र भएको हो ।

मानव सभ्यताको विकास यात्रामा थुप्रे मोडहरू आएका छन् । विभिन्न जातजातिको संसर्ग समागम र विलयबाट मनुष्य जाति र देश बन्दछ तर पनि तिनीहरूको छुट्टै पहिचान

हुन्छ । त्यस्तै जातिमध्ये नेपाली जाति र त्यस्तै देशमध्येको एउटा छुट्टै पहिचान काठमाडौँ (( नेपाल) पनि हो । पश्चिममा काँगडा र पूर्वमा टिष्टा राभी नदीसम्म पुगेको नेपाल अहिले मेची कालीमा मात्र सीमित छ । एकिकृत र विशाल नेपाल निर्माणको सिलसिलामा यसमा थुप्रै मोडहरू आएर अन्त्यमा सुगौली सन्धिमा आएर वर्तमान नेपालको स्थायी सीमाङ्कन हुन पुग्यो । यस क्रममा थुप्रै नेपालीहरूले आफ्नो सीप, जोस, जाँगर, तनमन दिएर आफ्नो अस्तित्व जोगाएको ऐतिहासिक सन्दर्भलाई प्रस्तुत निबन्धको विषयवस्तुगत सेरोफेरोभित्र समेटिएको छ । यसका साथै विश्व मानव इतिहासका धर्मयुद्ध, जातीय युद्ध र राष्ट्रराष्ट्रका बीच भएका विनाशकारी युद्धको चर्चा गर्दै विगतका मानिसहरूले भोगेका अभिशप्त ऐतिहासिक सन्दर्भको सङ्केत प्रस्तुत निबन्धमा गरिएको छ । यस क्रममा 'रामायणको रावण, महाभारतका कंश-दुर्योधन, एथेन्स जलाउने क्षेयार्स, थिब्स ध्वस्त पार्ने सिकन्दर, तथा शाहन्शाह,थियो डोसिस, मोहम्मद गजनवी चङ्गेज खाँ तैमूर जस्ता महत्त्वाकाङ्क्षी मानवजाति र मानवसभ्यताविरोधी युद्धदुन्दुभी मञ्चाएर मुटु हल्लाउने इतिहास रच्ने क्रुर मनोवृत्तिका शासकहरूको चर्चा यस निबन्धमा गरिएको छ। त्यस्तै इसाई र इस्लामका बीचको धर्म युद्ध, हिटलर, मुसोलिनी, बोकासो, इदी अमीन जस्ता तानाशाहको चर्चा गर्दा बहादुर भएर विश्वविख्यात बनेका गोर्खालीहरू गोर्खाली भएर वीर कहलिएका नेपालीहरूले वीरताको अपमान र सभ्यताको विनाश हुने काम इतिहासमा कहिल्यै गरेनन् । संसारका आफ्नो छुट्टै पहिचान कायम गर्ने गोर्खा नेपाल हो, त्यही नेपाल काठमाडौँ हो, त्यही काठमाडौँ नेपालको पहिचान हो । नेपाल र नेपालीको वीरता, कीर्ति, कला, सौन्दर्य, धर्म र संस्कृतिको समष्टि स्वतन्त्र र स्वाधीन नेपालको चिनारी काठमाडौँ हो । काठमाडौँ (नेपाल) निर्माणको थालनी गर्ने, स्वतन्त्र र स्वाधीन नेपालको निर्माण गर्ने पुर्खाहरू र नेपालका ती स्रष्टाहरूप्रति निबन्धकार सगौरव सम्मान गर्दछन् ।

यसरी सृष्टिको थालनी, नेपाल निर्माणसँगै शुद्धता र सच्चरित्रतामा विकसित काठमाडौँ वर्तमानमा आएर आफ्नो मौलिक मङ्गोल र आर्यसंस्कृतिलाई छाडेर आधुनिक पाश्चात्य संस्कृतिमा रम्न थालेको छ । यो दिनप्रतिदिन विषाक्त बन्दै छ । आफ्नो पहिचान हराउँदै छ । नेपालीको परिश्रम, त्याग, मायाममता पाएर विकसित काठमाडौँप्रति कतिपयले नेपालको प्रतिबिम्ब बोक्न नसकेको गुनासो गर्दछन् । आधुनिक रमझममा रूपान्तरित काठमाडौँ मन्दिरको सहर, देवताको वासस्थान मात्र होइन, सम्पन्नभित्र विपन्नता, अभावभित्र तडकभडक, समलैङ्गिक सम्बन्ध, जुवाको खाल, वेश्यावृत्ति, मान्सलप्रेम, प्रदूषण,

फोहोरमैला, व्यङ्ग्य र विद्रोहको प्रतीक पनि बनेको छ । उपत्यकाभित्रको वस्तु सत्य र निबन्धकारको भावनात्मक अनुभूति तथा विभिन्न साहित्यकारका विचारको कवितात्मक अभिव्यक्तिको समिश्रित स्वरूपलाई प्रस्तुत निबन्धको विषयवस्तुगत सेरोफेरोभित्र समेटिएको छ । यसका साथै काठमाडौँभित्रका आधुनिक विकृतिका माझबाट काठमाडौँ, नेपाल र नेपालीको ऐतिहासिक पहिचानको खोजी गर्दै समग्र सुन्दर नेपालको परिकल्पना यस निबन्धको विषयगत विशेषता हो ।

### ४.४.२ विचार/उद्देश्य

निबन्धकार कृष्णचन्द्रसिह प्रधानले 'सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा' निबन्धमा राष्ट्रवादी-अस्तित्ववादी विचारलाई अगाडि सारेका छन् । काठमाडौँ उपत्यका र नेपालको चिनारी गराउँदै, यसको गौरवशाली इतिहास तथा गिर्दो वर्तमानको चित्रण-वर्णन गर्दै देशप्रेमको भावाव्यक्ति गर्नु प्रस्तुत निबन्धको विचारगत विशेषता हो । निबन्धकार प्रधान एक सशक्त राष्ट्रवादी निबन्धकार हुन् । प्रस्तुत निबन्धमा उनको यही राष्ट्रवादी विचारको सशक्त प्रस्तुति पाइन्छ । निबन्धकारका विचारमा राणाकालसम्म नेपाल भन्नाले केवल काठमाडौँ उपत्यकालाई मात्र बुझिन्थ्यो । २००७ सालको प्रजातन्त्र प्राप्तिपछि मात्र यो मेची महाकाली, हिमाल, पहाड, तराई, कोशी, गण्डकी, कर्णाली तथा धोती, कछाड, वक्खु र गुन्युचोलीमा छरिन पुगेको हो । निबन्धकार प्रधान आफ्नो देशले एक स्वाधीन राष्ट्रका रूपमा अफ्नो अस्तित्व कायम गर्न सकेकोमा गर्व गर्दछन् । नेपाल र नेपाली जातिको छुट्टै पहिचान दिलाउने हाम्रा वीर पूर्खाहरूप्रति सम्मानको भाव व्यक्त गर्नु तथा नेपालको ऐतिहासिक गरिमालाई प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य हो । नेपाल र नेपालको राजधानी काठमाडौँ उपत्यकाको पौराणिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक र कलाकारिताको मूल्य र महत्तालाई प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य रहको छ । एकीकृत विशाल नेपाल निर्माणको सन्दर्भमा नेपालीहरूले देखाएको जोस, जाँगर, उत्साह, उमङ्ग, सीप, लगन र वलिदानीको प्रशंसा गर्दै नेपालीहरूमा रहेको देशभक्तिको भावनालाई प्रस्तुत निबन्धले अगाडि सारेको छ । नेपालीहरूमा रहेको वीरता र पराक्रमले गर्दा उनीहरूले आफ्नो कीर्ति राखे तर नेपालीहरू विध्वंशकारी, मानवताविरोधी, तथा इतिहासमा कलङ्कित हुने काममा भने कहिल्यै अगाडि नसरेको विचार निबन्धकारको छ । हिटलर, मुसोलिनी, सिकन्दर, क्षेयार्स, मोहम्मद गजनवी, इदि अमीन, चङ्गेज खाँ जस्ता विश्वका क्रुर तानाशाही प्रवृत्तिका शासकहरूको उल्लख गर्दै निबन्धकारले व्यक्ति मरे पनि प्रवृत्ति र इतिहासको

पुनरावृत्ति भने भई नै रहन्छ भन्ने विचार व्यक्त गरेका छन् (पा.आ.टे. २६) । इतिहासको पुनरावृत्तिसँगै वर्तमान युगजीवनले दासत्व स्वीकार्नु परेको छ भन्ने निबन्धकारको विचार छ । नेपाल र नेपालीले विश्वमा प्रदर्शन गरेको वीरता यहाँको शासन पद्धति, यहाँको कलाकारिता, यहाँको प्राकृतिक वैभवप्रति गर्व गर्दै निबन्धकारले आफ्नो देशप्रतिको भक्तिभाव यस निबन्धमा अभिव्यक्त गरेका छन् ।

अतीतको गौरवगाथाले धपक्क बलेको पवित्रताको प्रतीक काठमाडौँ वर्तमान आफ्नो पहिचान गुमाउन थालेको छ । अहिले नेपाल पाश्चात्य सभ्यता र संस्कृतिको प्रभावमा आफ्नो मौलिक संस्कृतिबाट विस्तारै च्यूत हुँदैछ । निर्वस्त्रनाच, पासा, कौडा, जुवा, तास, प्रदूषण, फोहरमैला, वेश्यावृत्ति, जस्ता विकृतिले गर्दा काठमाडौँ विगतको आफ्नो सच्चरित्रता र पवित्रताको पहिचान गुमाउन पुगेको विचार निबन्धकारले यस निबन्धमा गरेका छन् । विगतमा सम्पूर्ण नेपालको प्रतिबिम्ब बनेको काठमाडौँ वर्तमान राजधानीमा मात्र सीमित बनेको धारणा निबन्धकारको छ । सभ्यताको नाउँमा यो विस्तारै असभ्य बन्दै गएको छ । यसको आफ्नो अस्तित्व सङ्कटमा परेको छ भन्ने निबन्धकारको धारणा रहेको छ ।

प्रस्तुत निबन्धमा निबन्धकारका देशभक्तिपूर्ण विचारको अभिव्यक्तिका साथै अस्तित्ववादी चिन्तनको अभिव्यक्ति पनि भएको छ । मानिस जन्मदेखि अस्तित्वका लागि सङ्घर्ष गर्दछ । मानिस यसैका लागि लड्छन्, यसैका लागि बाच्छन् र यसैका लागि मर्दछन् । मानिस कहिले निजी अस्तित्वका लागि लड्दछ, कहिले समाजको, कहिले जातिको र कहिले देशको अस्तित्वका लागि लड्दछ । जाति, समाज र देशको अस्तित्वका लागि सङ्घर्ष गर्दा मानिसले आफ्ना व्यक्ति विशिष्टतालाई विर्सिन्छ । अस्तित्वविहीन मान्छे मृत लास हो । त्यसैले मानिस आफ्नो अस्तित्वमा चोट लाग्ने अवस्था सृजना हुँदा विद्रोही बन्छ र आत्मबलिदानका लागि पनि तयार हुन्छ भन्दै प्रस्तुत निबन्धमा निबन्धकार कृष्णचन्द्रीसंह प्रधानले अस्तित्ववादी विचारलाई अगाडि सारेका छन् (पा.आ.टे., पृ. ३३) ।

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले प्रस्तुत निबन्धमा आफ्नो जातीय, सामाजिक र राष्ट्रिय अस्तित्व रक्षाका लागि सम्पूर्ण देशवासीलाई सचेत हुन आह्वान गरेका छन् । आफ्नो जातीय र राष्ट्रिय अस्तित्व रक्षाका लागि देशको प्राकृतिक वैभवको संरक्षण र विकास हुनुपर्ने, आफ्नो मौलिक संस्कृति र जातीय पहिचानलाई बचाएर राख्नुपर्ने, ऐतिहासिक सम्पदाप्रति कृतज्ञ हुनुपर्ने । नेपालका प्रत्येक देशको समानुपातिक विकास हुनुपर्ने र प्रत्येक

नेपालीका आत्मबल र देशप्रेमको भावना जागृत हुनुपर्ने, निबन्धकारको विचार यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.४.३ प्रस्तुति/शैली

'सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा' निबन्धको रचनाशैली निबन्धकार कृष्णचन्द्रसिंह प्रधानका अन्य निबन्धभन्दा अलि पृथक खालको छ । प्रस्तुत निबन्धको रचना निजात्मक/आत्मपरक शैलीमा गरिएको छ । यस निबन्धधमा काठमाडौँ उपत्यकाको पौराणिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक तथा वातावरणीय स्वरूप, यसका मूल्य र महत्त्वको चित्रण वर्णन तथा यसभित्र वर्तमानमा देखिएका विकृति विसङ्गतिको अभिव्यक्ति गर्ने सन्दर्भमा नेपाली साहित्यका कवि कवयित्रीहरूका काव्यात्मक अभिव्यक्तिलाई समेत निबन्धमा समावेश गरिएको छ, जसले गर्दा प्रस्तुत निबन्ध गद्यात्मकता र पद्यात्मकताको समिश्रित रूप बन्न पुगेको छ । निबन्धकार प्रधानको यो निबन्ध, भावप्रधान, निबन्ध हो । यसमा उनले नेपालको राजधानी काठमाडौँले अफ्नो विगतको सच्चरित्रता र पवित्रतालाई सुरक्षित राख्न नसकेको भावाव्यक्तिलाई निजात्मक ढाँचामा अभिव्यक्ति दिएका छन् । प्रस्तुत निबन्धमा निबन्धकारले आफ्ना देशभक्तिका भावनालाई निकै तिख्खर रूपमा प्रस्तुत गरेका छन् । यसको प्रस्तुती म का ढाँचामा गरिएको छ । त्यसैले प्रथम पुरुष दृष्टिविन्दु नै यस निबन्धको शैलीगत स्वरूप बन्न पुगेको छ ।

प्रस्तुत निबन्धमा सरल-सहज भाषाशैलीको प्रयोग गरिएको छ । साधारण कथनमै पनि विशिष्ट भाव अभिव्यक्ति गर्न यो निबन्ध सफल भएको छ । वाक्यगठन शुद्ध उपमा, उत्प्रेक्षा जस्ता अलङ्कारको संयोजनले निबन्धको सौन्दर्य पक्ष सशक्त र प्रभावकारी बन्न पुगेको छ (पा.आ.टे., पृ. ३२) । अस्तित्ववादका सापेक्षतामा देशप्रेमको भावलाई अभिव्यत्ति गर्ने सन्दर्भमा प्रस्तुत निबन्धमा प्रशस्त मात्रामा प्रश्नवाचक चिन्ह र विस्मयादिबोधक चिह्नको प्रयोग गरिएको छ (पा.आ.टे., पृ. ३५) ।

काठमाडौँ उपत्यकाको पौराणिक, ऐतिहासिक सन्दर्भको चर्चाका क्रममा विषयवस्तुमा सीमित मात्रामा वस्तुपरकता पाइए तापनि भावपक्ष नै यस निबन्धको केन्द्रीय विषय बनेकाले यो भावात्मक निबन्ध बन्न पुगेको छ । निबन्धको शीर्षक नै उद्देश्य बनेको यस निबन्धमा नेपालको परिप्रेक्ष्यमा काठमाडौँ उपत्यकाको अतीत र वर्तमानको अनुभूतिगत

अभिव्यक्ति दिँदै देशप्रेमको भावनालाई आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ । यसको शीर्षक र निबन्धको कथ्यविषयबीच सङ्गति पाइन्छ ।

## ४.५ गौतम बुद्धको चिठीः अशोकको नाउँमा

### ४.५.१ विषयवस्तुको सारसङ्क्षेप

'गौतम बुद्धको चिठीः अशोकका नाउँमा' निबन्धमा २०४६ सालमा भारतले नेपाल माथि गरेको नाकाबन्दीलाई विषयवस्तु बनाइएको छ । अङ्ग्रेजको उपनिवेशबाट मुक्त भारतले नेपालमाथि आर्थिक नाकाबन्दी गरेको देख्दा  निबन्धकार भारतीयहरूमा पनि उपनिवेशवादी चिन्न रहेको आशङ्का व्यक्त गर्दछन् ।  नेपाल र भारतका बीच प्राचीन कालदेखि नै धार्मिक, साँस्कृतिक सम्बन्ध छ । नेपाल बुद्ध, अंशुवर्मा, पृथ्वीनारायण शाह जस्ता महापुरुषहरूको देश हो भने भारत अशोक, महावीर, महात्मा गान्धी जस्ता महापुरुषहरूको देश हो ।  बुद्धलाई बुद्धका रूपमा चिनाउन र अशोकलाई अशोकका रूपमा चिनाउन यी दुवैले एक आपसमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । अरुको दुःख र मृत्यु देखेर र बुद्ध बुद्ध बने, युद्ध, हत्या र हिंसा विनाश र दासता देखेर अशोक अशोक बने । आपसी मित्रता र सहअस्तित्वमा विश्वसा गर्नु नेपाल र भारतका प्रचीन कालदेखिका परिचायक हुन् । यी दुई देशका बीचको मित्रता र सँस्कृतिलाई राजनैतिक सीमामा सीमाङ्कन गर्न सकिँदैन भन्दै निबन्धकारले भारतले नेपालमाथि नाकाबन्दी गरी नुन, मट्टितेल, औषधिलगायतका अत्यावश्यक उपभोग्य बस्तुको पैठारीमा समेत प्रतिबन्ध लगाई नेपालप्रति गरेको घृणित व्यवहारलाई प्रस्तुत निबन्धको विषयवस्तुभित्र समेटेका छन् । यसै क्रममा निबन्धकार नेपाल र भारत दुवैले लिएको असंलग्न परराष्ट्रनीति भित्र संलग्नताको आभाष पाइनेतर्फ सङ्केत गर्दछन् र संभावित खतरालाई औल्याउँदै भयावह र सन्त्रस्त अवस्थाको चित्रण गर्दछन् ।

भारतीहरूलाई आफ्नो देश प्यारो लागेजस्तै निबन्धकारलाई पनि आफूलाई आफ्नो देश प्यारो र महान लाग्ने ठान्दछन् ।  अशिक्षा, गरिबी, पछौटेपन र दुःखकष्टमा बाँच्नु परे पनि निबन्धकारलाई आफ्नो मातृभूमि निकै प्यारो छ । भारतीय शासकहरूमा सहअस्तित्व र परानुभूति बोधको भावना नभएकोमा निबन्धकार तिनीहरूलाई धिक्कार्छन् (पा.आ.टे., पृ. ३९) । पराधीनताको अनुमूति पाइसकेको स्वतन्त्रत भारतले एउटा स्वाधीन स्वतन्त्र छिमेकीमाथि गरेको अमानवीय व्यवहारप्रति निबन्धकार व्यङ्ग्य र रोस प्रकट गर्दछन् ।

स्वतन्त्र भएर पनि स्वतन्त्रताको अनुभूति गर्न नपाइएकोमा दुःख व्यक्त गर्दछन् । शान्ति, मित्रता, विश्वास, परिश्रममा विश्वास गर्ने नेपालप्रति भारतले देखाएको क्षुद्र व्यवहारलाई निबन्धकार सामन्ती संस्कारको उपज ठान्दछन् र आफ्नो देशको स्वाधीनता र स्वाभिमान बनाउनका लागि बलिदानी गर्ने धारणा व्यक्त गर्दछन् । अजेय मनुष्य, उसका आस्था, स्वाभिमान, आस्तित्व र उत्सर्गको विश्वमानव इतिहासको प्रशंसा गर्दछन् । उनी आफ्नो आस्तित्व, आस्था र स्वाभिमान झुकाउन खोज्नेसँग झुक्न चाँहदैनन् ।

प्रस्तुत निबन्धमा निबन्धकार आफ्नो देश आत्मनिर्भर बन्न नसकेकोमा दुःख प्रकट गर्दछन् । नाकाबन्दीले आफ्नो आँखा खुलेको र त्यसले नेपालको न्यानो भविष्यको सङ्केत गरेको भन्दै सङ्कट र समस्याले नै देशको उन्नति प्रगतिको पथ खोल्दछ भन्ने विचार व्यक्त गर्दछन् । यसका लागि हाम्रो शत्रुका रूपमा रहेका दरिद्रता, पराधीनता, निष्क्रियता, दासता, अहङ्कार, सङ्कीर्णता, वैयाक्तिक स्वार्थका विरुद्ध लड्ने पर्छ । हाम्रो अस्तित्व, स्वाभिमान शस्त्रबलले पराजित हुँदैन । हामी गौतम बुद्ध र अशोक जस्तै सहृदयता, मानवीय विस्वास र विशालतामा बाँच्न चाहन्छौ भन्दै निबन्धको अन्त्य गर्दछन् ।

### ४.५.२ विचार/उद्देश्य

“गौतम बुद्धको चिठी अशोकका नाउँमा निबन्ध”मा राष्ट्रवादी चिन्तनलाई अगाडि सारिएको छ । भारतले नेपालमाथि लगाएको आर्थिक नाकाबन्दीलाई विषयवस्तु बनाइएको प्रस्तुत निबन्धमा लेखकको आफ्नो राष्ट्रप्रतिको स्वाभिमान झल्किएको छ । प्रस्तुत निबन्धको शीर्षक प्रतिकात्मक छ । प्रतिकात्मक रूपमा यहाँ गौतम बुद्ध भन्नाले शान्तिवादी नेपाल र नेपाली तथा अशोक भन्नाले तिनै गौतमबुद्धको अनुयायी भारत भारतीयहरूलाई र चिठी शब्दले शान्तिपृय नेपालीहरूको भारतीयहरूलाइ दिइएको सन्देश भन्ने बुझिन्छ । परम्परागतरूपमा एक अर्काका छिमेकी, हितैषी र असल मित्रका रूपमा परिचित नेपाल र भारतका बीच भारतीय शासकहरूको स्वार्थी मनोवृत्तिका कारण मनोमालिन्यको स्थिति सिर्जना भएको र भारतीय पक्षबाट एक तर्फ रूपमा नेपालको स्वभिमानलाई चुनौति दिइएको भन्ने निबन्धकारको विचार रहेको छ । कुनै पनि राष्ट्रको आफ्नो इतिहास रहेको हुन्छ , त्यस इतिहासबाट पाठ सिक्दै र प्रेरणा लिँदै त्यसले वर्तमानलाई अगाडि बढाउनु पर्दछ । नेपाल गौतम बुद्ध, अंशुवर्मा र पृथ्वीनारायण शाह जस्ता महापुरुषहरूको देश हो त्यसैले नेपालीहरू आफ्नो प्राचीन तथा ऐतिहासिक मर्यादालाई सुरक्षित राख्दै वर्तमानलाई अगाडि बढाउन चाहन्छन् । गौतमबुद्धले जस्तो विश्वमा शान्तिको सन्देश फैलाउने

अंशुवर्माले जस्तो स्वर्ण युगको निर्माण गर्ने तथा पृथ्वीनारायण शाहले जस्तै आफ्नो स्वाभिमानलाई उच्च राखिरहनु नेपालीको दायित्व हो । नेपाललाई एक स्वतन्त्र र स्वाधीन राष्ट्रका रूपमा  चिनाउनु र यसको अस्तित्वलाई विश्वसामू अक्षुण राख्नु हरेक नेपालीको कर्तव्य र दायित्व हो भन्ने राष्ट्रवादी विचारको अभिव्यक्ति दिनु प्रस्तुत निबन्धको उद्देश्य हो । यसका साथै भारतका प्रियदर्शी अशोक, महान् स्वतन्त्रता सेनानी महावीर रअहिंसाका पुजारी महात्मा गान्धीले दिएका सन्देशको चर्चा गर्दै भारत र भारतीय शासकहरूलाई आफन्ो मात्र नभई  अरुको हक अधिकार स्वतन्त्रता र स्वाधीनताको निम्ति सम्वेदनशील बन्ने सन्देश प्रस्तुत निबन्धले दिएको छ । गरिवी, पीडा, अभाव, रोग, मृत्यु जस्ता कुराहरू आफैमा समस्या मात्र होइनन् ज्ञानका स्रोतहरू पनि हुन् । गौतम बुद्धलाई बुद्धत्वको अवस्थामा यिनै कुराहरूले सहयोग पर्‍याएका थिए र हत्या, विनाश र दासताले नै सम्राट अशोक प्रियदर्शी अशोक बनेर विश्वप्रसिद्ध भएका थिए । त्यसैले शक्तिशाली, सम्पन्नताले शक्तिहीन, विपन्नता र कमजोर राष्ट्रको स्वाभिमानमा आँच आउने कार्य गर्नु राम्रो होइन भन्ने निबन्धकारको विचार रहेको छ । नेपाल र भारतका बीच सदियौदेखि धार्मिक, सांस्कृतिक तथा असल छिमेकीको सम्बन्ध रहेको छ । राजनीतिको सीमाना हुन्छ तर मित्रता, विश्वास, धर्म, सँस्कृतिको कुनै सीमा हुँदैन त्यसैले आफ्नो परम्परालाई बिर्सेर दम्भ गर्दै एक अर्काप्रति शत्रुताको व्यवहार गर्नु हुँदैन भन्ने विचार निबन्धकारको छ । निबन्धकार आफ्नो  राष्ट्रको अस्मिताका लागि जस्तो सुकै दुःख र कष्ट सहन पनि तयार रहेको धारणा राख्दछन् । (पा.आ. टे.पृ. ३८) ।

असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने राष्ट्रले व्यवहारमा त्यस्तो नीतिको अवलम्बन गर्न नसकेकोमा निबन्धकार आश्चर्य व्यक्त गर्दछन् । असंलग्नताभित्र संलग्नता र संलग्नताभित्र असंलग्नता देखाउने दोहोरो चरित्रका कारण संसारमा अहिले भयावह र सन्त्रस्त्र स्थितिको सिर्जना भएको छ भन्ने निबन्धकारको धारणा रहेको छ ।

संसारका हरेक जातिलाई आफ्नो देश प्यारो हुन्छ । गरिबी, अशिक्षा र दुःख कष्टमा बाच्नु परे पनि हरेक मानिसलाई आफ्नो जन्मभूमि प्यारो हुन्छ आफ्नो देशको माया गर्नेले अरुले पनि आफ्नो देशप्रति माया-ममता राख्दछन भन्ने कुरा बुझ्नु पर्दछ । आफूले सम्मान खोज्नेहरूले अरुलाई पनि सम्मान दिएर मन जित्नु पर्दछ । परानुभूतिबोधले मात्र सहअस्तित्वको विकास गाउँछ भदै आफ्नो अस्तित्वलाई महत्त्व दिने अरुको अस्तित्वको वेवास्ता गर्ने प्रवृत्तिलाई निबन्धकार धिक्कार्दछन् (पा.आ.टे., पृ. ३९) ।

पराधीनता हरेक राष्ट्रका लागि तीतो हुन्छ । त्यसैले एकपटक पराधीनता बोधको तीतो अनुभव संगालेको भारतले नेपालको स्वाभिमान र अस्तित्वमा चुनौति दिन खोज्नु आफैले आफैप्रति व्यङ्ग्य गर्नु हो ।

नेपाल सुगौली सन्धिपछि नै अनाक्रमणको सिद्धान्त अँगालेको एक शान्तिप्रिय देश हो । नेपालीहरू गौतम बुद्धको शान्तिको सन्देशलाइ विश्वमा फैलाउन चाहन्छन् , आफ्नो पौरख र पसिनाको कमाइमा स्वतन्त्र जीवन जिउन चाहन्छन् । तर आफ्नो सीमा नाघ्न खोज्नेहरूका विरुद्ध बलिदानी दिन पछि पर्दैनन् । संसारको इतिहासलाई हेर्ने हो भने अस्त्रबलभन्दा मनुष्यबल नै शक्तिशाली छ, मानिसको विश्वासहरू आस्थाहरू, स्वाभिमानहरू र उत्सर्गहरू अजेय छन् । नेपालीहरू पनि हतियारसामु र नाकाबन्दीको सामु शिर झुकाउन होइन शिरदिन तयार छन निबन्धकार प्रधानले आफ्ना स्वाभिमानी अस्तित्व राष्ट्रवादी विचारलाई निकै तिख्खर रूपमा प्रस्तुत गरेका छन् ।

सङ्कटले मानिसलाई माथि उठाउँछ । हाम्रो शत्रु कुनै राष्ट्र नभएर हाम्रो दरिद्रता, पराधीनता, दासता, अज्ञानता, अहङ्कार, संङ्कीर्णता, वैयक्तिक स्वार्थ, सामन्ती संस्कारहरु हुन् । यिनका विरद्ध सम्पूर्ण  नेपालीहरू एकजुट भएर लड्नु पर्दछ । आत्मनिर्भर हुनुपर्दछ र मित्रराष्ट्रप्रति सहृदयता र आपसी विश्वासको आधार खडा गर्नु पर्दछ भन्ने चिन्तन निबन्धकारले प्रस्तुत निबन्धका माध्यमबाट अगाडि सारेका छन् ।

### ४.५.३ प्रस्तुति/शैली

निजात्मक प्रस्तुति निबन्ध विधाकै एक प्रमुख विशेषता हो । वस्तुप्रधान निबन्धमा पनि निजात्मकता वस्तु नियन्त्रित भएर रहनै पर्दछ । निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निबन्धहरू  आत्मप्रधान भएकाले तिनको निजात्मकता अझ सशक्त रूपमा प्रस्तुत हुन्छ । प्रधानको 'गौतमबुद्धको चिठी अशोकको नाउँमा' निबन्ध पनि भावपरक भएकाले यसको आदिदेखि अन्त्यसम्म आत्मपरकताले ओतप्रोत भएको छ । यस निबन्धमा निबन्धकार प्रधान आर्थिक नाकाबन्दीको  अवस्थामा नेपालीहरूले नुन मट्टीतेल जस्ता अत्यावश्यक वस्तु प्राप्त गर्नाका लागि भोग्नु परेका कठिनाई र त्यसबाट उत्पन्न परनिर्भरताको पीडाबोध लाई आत्मपरक तरिकाले प्रस्तुत गरेका छन् । एक स्वतन्त्र र स्वाधीन राष्ट्रका रूपमा उच्च आत्मगौरव गर्ने आफ्नो मुलुक आत्मर्भिर नभई परिनिर्भर हुँदा तथा विदेशले (भारतले) आफ्नो देशको स्वाभिमान र अस्तित्वमाथि चुनौति दिन खोज्दाको दुःखद अवस्थाको

अनुभवको निजात्मक अभिव्यक्ति यस निबन्धमा गरिएको छ । निबन्धकार बरु जस्तोसुकै दुःख कष्ट चुनौतीलाई सहन सक्ने तर राष्ट्रिय स्वाभिमान झुक्न नदिन राष्ट्रिय भावनालाई 'म' का माध्यमबाट निकै कलात्मक तरिकाले प्रस्तुत गर्नु यस निबन्धको शिल्पशैलीगत पक्ष हो ।

यस निबन्धमा हार्दिकताको साथै तार्किकता पनि छ । राष्ट्रराष्ट्रका बीचका समस्याहरू शक्तिप्रयोगबाट समाधान हुँदैनन् तोप र बन्दुकले निर्णय गर्दै आएका समस्याहरू दिगो रूपमा समाधान हुँदैनन् भन्ने कुरालाई निबन्धकार प्रधानले कोरिया, भियतनाम, कम्बोडिया लेबनान, अफगानिस्तान जस्ता मुलुकका तर्कपूर्ण उदाहरणद्वारा पुष्टि गर्न खोजेका छन् । अजेय शक्ति मनुष्य नै हो । मानिसका विश्वासहरू, स्वाभिमानहरू, आस्थाहरू, आस्तित्वहरूमा चोट पुग्दा उनीहरू जीवनउत्सर्ग गर्न तयार हुन्छन् । एक टुक्रा जमिनका लागि मुरीकामुरी रगत बगाउन सक्ने देशप्रेमीहरू संसारमा थुप्रै रहेका छन भन्ने कुरालाई निबन्धकारले तर्कपूर्ण ढङ्गबाट पुष्टि गरेका छन् ।

प्रतिकात्मक प्रस्तुति यस बिन्धको अर्को महत्त्वपूर्ण पाटो हो । नेपाल शन्तिप्रियताको सन्देशलाई यहाँ नेपाली भूमिमा जन्मिएका अग्रदूत 'गौतमबुद्ध'को चिठीबाट र आफ्नो परम्परा र इतिहास विर्से र शक्तिको दम्भले अन्धा बनेका भारतीयहरूलाई 'अशोक'का माध्यमबाट प्रतीकात्मक रूपमा चिनाइएको छ । प्रस्तुत निबन्धमा गौतमबुद्ध र अशोकका माध्यमबाट नेपाल र भारतका बीचको परम्परागत मैत्रीपूर्ण भावनालाई देखाउँदै नाकाबन्दी कालमा दुई देशका बीच देखिएको मनोमालिन्य हटाउनु पर्ने , आपसी मित्रताको सम्झना गराउँदै त्यस्तो मैत्रीपूर्ण भावनाको पूनर्जागरण गराउन खोजिएको छ । यसको शीर्षक र कथ्यवस्तुबीच प्रतिकात्मक सम्बन्ध छ ।

यस निबन्धमा सरल भाषाको प्रयोग गरिएको छ । एउटै अनुच्छेदभित्र वाक्यको अन्त्यमा 'जन्मिदिएँ', 'उठिदिएँ', 'हिँडिदिउँ', जस्ता अनुप्रासयुक्त क्रियापदको प्रयोगले भाषिक प्रस्तुति आलङ्कारिक बन्न पुगेको छ । (पा.आ.टे. पृ. ४१) निबन्धको भाषामा पनि प्रशस्त सांगीतिकता पाइन्छ । तत्सम तद्भाव शब्दको समुचित विन्यासका साथै यदाकदा आगन्तुक शब्द प्रयोगले निबन्धमा रोचकता समेत थपेको छ (पा.आ.टे. पृ. ४१) ।

## ४.६ 'एउटा बकपत्रः आफ्नै विरोधमा' निबन्धको विश्लेषण

### ४.६.१ विषयवस्तुको सारसङ्क्षेप

एउटा वकपत्रः आफ्नै विरोधमा निबन्धमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले साहित्यिक क्षेत्रमा योगदान गरेवापत आफूले प्राप्त गरेको पुरस्कार र आफ्नो आर्थिक अवस्थालाई विषयवस्तु बनाएका छन् । एकदिन मदनदेव भट्टराईसँग भेट हुँदा मदनदेव भट्टराईले निबन्धकारलाई रत्नश्री स्वर्णपदक लगाएर खिचेको फोटो दिन आग्रह गर्दछन् तर निबन्धकार आलटाल गर्दै जान्छन् । पटक पटकको भेटमा भट्टराईको स्वर्णपदक लगाएर खिचिएको फोटो प्राप्त गर्ने आग्रहलाई दिन्छु वा दिन्न केही नभनी टारिरहेको प्रसङ्गलाई प्रस्तुत निबन्धको विषयवस्तु बनाइएको छ । मदनदेव भट्टराईले रत्नश्री स्वर्णपदक प्राप्त गर्नेहरूको परिचयात्मक विशेषाङ्क निकाल्नका लागि पदक लगाएर फोटो माग्ने क्रम विशेषाङ्क निकाल्ने भनिएको म्याद समाप्त भइसक्दा पनि निरन्तर रूपमा चलिरहँदा निबन्धकारलाई आश्चर्य लाग्छ । वास्तविकतालाई दवाएर भट्टराईप्रति आफूले गरेको आलटालबाट लेखक लज्जित हुन्छन् र अन्त्यमा वास्तविकता खोल्दै त्यही सत्यतालाई यस निबन्धका माध्यमबाट व्यक्त गर्दछन् । निबन्धकार आफूले पुरस्कार पाउनका लागि साहित्यसिर्जना नगरेको, सिर्जना गरेकावापत पुरस्कार पाइँदो रहेछ भन्दै पुरस्कार आफैमा एउटा सम्मान हो । पुरस्कार पाएपछि त्यसलाई देखाइरहनुको कुनै औचित्य हुँदेन । यो लेखकको निजी कुरा हो भन्दै निबन्धकारले यही निबन्ध (एउटा वकपत्रः आफ्नै विरोधमा) लाई रत्नश्री स्वर्णपदक भिरेर खिचाएको तस्बिर मान्न मदनदेवलाई अनुरोध गर्दछन् ।

झण्डै दुई दशकअघि निबन्धकारले छोरीको बिहेका लागि आर्थिक समस्या टार्न, सामाजिक व्यवहार चलाउन र इज्जत बचाउनका लागि आफूले पाएको मदनपुरस्कारको चाँदीको पट्ट र रत्नश्री सुवर्णपदक मासेर भेद टारेको वासतविकता खुलस्त गर्दछन् । यही कुरा थाहा पाएर मदनदेवले मेरो मर्म बुझेर फोटो मागेका हुन कि भन्ने शङ्का लाग्दछ । निबन्धकार सम्मानको अवहेलना भएकोमा आफूलाई दोषी देख्दछन् । उनलाई पश्चाताप हुन्छ र आफूले गरेको नराम्रो कामको फिरादपत्रका रूपमा यो निबन्ध लेख्नु परेको हो भन्दछन् ।

यसरी निबन्धकार आफूले लोकाचारका लागि सम्मान स्वरूप प्राप्त गरेको पदक मास्नु परेको वाध्यात्मक अवस्थाको चित्रण गर्दै हाम्रो समाजका मानिसहरूले लोकव्यवहार चलाउन र इज्जत प्रतिष्ठा बचाउनका लागि आफ्नो सम्पत्ति, आफू, आफ्नो इमान, धर्म, अस्तित्व, नैतिकता बेच्न विवश बन्नु परेको बाध्यात्मक अवस्थालाई यस निबन्धको विषयवस्तुभित्र समेटेका छन् ।

### ४.६.२ विचार/उद्देश्य

एउटा बकपत्रः आफ्नै विरोधमा निबन्धमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले आत्मप्रकाशनको उद्देश्य राखेका छन् । निजात्मक निबन्धको एक महत्त्वपूर्ण पक्ष आत्मप्रकाशन गर्नु रहेको हुन्छ । यस निबन्धमा लेखकले आफ्नै जीवनको तीतो तर कटुसत्यलाई पाठकसमक्ष पुऱ्याउने उद्देश्य राखेका छन् । यस निबन्धमा निबन्धकारले साहित्यसिर्जना गरेवापत प्राप्त गरेको सम्मान र पुरस्कार र आफूले भोग्नु परेको आर्थिक समस्याका माध्यमबाट एउटा साहित्यकारको जीवनभोगाइका विवशता, वाध्यता र पीडालाई अभिव्यक्त गरेका छन् । यस सन्दर्भमा प्रधान आफूले पुरस्कारको निम्ति साहित्यसिर्जना नगर्ने धारणाा राख्दछन् । उनका अनुसार पुरस्कार आफैमा एउटा सम्मान हो । पुरस्कार वा सम्मानका रूपमा प्राप्त गरेका पदक तक्मा आदि धारण गरेर हिड्नु जरुरी छैन । साहित्यकारले पदक तक्मा आदिको प्रयोग के कसरी गर्ने भने कुरा लेखकको निजी विचार हो भन्दै आर्थिक समस्याका कारण छोरीको बिहेको गर्ज टार्नका निम्ति आफूले प्राप्त गरेको मदन पुरस्कारको चाँदीको पट्ट र रत्नश्री सुवर्णपदक मासेर आफ्नो मानप्रतिष्ठा र इज्जत जोगाउने कार्य गरेको वास्तविकताको खुलासा गर्दछन् । यसरी यस निबन्धमा निबन्धकार प्रधानले आफ्नो जीवनमा घटेको घटनाका माध्यमबाट मानिसहरूले लोकाचारका लागि मानिस जस्तोसुकै काम गर्न पनि विवश र वाध्य हुनपर्दछ भन्ने धारणा व्यक्त गरेका छन् । मानिसहरू समाजमा आफ्नो मान, प्रतिष्ठा र इज्जत जोगाउनका लागि आफ्नो भौतिक सम्पत्ति, आपल्क्नो धर्म, इमान, सतित्व, नैतिकता र सर्वस्व बेच्न विवश हुनपरेको धारणा यस निबन्धमा व्यक्त भएको छ ।

समाजमा मानिसहरू आफ्ना नामका अगाडि विशेषण जोडेर बाँच्न चाहन्छन् । ऊ आफ्नो वास्तविक परिचयलाई ढाकछोप गरेर बस्दछ । सकेसम्म समाजमा इज्जत प्रतिष्ठा र सम्मानका साथ जीवन जिउने इच्छा सबैमा हुन्छ, यही इच्छा र महत्त्वाकाङ्क्षाको होडबाजीले नै मानिस दुःख पाउँछ । सत्य कुरा सधैतीतो हुन्छ तर यो हितकर हुन्छ । साहित्यकार पुरस्कृत भएर मात्र ठूलो र सम्मानित हुने होइन उसको सिर्जना सबैभन्दा ठूलो कुरा हो ।  यसलाई भौतिक वस्तु, सुन चाँदीको सापेक्षतामा हेर्नु हुँदैन भन्ने विचार प्रस्तुत निबन्धमा पाइन्छ ।

### ४.६.३ प्रस्तुति/शैली

‘एउटा बकपत्रः आफ्नै विरोधमा’ निबन्धमा निबन्धकार प्रधानले विशद्ध रूपमा निजात्मक अभिव्यक्ति दिएका छन् । यस निबन्धमा प्रधानले आफ्नो निजी जीवन भोगाइलाई निबन्धात्मक स्वरूप दिएका छन् । यसका लागि उनले आत्मपरक शैली अँगालेका छन् । साहित्यसिर्जना गरेवापत प्राप्त गरको पदक छोरीको विवाहको निम्ति गर्ज टार्न मास्नु परेको विगतको तीतो अनुभवलाई विषय बनाइएको यस निबन्धमा ‘म’का माध्यमबाट विषयवस्तुलाई डोऱ्याइएको छ । सम्मानका रूपमा प्राप्त गरेका पदक मास्नु पर्दा निबन्धकार दुःख व्यक्त गर्दछन् । उनी आफूबाट गर्न नहुने काम गरेको भाव व्यक्त गर्दछन् । मदनदेव भट्टराइले रत्नश्री स्वर्णवपदक लगाएर खिचेको फोटो माग्दा कतै उनले आफ्नो विवशता र अपराधको जानकारी पाएरै फोटो मागेका त  होइनन् भन्ने शंसयभाव यस निबन्धमा पाइन्छ । त्यसैले यस निबन्धमा निबन्धकारको भावपक्ष प्रवल बनेको छ । भावनाको प्रधानता यस निबन्धको रचना शैलीको महत्त्वपूर्ण पक्ष हो ।

यस निबन्धमा विषयवस्तुको प्रस्तुतिको सन्दर्भमा आंशिक रूपमा वर्णनात्मकता र विवरणात्मकता पाइन्छ (पा. आ.टे.पृ. ४७) । यस निबन्धमा सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ । लालित्यपूर्ण एवम् सुमधुर शब्दको प्रयोग गरिएको यस निबन्धमा वैदर्भी रीतिको प्रयोग गरिएको छ । समाजमा मान प्रतिष्ठा पाउन पदक भिरेर हिँड्ने, प्रचारमूखी जीवनशैली अँगाल्ने र वास्तविकताबाट टाढिने मनोवृत्तिका मानिसका प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको यस निबन्धको रचना शैलीमा व्यङ्ग्यात्मता पनि छ ।

## ४.७ **'शब्द ब्रह्म' निबन्धको विश्लेषण**

### ४.७.१ विषयवस्तुको सारसङ्क्षेप

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको ‘शब्द ब्रह्म’ निबन्धमा शब्द ब्रह्म सम्बन्धी आध्यात्मिक विषयका माध्यमबाट निबन्धकारको स्वाभिमान र स्वतन्त्रताप्रेमलाई प्रस्तुत गरिएको छ । जीवनको उत्तरार्द्धमा निबन्धकार आफ्ना ज्ञानेन्द्रीय र कर्मेन्द्रिय शिथिल भएको अनुभूति पोख्छन् । उनलाई शान्तिका नाममा भय र त्रासबाट समाजलाई अनुशासित बनाउन चाहने प्रवृत्ति मन पर्दैन । गाउँ, बस्ती, सहर र सिँगो देशमा सिर्जनाविहीन मसानको शान्ति स्थापना गर्न चाहने शासन-व्यवस्थाप्रति निबन्धकार निर्धक्क बोल्न चाहन्छन् । समाजमा थोरै मानिसहरूले गरेको पापको परिणाम धेरैले भोग्नुपर्ने विविशता र वाध्यता छ । थोरै व्यक्तिले गरेको पापकर्म सहिदिनाले पापप्रवृत्ति दिनप्रतिदिन बढ्दो छ ।

समाजका बहुसंख्यक मानिसहरू यही पापप्रवृत्तिलाई आशीर्वाद सम्झेर सहँजै जाँदा अस्तित्वविहीन बन्दै गएका छन् । पाप गर्नु र पाप सहनु दुवै खराब कुरा हुन् । यिनलाई सही र राम्रो ठान्नु भ्रम मात्र हो ।

हामी आँखा भएर पनि सही र सत्य कुरालाई देख्न सकिरहेका छैनौँ । हामी भविष्यमा आइपर्ने समस्याप्रति निश्चिन्त छौँ पाप गर्ने र पाप सहने दुवैका कारण आज मुलुक विरूपाक्ष बनेको छ । मातृभूमिमाथि बलात्कार भएको छ । हामी मुलुकलाई बर्बादीको दिशातर्फ धकेल्नेहरूलाई चिन्न सकिरहेका छैनौँ । कंशप्रवृत्ति सत्यलाई स्वीकार्न चाहँदैन । देश भीषण युद्धको संघारमा जाँदैछ । विरूपाक्ष एडिपस कंश आदिका चुनौतीपूर्ण बोलीहरू शैली भाषामा परिवर्तन गरी गुञ्जिरहेका छन् तर हामी तिनलाई सुन्न देख्न सकिरहेका छैनौँ । गाउँ वस्ती र सहरमा अभाव पीडा छट्पटी प्यास बनेर असंख्य मानिसका आवाजहरू समाजमा विद्यमान अन्याय, अत्याचार र उत्पीडन विरुद्ध गुञ्जिरहेका छन् तर ती आवाजहरूलाई कसैले सुनिरहेको छैन भन्दै निबन्धकार शान्ति, प्रेम र स्वतन्त्रताविहीन शासनव्यवस्थाप्रति विद्रोहको स्वर व्यक्त गर्दछन् ।

हाम्रा हात हाम्रा लागि नभएर कसैको प्रशंसा, अस्त्र, जीविकोपार्जन र प्रशस्ति बनेका छन् भने हाम्रा खुट्टा पनि अरुकै हित, जित, बन्न पुगेका छन् । हामी हाम्रो आँखा पनि आफ्नो लागि स्वतन्त्र रूपमा उपयोगमा ल्याउन पाउँदैनौँ । हामी आफूलाई कमजोर तुच्छ र हीन ठान्ने दासमनोवृत्तिबाट ग्रसित छौँ । हामी कसैलाई द्यौता बनाउने प्रयत्नमा तल्लीन छौँ । हामी राष्ट्र र राष्ट्रियताविहीन बन्न पुगेका छौँ । हामी आफ्नो स्वतन्त्रतालाई कसैको बन्धकीमा राखेर अस्तित्वविहिन निरर्थक जीवन जिउन विवश छौँ भन्दै निबन्धकार कृष्णचन्द्रसिंह प्रधान तत्कालीन पञ्चायती शासन पद्धतिमा स्वतन्त्रतापूर्वक जीवन जिउन नपाएको आत्मानुभूतिलाई यस निबन्धको विषयवस्तु बनाएका छन् ।

### **४.७.२ विचार/उद्देश्य**

शब्द ब्रह्म निबन्धमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले निरङ्कुश शासन व्यवस्थप्रतिको विद्रोह र सिर्जनात्मक शान्ति र स्वतन्त्रताको समर्थन गर्नुलाई मूल उद्देश्य बनाएका छन् । यस निबन्धमा समाजमा विद्यमान विकृतिविसङ्गतिको चित्रण गरिएको छ । समाजमा अन्याय गर्ने व्यक्तिहरू बढिरहको र त्यस्ता पापी तथा अत्याचारीहरूबाट भएका पापकर्मको विरोध कहीँ कतै र कसैबाट नहुँदा त्यसले प्रश्रए पाउँदै गएको धारणालाई

अगाडि सारिएको छ । समाजमा दुष्कर्म गर्नेहरू थोरै हुन्छन् तर त्यसको परिणाम धेरैले भोग्नुपर्छ । पाप गर्नु मात्र अन्याय होइन त्यस्तो अन्याय सहनु पनि पापी हुनु हो ।

हामी पापीहरूका पापकर्मलाई आशीर्वाद ठानेर उनीहरूलाई समाजमा अझ बढी पापकर्ममा लाग्न प्रेरित गरिरहेका छौँ । हामी अज्ञानतावश भाग्यवाद, ईश्वरवाद परम्परालाई शिरोधार्य गरी सत्यलाई चिन्न सकेका छैनौँ भन्दै हाम्रो परम्परागत सोचमा परिवर्तन ल्याउनुपर्ने विचार यस निबन्धमा व्यक्त भएको छ । सत्य र वास्तविकताको बोध नहुँदा हामी भ्रममा पर्दछौँ र असत्य र अवास्तविक कुरालाई भ्रमवश् सत्य ठान्न पुग्दछौँ । सत्य चिन्नका लागि चेतना वा विवेक चाहिन्छ । विवेश शक्तिले समाजमा विद्यमान विकृति विसङ्गतिविरुद्ध चुनौती दिन्छ भन्ने निबन्धकारको विचार छ ।

हाम्रा गाउँ वस्ती र सहरमा पापवृत्ति बढ्नाले देश कमजोर बनेको छ । आफ्नो मातृभूमिप्रतिको कर्तव्य र उत्तरदायित्वलाई एकातिर पन्छाएर मातृभूमिमाथि जाइलाग्नेहरू यहाँ विभिन्न रूपरङ्ग, भाषा र शैलीमा आइरहेका छन् । अधर्म बढ्दै छ । कंशप्रवृत्ति बढ्नाले समाज त्रसित र सशंकित छ । समाजमा अनेक षडयन्त्र रच्दै ध्वंशात्मक वातावरण सिर्जना गर्ने कुप्रवृत्तिको विकास भइरहेको छ । पुराणहरूमा अन्याय र अत्याचारको अन्त्यका लागि देववाणी, आकाशवाणी भए जस्तै वर्तमान समाजमा भएका र हुने गरेका अन्याय अत्याचार विरुद्ध अशिक्षा, भोग, रोग, गरिबीले छट्पटाएका चित्कार बनेर आवाजहरू गुञ्जिरहेका छन्, तिनै आवाजहरूलाई सुन्न सक्नुपर्छ भन्ने निबन्धकारको विचार रहेको छ ।

मानवले शान्ति र स्वतन्त्रतापूर्वक बाँच्न पाउनु पर्ने विचारलाई यस निबन्धमा व्यक्त गरिएको छ । मानिस स्वतन्त्रताप्रेमी प्राणी हो । ऊ उन्मुक्त र स्वतन्त्र भएर बाँच्न चाहन्छ । ऊ मनमा लागेका विचारहरूलाई विना अवरोध अभिव्यक्त गर्न चाहन्छ भन्दै निबन्धकार प्रधान वाक स्वतन्त्रता तथा वाकस्वतन्त्रता हुनुपर्ने धारणा व्यक्त गर्दछन् । हाम्रा आँखा, हात, खुट्टा जस्ता ज्ञानेन्द्रीय र कर्मेन्द्रीयहरू आफ्ना लागि भन्दा बढी अरुका लागि उपयोग गर्नुपरेको तीतो आत्मानुभूतिको अभिव्यक्ति यस निबन्धमा भएको छ । प्रस्तुत निबन्धमा आँखा भएर पनि समाजका व्यथितिहरूलाई देख्न र चिन्न नसकेको, मुख भएर बोल्न नसकेको, अरुको दृष्टिकोण र अरुबाट व्यक्त विचारलाई शिरोधार्य गरी ठूलावडाको हित, जित र प्रशस्ति गाउनुमा जीवन अर्पिनुपर्ने वाध्यात्मक सामाजिक अवस्थाप्रति व्यङ्ग्यात्मक स्वर सुसेलिएको छ । राष्ट्र विनाको राष्ट्रियता, सिर्जना विनाको सृष्टि, मूर्छित चेतना, भोको

पेट, बन्धकी स्वतन्त्रता पनि गर्व गर्नुपर्ने विवश र निरर्थक जीवन भोगाइका विसङ्गत स्वरको अभिव्यक्ति यस निबन्धको केन्द्रीय कथ्य बनेको छ ।

### ४.७.३ प्रस्तुति/शैली

'शब्द ब्रह्म' कृष्णचन्द्रसिंह प्रधानको निजात्मक निबन्ध हो । कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरू आत्मप्रधान निबन्ध भएकाले उनका निबन्धहरू प्रायः 'म' का माध्यमबाट अभिव्यक्त भएका हुन्छन् । शब्द ब्रह्म निबन्ध पनि प्रधानको भावपरक निबन्ध हो । यस निबन्धमा शब्द नै ब्रह्म हो, सृष्टि हो र त्यही नै ब्रह्मका रूपमा नित्य रहिरहन्छ भन्ने ब्रह्मवादीहरूको अमूर्त आध्यात्मिक विषयलाई प्रतीक बनाई निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले पञ्चायतकालीन शासन पद्धति भित्रका विकृति विसङ्गतिलाई 'म' र 'हामी' का माध्यमबाट प्रस्तुत गरेका छन् । यस निबन्धमा बौद्धिकता र तार्किकताभन्दा सरलता र हार्दिकता बढी छ । प्रस्तुत निबन्धको शैली प्रतीकात्मक छ । विरूपाक्ष, एपिडस, कंश, कृष्ण जस्ता पाश्चात्य तथा पूर्वीय पौराणिक साहित्यिक कृतिमा उल्लेख गरिएका पात्रहरूलाई यस निबन्धमा प्रतीकका रूपमा उपयोग गरिएको छ । यस किसिमको पात्र तथा चरित्रको उल्लेख गर्दै वर्तमान नेपाली समाजमा तिनै नामधारी पात्र नभए पनि तिनका काम र व्यवहारको अनुकरण अनुसरण गर्नेहरू प्रशस्तै रहेको देखाइएको छ । भाषालाई केवल अभिधा अर्थमा मात्र हेरिनु हुँदैन, त्यसको व्यञ्जनात्मक अर्थ खोज्नुपर्छ भन्ने निबन्धकारको धारणा यस्तै पात्र र तिनका क्रियाकलापका चित्रण वर्णनका माध्यमबाट व्यक्त भएको हुनाले यसको लेखनशैली प्रतीकात्मक बनेको छ ।

प्रस्तुत निबन्ध व्यङ्ग्यात्मक शैलीमा रचिएको एक उत्कृष्ट निबन्ध हो । यस निबन्धमा एकपछि अर्को गर्दै पराधीनतामा सारहीन जीवन जिउन विवश बन्नुपरेको अवस्थाप्ति निबन्धकार प्रधानले यसरी व्यङ्ग्य प्रहार गरेका छन् । "म कसैलाई द्यौता बनाउन आफू ढुङ्गा भइदिएको रहेछु । म कसैको मुक्तिका निम्ति मात्रै बलि हुने सहिद भएको रहेछु । म एउटालाई मालिक बनाउन अर्को मालिकसँग लडेको रहेछु । मैले जति गरेँ जे जे गरेँ अर्केका लागि गरेँ थाकेको शरीर र कङ्काल ममा पनि देश देख्छौ भने धिक्कार छ ।" (पा.आ.टे, पृ. ५५) 'शब्द ब्रह्म'लाई प्रतीक बनाएर वाकस्वतन्त्रता र प्रकाशन स्वतन्त्रताको पक्षमा वकालत गरिएको यस निबन्धको रचना शैली अभिधात्मक नभई प्रतीकात्मक-व्यञ्जनात्मक बनेको छ । गद्यभित्र पनि आन्तरिक सङ्गीत चेतनाले युक्त भाषाशैलीको प्रयोगले प्रस्तुत निबन्धले काव्यात्मक उचाइ प्राप्त गरेको छ ।

## ४.८ 'सटक फाट्दैछ' निबन्धको विश्लेषण

### ४.८.१ विषयवस्तुको सारसङ्क्षेप

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले ‘सडक फाट्दैछ’ निबन्धमा पञ्चायतकालीन शासनपद्धतिका विकृतिविसङ्गतिलाई आधार बनाएर त्यसप्रतिको आफ्नो विद्रोहात्मक तथा क्रान्तिकारी विचारलाई मूल विषयवस्तु बनाएका छन् । पञ्चायतकालमा शासन व्यवस्थाका विरोधीहरूलाई मात्तिएका, बौलाएका मानिसको संज्ञा दिने परिपाटीलाई यस निबन्धमा प्रस्तुत गरिएको छ । तत्कालीन पञ्चायती शासन व्यवस्थालाई देशको माटो र हावापानी सुहाउँदो व्यवस्था भन्दै त्यस शासनपद्धतिप्रति विरोध जनाउनेलाई प्रगतिगामी ठान्ने परिपाटीलाई यस निबन्धको विषयक्षेत्रभित्र समेटिएको छ । निर्दलीय शासन व्यवस्थाका अनुयायीहरूले अन्य विचारलाई अफाप भन्दै विचारको स्वतन्त्रतामाथि नियन्त्रण गर्न खोज्ने परिपाटी ठीक होइन । इनद्रेणीको सौन्दर्यका लागि सातरङ्गको आवश्यकता भए जस्तै समुन्नत र सुन्दर देशका लागि फरफरक विचारका मानिसहरूका बीच समन्वय, समझदारी एकता र मेलमिलाप हुनुपर्दछ । पूर्वी युरोपका सन्दर्भमा, दुब्चेक, लेख वालेसा, आन्द्रेई सखारोभहरू अफाप भए जस्तै नेपालको सन्दर्भममा बी.पी. पुष्पलाल र गणेशमानहरू अफाप भए किनकि उनीहरूका विचार सत्तासीनहरूका भन्दा फरक थिए त्यसैले मुलुकमा विरोधका स्वरहरू सुनिन थालेका र पछि निरङ्कुश र तानाशाही प्रवृत्तिका शासकहरूलाई चुनौती थपिन थालेको प्रसङ्ग यस निबन्धमा आएको छ ।

त्यसबेला राजनीतिमा हनुमानभक्ति बढ्दै गएकोले सिर्जनात्मक र मौलिक विचार कुण्ठित हुन पुगेको, समाजमा अन्याय, अत्याचार बढ्दा पनि आफूलाई अवतार ठान्ने शासक वर्गको दृष्टि पुग्न नसकेको तथा मानवता दुर्वल बनेको सामाजिक अवस्थाको चित्रण-वर्णन निबन्धमा भएको छ । विरोधका स्वरहरू कुण्ठित हुँदा राजनीतिक वातावरण उकुसमुकुसमय बनेको, यस्तो अवस्थामा देशमा खडेरी परेको छ, पेटका लागि अन्न, जिब्राका लागि शब्य र पाइतालाका लागि जमिको खाचो छ, देशमा भने भ्रष्टाचार बढेको छ त्यसैले यस्तो खडेरीको अवस्थामा आगो लाग्न सकछ भन्दै निबन्धकार यस्तो अवस्थमा आफू लगातार कटानी भएर दूषित पर्यावरणले नाङ्गिसकेको जङ्गलमा भएको अनुभूति पोख्छन् । वनजङ्गलको तस्करी बढ्नाले हिंस्रक जन्तुको त्रास पनि हटिसकेको छ भन्दै गाउँसहरमा विरोधीहरूको

चनुौतीको सामना गर्न नपर्ने अवस्थामा निर्धक्क बनेका सत्तासीन वर्गप्रतिको आफ्नो धारणा प्रस्तुत गर्दछन् ।

यसै सन्दर्भमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधान कहालीलाग्ने संसारको इतिहासको प्रसङ्ग कोट्याउँदै मानिसहरू हिम्मतसाथ, आफ्नो अस्तित्वरक्षाका लागि सङ्घर्षरत रहेकोमा त्यसको प्रशंसा गर्दछन् । पूर्वी युरोपका विभिन्न मुलुकमा स्वतन्त्रता स्वाधीनता, भ्रातृत्वका लागि गरिएका आन्दोलनका समर्थनमा सडकमा निकिस्कएका मानिसहरू समुद्रको लहर जस्तै गरी उर्लेको हुँदा निरङ्कुताका सङ्कुचित पर्खालहरू भत्किएको प्रसङ्ग कोट्याउँछन् । त्यसपछि नेपालको तत्कालीन राजनीतक अवस्था पनि निरङ्कुश भएकाले युरोपका निरङ्कुश ढले जस्तै यो शासन पद्धतिको पनि अन्त्य हुनुपर्छ र यसको लागि साहित्य र राजनीतिमा समेत स्वतन्तताका लागि आवाज उठ्नुपर्छ भन्दै निरंकुशता विरोधी र स्वतन्त्रतामुखी आफ्ना अनुभूतिहरूलाई निबन्धकार प्रधानले यस निबन्धको विषयवस्तुगत सेरोफेरोभित्र समेटेका छन् ।

### ४.८.२ विचार/उद्देश्य

कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित सटक फाटिँदैछ निबन्धमा क्रान्तिकारी र विद्रोहात्मक विचार व्यक्त भएको छ ।  कृष्णचन्द्रसिंह प्रधान मावनतावाद भ्रातृत्व, देशप्रेम, समानता, स्वतन्त्रता, स्वाधीनता र विश्वबन्धुत्वको भावनाका पक्षपाती निबन्धकार हुन् । यस निबन्धमा निबन्धकार प्रधानका यिनै भावनाहरूको अभिव्यक्तिलाई मूल उद्देश्य बनाइएको छ । यो निबन्धकार प्रधानको नेपालमा जनआन्दोलन २०४६ हुनुभन्दा अघि प्रकाशित निबन्ध हो । (पा.आ.टे.पृ. ६४) । यस निबन्धमा नेपालमा प्रजातन्त्रको पुनस्थापना हुनुभन्दा अघिको एकदलीय पञ्चायती शासनपद्धतिभित्र रहेको वेथिति, विकृति र विसङ्गतिको चित्रण गरिएको छ । तत्कालीन शासन व्यवस्थामा विचार-अभिव्यक्तिको स्वतन्त्रता थिएन । निर्दलीय शासन व्यवस्थाका कारण फरक मत र विचार राख्नेहरूलाई प्रतिगामीको संज्ञा दिइन्थ्यो । आफूलाई मन परेको पञ्चायती शासनलाई देशको हावापानी र माटो सुहाउँदो व्यवस्था भनी परिभाषित गर्ने र खुला प्रजातान्त्रिक परिपाटीलाई अफाप सिद्ध गर्न खोज्ने शासक वर्गको स्वार्थी एकाङ्गी प्रवृत्तिलाई देखाउनु यस निबन्धको उद्देश्य हो । यही यथार्थलाई निबन्धकारले व्यङ्ग्यात्मक रूपमा यसरी अभिव्यक्त गरेका छन् –“माटो त माटो नै हो नि - रोपेको उम्रिदिन्छ  । बाँच्नलाई स्वच्छ हावापानी छैन भने कसरी फापोस् ? तर अफाप न हावापानी हुन्छ न मान्छे ।” (पा.आ.टे, पृ. ५८) “मेरो देश ! पर्सामा स्याउ र हुम्लामा मेवा फलेन

भन्दैमा माटो सुहाउँदो छैन भनेर अफापको संज्ञा नदेऊ ! पहोलो मन पर्दैमा अरु रंगको अवहेलना किन गर्छौ ?" (पा.आ.टे., पृ. ५९) ।

निबन्धकार प्रधान यस निबन्धमा विचारको स्वतन्त्रता हुनुपर्ने दृष्टिकोणलाई अगाडि सार्दछन् । सबैखाले विचारले फुल्ने फल्ने अवसर पाएमा मात्र देश समुन्नत र सुन्दर हुन्छ भन्ने निबन्धकारको विचार रहेको छ । उनी भन्छन् –"इन्द्रेणी चाहन्छौ भने सातवटै रङ्गमा मात्र त्यो बन्छ र खुल्छ । यो इन्द्रेनीको देश हो ।" (पा.आ.टे, पृ. ५९) पञ्चायतकालमा देशमा व्याप्त भ्रष्टाचार र अनियमिततातप्रति यस निबन्धमा व्यङ्ग्यात्मक प्रहार गरिएको छ । स्रोतहरू भने कुण्ठकुण्डमा सोसिएर चुहिन्छन् र कहिल्यै नभरिने समुद्र बने पनि कसैको खेत पटिन्न ... आकाशबाट झर्ने पानी होस् वा जमिनबाट फुट्ने धारा अथवा कुलो बाँधेर कतैबाट ल्याएको राशिराशि पनि त्यही कुण्डमै बिलाएर बाँझो हुन अभिशापित मेरो जमिन अनावृष्टिको छहारीमुनि पट्टपट्ट फाटेको छ ।" (पा.आ.टे, पृ. ६०) यसरी राष्ट्रिय तथा वैदेशिक सहायताबाट प्राप्त हुने धन राशिमा व्यापक भ्रष्टाचार भएकाले देशको उन्नति-प्रगति हुन नसकेको हो भन्ने निबन्धकारको दृष्टिकोण यस निबन्धमा अभिव्यक्त भएको छ । निबन्धकार प्रधान यस निबन्धमा क्रान्तिकारी विद्रोही विचारको अभिव्यक्ति दिँदै भन्दछन् –"म अहिले जङ्गलमा छु । लगातार कटानी भएर जङ्गल नरहेको दूषित पर्यावरणले नाङ्गिसकेको जङ्गलमा छु । तिमी बस्ती भन्छौ ? भन्ने गर । शहर भन्छौ ? भन्ने गर । मान्छे भन्छौ ? भन्ने गर । भनिदिँदैमा हुने रहेछ भनेरै त जे मन लाग्यो भनिदिएका छौँ गरिदिएका छौँ ।" (पा.आ.टे, पृ. ६०) । निबन्धकारका यी भावाव्यक्तिमा तत्कालीन शासन सत्ता चलाउनेहरूका भनाइ र गराइमा तालमेल हुन नसकेको र विसङ्गत परिस्थितिको चित्रण गर्दै त्यसप्रति व्यङ्ग्यात्मक-विद्रोहात्मक स्वर सुसेलिएको छ । मानव इतिहास संघर्षको इतिहास हो । "संघर्ष जारी छ स्वाधीनता र पराधीनताबीच । ... त्यसैले हिजोदेखि लड्दै आइरहेको लडाइँ आज पनि लड्दैछन् मान्छेहरू । ... विजयी त उनीहरूको संघर्ष पो रहेछ । यी बाहेक अर्को शाश्वत नामको कुनै चिज छ जस्तो लाग्दैन ।" (पा.आ.टे, पृ. ६१) द्वन्द्व वा संघर्ष नै विकासको मूल आधार हो । जीवनको लक्ष्यमा पुग्नका लागि, आफ्ना आस्था र विश्वासको प्राप्तिका लागि हामीहरू पनि साहस र हौसलाका साथ संघर्षमा लाग्नुपर्छ भन्ने निबन्धकारको विचार रहेको छ (पा.आ.टे, पृ. ६१) । यही सन्देशमूलक विचारको अभिव्यक्ति दिँदै निबन्धकारको मान्छे भन्नु नै संघर्षको अर्को रूप भएकाले देशमा व्याप्त भ्रष्टाचार, दूराचार, अन्याय, अत्याचार

तथा अप्रजातान्त्रिक परिपाटीका विरुद्ध संघर्ष गर्नुपर्ने धारणा यस निबन्धमा व्यक्त भएको छ ।

### ४.८.३ प्रस्तुति/शैली

'सटक पाट्टिँदैछ' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निजात्मक शैलीमा रचिएको निबन्ध हो । यस निबन्धमा विश्वका विभिन्न मुलुकमा भएका संघर्षपूर्ण इतिहासको संस्मरण गर्दै ती मुलुकहरूमा स्वाधीनता, मानवता, आर्थिक तथा वैज्ञानिक उन्नतिका लागि निरङ्कुशता, पराधीनता दानवीय प्रवृत्तिका विरुद्ध विरोध र संघर्ष भएको स्मरण गर्दै नेपालमा पनि पञ्चायतकालीन एकदलीय निरङ्कुश शासनपद्धतिका विरद्धका लेखककमा परिवर्तनमुखी संघर्षशील विचारको आत्मपरक अभिव्यक्ति भएको छ । कवि वैरागी काइँलाको 'मात्तेको मान्छेको भाषण मध्यरातको सडकसित' कविताको सापेक्षतामा निबन्धकारले आफ्ना विद्रोहात्मक स्वरलाई यस निबन्धमा व्यक्त गरेका छन् । जुन उनको निबन्धलेखनको मौलिक शैली बन्न पुगेको छ । प्रथम पुरुषवाचक 'म' र 'हामी' सार्वनामिक शब्दकोप्रयोगबाट अधिकांश वाक्यहरूको थालनी गरिएको यो निबन्धको रचनाशैली विलकुलै निजात्मक बन्न पुगेको छ । कवि वैरागी काइँलाको उपर्युक्त कविताको चुरो कुरोलाई पक्रेर त्यसैको केन्द्रीय मर्मसँग सामञ्जस्य कायम गर्दै विषयवस्तुलाई डोऱ्याइएको यस निबन्धमा पर्याप्त मात्रामा काव्यात्मक विशेषता पाइन्छ । कवितामा जस्तै समान वर्णहरूको पुनरावृत्तिद्वारा अनुप्रासीयताको सिर्जना गरी निबन्धको भाषालाई साङ्गितिक बनाउने काम यस निबन्धमा भएको छ, जसले गर्दा यसको भाषाशैली रागात्मक तथा आलङ्कारिक बन्न पुगेको छ (पा.आ.टे, पृ. ५९) । सरल, सहज र वोधगम्य भाषाशैलीको पयोग प्रस्तुत निबन्धको भाषाशैलीगत विशेषता हो । यस निबन्धमा ठाउँठाउँमा प्रश्नोत्तरात्मक शैलीको प्रयोग पनि भएको छ (पा.आ.टे, पृ ६३) ।

## ४.९ 'मेरो आँखामा उत्तम कुँवर' निबन्धको विश्लेषण

### ४.९.१ विषयवस्तुको सारसङ्क्षेप

'मेरो आँखामा उत्तम कुँवर' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको साहित्यकार तथा सम्पादक व्यक्ति उत्तम कुँवर साहित्यिक तथा सम्पादक व्यक्तित्वलाई विषयवस्तु बनाइएको निबन्ध हो । यस निबन्धमा 'रूपरेखा' पत्रिकाका सम्पादक उत्तम कुँवरलाई नामले मात्र होइन कामले पनि उत्तम मानिएको छ । निबन्धकार प्रधानको उत्तम कुँवरसँग वैयक्तिक वा

साथीको नाताभन्दा साहित्यिक नातासम्बन्ध थियो । 'रूपरेखा' पत्रिकाका सम्पादक भएका कारण कुँवरलाई लेख-रचनाको आवश्यकता पर्ने हुँदा साहित्यकार प्रधानसँग सामीप्यता बढेको प्रसङ्गलाई यस निबन्धको विषयवस्तुगत सेरोफेरोभित्र समेटिएको छ ।

उत्तम कुँवर 'रूपरेखा' पत्रिकाका विशेष क्रियाशील स्म्पादक भएका कारण त्यसमा उनको विशेष समर्पण थियो । त्यही क्रियाशीलता र समर्पणले उत्तम कुँवरलाई सम्पादक व्यक्तित्वबाट लेखक, अन्तवार्ताकार आदि व्यक्तित्व विकासमा सहयोग पुग्यो । उत्तम कुँवरले लेखकका रूपमा भन्दा सम्पादकका रूपमा खेलेको भूमिका उल्लेखनीय छ । 'रूपरेखा' पत्रिका र उत्तम कुँवर एकअर्काका पर्यायका रूपमा चिनिन्छन् । यसै पत्रिकासँगको सम्बन्धले गर्दा उनी बहुआयामिक व्यक्तित्व बन्न पुगेका छन् । सम्पादक व्यक्तित्वले उत्तम कुँवरलाई एक कुशल अन्तरवार्ताकार बनायो । यसैको परिणामस्वरूप उत्तम कुँवरका 'स्रष्टा र साहित्य' तथा अनुभव र अनुभूति जस्ता कृतिको जन्म भयो । कुँवर साहित्यिक पत्रकारिताप्रति जागरुक नीतिनिपूर्ण व्यवहार-कुशल व्यक्ति थिए । उनलाई लेखक हुने रहर थियो त्यही रहरले उनलाई एक कुशल अन्तरवार्ताकार बनायो । तर उनलाई यसबाट कुनै किसिमको लुघुताबोध भएन । उनी साहित्यिक पत्रकारितामा क्रियाशील र समर्पित हुँदा अनेकौं समस्याहरूहरूसँग संघर्ष गर्नुपरे पनि पछि हटेनन् । साहित्यिक फाँटमा कमजोर देखिए पनि 'रूपरेखा' पत्रिकामार्फत उत्तम कुँवरले नेपाली भाषा साहित्यको जगेर्नामा दिएको अविस्मरणीय योगदानको संस्मरणलाई निबन्धकार प्रधानले यस निबन्धको विषयवस्तुगत सेरोफेरोभित्र समेटेका छन् ।

### ४.९.२ विचार/उद्देश्य

'मेरो आँखामा उत्तम कुँवर' निबन्धमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले नेपाली भाषासाहित्यको अभ्युत्थानमा सुदीर्घ योगदान दिने उदाहरणीय व्यक्तित्व उत्तम कुँवरको अविस्मरणीय योगदानको चर्चा गर्नुलाई मूल उद्देश्य बनाएका छन् । यस निबन्धमा उत्तम कुँवर पूर्णतया साहित्यिक पत्रकारिताप्रति जागरुक, नीतिनिपूर्ण र व्यहवार-कुशल व्यक्ति रहेको तथ्यलाई अगाडि सारिएको छ । साहित्य-सिर्जनातर्फको अभिरुचिले उत्तम कुँवरलाई बहुआयामिक व्यक्तित्व विकासमा सघाउ पुऱ्याएको धारणा निबन्धकार प्रधानको छ । यस निबन्धमा नेपाली साहित्यको उत्थानमा रूपरेखा पत्रिकाले दिएको योगदानको उल्लेख गरिएको छ र त्यस पत्रिकामार्फत् नेपाली साहित्यको उन्नति-प्रगतिमा उत्तम कुँवरको गतिविधि संलग्नता र समर्पणको प्रशंसा गरिएको छ (पा.आ.टे., पृ. ६६) । उत्तम कुँवर

लेखक नभइकन सम्पादक भएका र सम्पादन गर्दागर्दै लेखक बनेका एक उदाहरणीय व्यक्तित्व बनेको निबन्धकारको धारणा छ । उत्तम कुँवरको साहित्यिक जीवनको प्रशंसा गर्ने सन्दर्भमा प्रस्तुत निबन्धमा नेपालीहरूसमा रहेको अहङ्कार र उच्चताबोधयुक्त मानसिकतालाई व्यङ्ग्यात्मक रूपमा अभिव्यक्त गरिएको छ (पा.आ.टे, पृ. ६८) । नेपालको साहित्यिक क्षेत्रमा मात्र होइन राजनीतिक क्षेत्रमा पनि दाउ थाप्ने, लडाउने, भिडाउने, उठाउने, पछार्ने जस्ता गलत प्रवृत्तिहरू रहेको र यस किसिमका खराब प्रवृत्तिबाट नेपालीहरू बढी पीडित हुनुपरेको विचार यस निबन्धमा व्यक्त भएको छ ।

### ४.९.३ प्रस्तुति/शैली

'मेरा आँखामा उत्तम कुँवर' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको संस्मरणात्मक आत्मपरक निबन्ध हो । प्रस्तुत निबन्धमा रूपरेखा पत्रिकाका सम्पादक उत्तम कुँवर र उनले नेपाली भाषासाहित्यको उन्नति-प्रगतिमा दिएको योगदानको संस्मरण गरिएको छ । उत्तम कुँवरको नेपाली भाषा-साहित्यप्रतिको योगदानको आत्मपरक ढाँचामा प्रशंसा गरिएको छ । निबन्धकारका दृष्टिमा उत्तम कुँवर नेपाली साहित्यिक पत्रकारिता जगतका एक आदर्श व्यक्तित्व हुन् । 'स्रष्टा र साहित्य' मार्फत् नेपाली साहित्यका स्रष्टा र उनीहरूको साहित्यिक व्यक्तित्वलाई उजागर गर्ने काममा उत्तम कुँवरको विशिष्ट योगदान छ । रूपरेखा पत्रिकामार्फत् नेपाली साहित्यलाई गति दिने काममा पनि उनको त्यत्तिकै योगदान छ भन्ने निबन्धकार प्रधानको धारणा छ । यस किसिमको विचारलाई निबन्धकारले वस्तुपरक रूपमा नभई आत्मपरक अभिव्यक्ति दिएका छन् । 'म' का माध्यमबाट लेखकको दृष्टिकोणको अभिव्यक्ति भएको प्रस्तुत निबन्धमा प्रथमपुरुष दृष्टिविन्दुका माध्यमबाट विषयवस्तु गतिशील बन्न पुगेको छ ।

उत्तम कुँवरको साहित्यिक तथा सम्पादकीय व्यक्तित्वलाई उजागर गर्ने सन्दर्भमा यस निबन्धमा नेपालको राजनीतिक साहित्यिक तथा सामाजिक जीवनका विसङ्गत पक्षप्रति व्यङ्ग्य प्रहार गरिएको यसको रचनाशैलीमा व्यङ्ग्यात्मकता पनि भेटिन्छ । सरल र बोधगम्य पद पदावलीका माध्यमबाट साहित्ययात्राका क्रममा निबन्धकारले अनुभव गरेका कुरालाई सहज रूपमा अभिव्यक्त गरिएको यस निबन्धको रचनाशैली मूलतः रैखिक ढाँचामा अगाडि बढेको छ ।

## ४.१० 'खडेरीको मौसमलाई शुभकामना' निबन्धको विश्लेषण

### ४.१०.१ विषयवस्तुको सारसङ्क्षेप

'खडेरीको मौसमलाई शुभकामना' निबन्धमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले 'रूपरेखा' पत्रिकाको रजत-जयन्तीको सन्दर्भमा नेपालमा साहित्यिक क्षेत्रमा देखापरेका समस्यालाई विषयवस्तु बनाएका छन् । नेपाल अल्पविकसित देश हो । यहाँ चेतनाको अभावमा जनमानसमा भाग्यवादी चिन्तनप्रति विश्वास छ । मानिसको भाग्यको निर्माण कसले गर्दछ भन्ने सवालमा यहाँका मानिसमा पुस्तागत द्वन्द्व छ । पुरानो पुस्ता मानिसको भाग्यनिर्माता ईश्वरलाइ मान्दछ भने नयाँ पुस्ता मानिसको भाग्यनिर्माणका रूपमा देशलाई

मान्दछ । यसै सन्दर्भमा निबन्धकार प्रधान देशको भाग्यनिर्माता भनेका त्यस देशका जनता हुन् भन्दछन् ।

हाम्रो समाजमा विद्यमान भाग्यवादी चिन्तनका कारण हामी पराधीन बन्दै गएका छौँ । भाग्यवादी सोच तथा व्यक्तिवादी चिन्तन र निजी स्वार्थ सिद्धिलाई प्रमुखता दिने प्रवृत्तिका कारण राष्ट्रको उन्नति हुन नसकेको हो । देशवासीको श्रम पसिना र पुरुषार्थ पनि अर्थहीन बनेको छ । यसको मूल कारण हाम्रो सोच नकारात्मक हुनु हो । हामी जयन्ती मनाउनुलाई ठूलो उपलब्धि ठान्दछौँ । कामलाई भन्दा हल्लालाई बढी महत्व दिन्छौँ । 'रूपरेखा' पत्रिकाको रजतजयन्ती पनि यस्तै परम्पराको एउटा पाटो हो ।

नेपाली समाजमा पत्रपत्रिकाका सम्पादक र पत्रिकाको अवस्था दयनीय छ । सुके रोग लागे जस्तै पत्रिका र त्यसका सम्पादकले दयनीय अवस्थामा जिउनुपर्ने भएको छ । पत्रपत्रिकामा प्रकाशित विचारहरूतर्फ कसैको ध्यान पुग्न सकेको छैन । पत्रकारिताको मूल मर्मलाई बुझ्नेहरूको अभावका कारण त्यसतर्फ मानिसहरू बेवास्ता देखाउँदछन् । बाँच्नका लागि चाकरी गर्नुपर्ने नेपाली पत्रकारिताको नियती बनेको छ । आत्मनिर्भर हुन नसक्दा नेपाली पत्रकारिताले स्वाभिमानका साथ आफ्नो अस्तित्व सुरक्षित गर्ने स्थिति छैन । विज्ञापन, चन्दा र कसैको निगाहमा पत्रपत्रिकाहरू सञ्चालित प्रकाशित गर्नुपर्ने हुनाले नेपालको पत्रकारिता स्वाधीन र स्वतन्त्र हुन सकेको छैन । जसले गर्दा पत्रिकाको गाली र सम्पादकले पाउने ताली दुवै मूल्यहीन बनेका छन् ।

नेपालको साहित्यिक पत्रकारिताको अवस्था त झन् जटिल र गम्भीर छ । साहित्यिक पत्रिकाहरू समाचारमूलक पत्रिका भन्दा अझै अमर्यादित अवस्थामा गुज्रिरहेका छन् । यिनीहरूबाट प्रत्यक्ष आलोचनाको सिकार हुनु नपर्ने हुँदा यस किसिमका पत्रपत्रिकातर्फ खासै कसैको ध्यान पुगेको छैन । साहित्यिक पत्रिकाहरूले अन्य पत्रपत्रिका सरह सुविधा र अवसर पाउनुबाट पनि वञ्चित भएका छन् । साहित्यिक पत्रिकाबाट कसैको निजी स्वार्थ पूरा नहुने हुँदा यसतर्फ कसैले ध्यान नदिइएको यथार्थ स्थितिको चित्रण यस निबन्धको विषयवस्तुको सेरोफेरो हो ।

पर्याप्त स्रोत र साधनको अभावका कारण साहित्यिक पत्रिकाहरूले अपेक्षाकृत गति लिन सकेका छैनन् । हाम्रो समाजमा हल्ला गर्न नसक्नेले केही गर्न सकेका छैनन् तर हल्ला गर्नेले थोरै गरेर पनि धेरै चर्चा पाएका छन् । हल्ला नगर्नेको सेवा र योगदानको कुनै मूल्य

छैन । हल्लालाई नै ठूलो उपलब्धि ठान्ने हाम्रो प्रवृत्ति बनिसकेको छ (पा.आ.टे, पृ. ७१) । हामी मानिसलाई द्यौता मान्ने संस्कारबाट ग्रसित छौँ । हामी समाजमा घट्ने घटनालाई दैवीघटना ठान्छौँ । यस्ता दैवी सङ्कटको प्रतिरोध गर्ने र प्रतिरक्षाका लागि सधैँ सजग र तत्पर हुने बौद्धिकताको अनिकालले हाम्रा युगहरू प्रभावित छन् (पा.आ.टे, पृ. ७१) । देशमा यस्तै बौद्धिकताको खडेरी परेको छ । यही खडेरी र अभावका कारण यहाँ सबै चिजहरू बिक्री भएका छन् । खराब वस्तु, खराब प्रवृत्तिका मान्छेसमेत धमाधम बिक्री भएका छन् । समाजमा चोर, डाँका, फटाहाको सन्त्रास फैलिएको छ । विविध कुराको अभावका कारण खडेरीको मौसमसँगै तातो हावा पनि चलेको छ । तातो हावामा पर्नेहरू ठहरै हुन सक्छन् । तातो हावाको व्याप्ति जतातत‍ै छ । तातो हावालाई चिस्याउन खोजे यो झन् आक्रामक भई खनिन पुग्छ तर हामी तातो हावाफ्रुप भइसकेका छौँ । हामीलाई दुःख पनि सुख लाग्न थालिसकेको छ । साहित्यको खडेरी घटाउन पसिना बगाउनेहरूको रजतजयन्ती आफैमा एउटा तपस्या हो । साहित्यप्रति भक्तिभाव राख्नेहरू बढ्दै गएमा यसको आयु बढ्ने निबन्धकारको आशय छ । यिनै निजी विचार र अनुभूतिहरूलाई प्रस्तुत निबन्धको विषयवस्तु बनाइएको छ ।

### ४.१०.२ विचार/उद्देश्य

खडेरीको मौसमलाई शुभकामना निबन्धमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको कर्मवादी विचारलाई अभिव्यक्त गरिएको छ । उनी भाग्यमा नभई कर्ममा विश्वास गर्दछन् । मानिसको भाग्यनिर्माता न त ईश्वर हो न त देश हो । मानिस आफ्नो भाग्यनिर्माण आफैले गर्दछ । देशको उन्नति-प्रगति पनि त्यस देशवासीको कर्ममा आश्रित हुन्छ (पा.आ.टे, पृ. ६९) । भाग्यवादी चिन्तनको पछि लाग्नेहरू सधैँ पराधीन हुनुपर्दछ । स्वाधीन, सवतन्त्र र आत्मनिर्भर हुनका लागि कर्मशील बन्नुपर्दछ भन्ने निबन्धकारको विचार रहेको छ ।

‘रूपरेखा’ पत्रिकाको रजत-जयन्तीको सन्दर्भलाई जोडेर नेपाली पत्रकारिता र अझ त्यसमा पनि नेपाली साहित्य र साहित्यिक पत्रकारिताका समस्याहरूको यथार्थ चित्रण गर्नु यस निबन्धको उद्देश्य हो । नेपाली समाजमा व्यक्तिवादी चिन्तन हावी हुँदै गएको छ । व्यक्तिगत स्वार्थलाई महत्व दिने प्रवृत्ति बढेको हुनाले देशको उन्नति र प्रगति हुन नसकेको हो भन्ने निबन्धकार प्रधानको धारणा रहेको छ । राष्ट्रिय र सामूहिक स्वार्थलाई भन्दा निजी स्वार्थसिद्धिलाई महत्व दिने प्रवृत्ति बढेको हुनाले यस देशमा पसिना बगाउनेहरूको श्रम र उनीहरूको पुरुषार्थ पनि अर्थहीन बन्न पुगेको हो भन्ने निबन्धकारको विचार छ ।

हाम्रो समाजमा कामलाई भन्दा कुरालाई महत्व दिने र थोरै काम गरे पनि त्यसको प्रचारबाजी गरी समय खेर फाल्ने प्रवृत्ति छ । दिवस र जयन्ती मनाउनुलाई ठूलो उपलब्धि ठानेर त्यसैमा गर्भ गर्न लाग्ने हो भने हामी प्रगति गर्न सक्दैनौँ भन्ने निबन्धकार प्रधानको दृष्टिकोणको अभिव्यक्ति यस निबन्धमा भएको छ ।

नेपाली साहित्य, नेपाली साहित्यकार, नेपाली साहित्यिक पत्रकारिताको दयनीय अवस्थाको यथार्थ चित्रण यस निबन्धमा गरिएको छ । पर्याप्त मात्रामा स्रोत साधनको अभावका कारण नेपाली साहित्यिक फाँट उर्वर बन्न नसकेको यथार्थको चित्रण यस निबन्धको उद्देश्य हो । नेपाली पत्रिका र त्यसका सम्पादकहरूले सधैँ अभावै अभावको सामनागर्नुपरेको छ । यही अभावका कारण स्वतन्त्रता र स्वाभिमानका साथ साहित्यिक पत्रिकामार्फत् साहित्यको उन्नति, प्रगति हुन नसकेको हो भन्ने निबन्धकारको विचार छ । निबन्धकार प्रधान यस निबन्धमा मर्यादित पत्रकारिताको पक्षमा छन् । उनी हल्लालाई होइन कामलाई महत्व दिनुपर्छ भन्ने विचार व्यक्त गर्दछन् । कामभन्दा हल्ला ठूलो गर्ने प्रवृत्तिप्रति निबन्धकार असहमत छन् । उनी हल्ला गर्नेको नभई सेवा र योगदान गर्नेको महत्व हुनुपर्ने धारणा अगाडि सार्दछन् । वौद्धिकता र चेतनाको अभावका कारण हामीमा सत्य तथ्य कुराको पछि नलागी गलत कुरामा विश्वास गर्ने संस्कार बसेको विचार व्यक्त गर्दछन् । उनी भन्दछन् – *"मान्छेलाई द्यौता बनाइदिने संस्कारमा हामीमा जे घट्छन् सबै दैविक हुन्छन् । यस्ता दैवी सङ्कटको प्रतिरोध गर्ने र प्रतिरक्षाका लागि सधैँ सजग र तत्पर हुने बौद्धिकताको अनिकालले हाम्रा युगहरू हतप्रभ छन् ।" (पा.आ.टे, पृ. ७१)*

देशमा बौद्धिकताको अभाव छ जसले गर्दा खराब मनोवृत्ति भएकाहरू पनि इमान्दार बनेका कहलिएका छन्, चोर डाँकाहरू सज्जन कहलिएका छन् । यस्तै खराब मनोवृत्तिका मानिसहरूका झुट्टा कुरालाई हामी देववाणी सम्झेर शिरोधार्य गरिरहेका छौँ । सत्य र तथ्य कुराको विश्लेषण गर्न सक्ने चेतनाको अभावमा हामीहरू विरोधशून्य जीवन बिताइरहेका छौँ भन्ने विचारलाई निबन्धकार प्रधानले यस निबन्धमा निकै कलात्मक रूपमा प्रस्तुत गरेका छन् । निबन्धकार प्रधानले समाजका आर्थिक बौद्धिक राजनीतिक क्षेत्रमा जस्तै साहित्यिक क्षेत्रमा पनि अभावको खडेरी परिरहेको अवस्थामा यस्तो खडेरी हटाउन पसिना बगाउनेहरूको रजतजयन्ती आफैमा एउटा तपस्या हो र साहित्यतर्फ मक्ति र आस्था भएकाहरू बढ्दै गएमा यसको भविष्य बढ्ने विचार यस निबन्धमा व्यक्त गरेका छन् ।

### ४.१०.३ प्रस्तुति/शैली

निजात्मकता आधुनिक निबन्धको खास पहिचान हो । वस्तुको सिङ–पुच्छर छाम्नुभन्दा वस्तुका माध्यमबाट निबन्धकारका जीवन भोगाइका अनुभव र अनुभूतिहरूको अभिव्यक्तिलाई महत्व दिने प्रवृत्ति कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा पाइन्छ । 'खडेरीको मौसमलाई शुभकामना निबन्ध पनि कृष्णचन्द्रसिंह प्रधानको निजात्मक निबन्ध हो । यस निबन्धमा नेपालको साहित्यिक फाँटमा देखिएको अभावजन्य विवश परिस्थितिको अभिव्यक्तिलाई केन्द्रीय कथ्य बनाइएको छ । निबन्धकार प्रधान सम्पादक भएर पत्रिका संचालन गर्नुपर्दा आइपर्ने समस्यालाई यस निबन्धमा प्रस्तुत गरेका छन् र ती समस्याको अभिव्यक्तिका लागि आत्मपरक शैली अवलम्बन गरेका छन् । शीर्षक र विषयवस्तुको बीच व्यङ्ग्यात्मक/व्यञ्जनात्मक सम्बन्ध रहेको यस निबन्धमा आर्थिक समस्या पूरा गर्न चन्दादाता, विज्ञानपनदाता लगायतका व्यावसायिक, राजनीतिक सामाजिक व्यक्तिहरूको चाकडी चाप्लुसी गरी गर्नुपर्ने सम्पादकहरूको विवशतालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । विचार वाक्यबाट निबन्धको थालनी गरी क्रमशः त्यसलाई पुष्टि गर्दै लैजाने शैलीको उपयोग यस निबन्धमा गरिएको छ । प्रथम पुरुषवाचक शब्द 'म/हामी' का माध्यमबाट नेपालको साहित्यिक फाँटमा देखिएका समस्यालाई प्रस्तुत गरिएको यो निबन्ध प्रथम पुरुष दृष्टिविन्दुमा अगाडि बढेको छ । अन्तरअनुप्रासीयता र अन्त्यानुप्रास युक्त वाक्यहरूको प्रयोगले यसको भाषाशैली काव्यात्मक बन्न पुगेको छ । सरल भाषाका माध्यमबाट निबन्धकारका विचार र अनुभूतिको सहज अभिव्यक्ति यसको भाषाशैलीगत पहिचान हो ।

## ४.११ 'आस्थाको द्वीपमा मान्छे' निबन्धको विश्लेषण

### ४.११.१ विषयवस्तुको सारसङ्क्षेप

यस निबन्धमा मानवजीवनका आस्थालाई विषयवस्तु बनाइएको छ । मानिस सबल प्राणी भएर पनि निर्बल बनेको छ । ऊ आफैमा स्वतन्त्र रूपमा बाँच्न सक्दैन । उसलाई बाँच्नका लागि आस्थाको चौराली चाहिन्छ । ऊ भगवान, मानिस, देश, राष्ट्रियता, समाज, सिद्धान्त आदिमा आस्था राखेर मात्र बाँच्न सक्छ । आस्थागत भावनामा प्रत्येक द्वीप मन्दिर बन्छ, चौता बन्छ, महापुरुष बन्छ, नेता बन्छ र तिनकै आस्थागत सेरोफेरोमा मानिस आफूलाई सुरक्षित अनुभव गर्दछन् । आस्था विना मानिस गन्त्यहीन र दिशाविहिन बन्दछ ।

जतिसुकै आपत्-विपत्मा समस्या र सङ्कटमा पनि मानिस एउटा आस्थामा बाँचिरहेको हुन्छ । मानिस र उसको आस्थाको केन्द्र ईश्वर दुवै शाश्वत छन् । कहिल्यै नभेटिने, नआत्तिने रोमाञ्चकारी छटा र रहस्य नै ईश्वर हो । त्यही ईश्वरप्रतिको आस्था मानवीय जीवनको आधार हो ।

मानिस एक निर्दो र निर्बल प्राणी हो । ऊ स्वतन्त्रतापूर्वक आफ्नो अस्तित्व सुरक्षित गर्न सक्दैन । बाँच्नको लागि यो विश्वब्रह्माण्ड नै प्रशस्त छ तर आफूलाई कसैबाट परिचालित ब्रह्माण्डको अंशविशेष ठान्ने मानिसहरूको धारणाले सिर्जना गरेको आस्थामा जतिसुकै दुःखकष्ट भोगेर पनि सहजताका साथ बाँचिदिने सन्तुष्टि प्राप्त भएको हुन्छ । निबन्धकार प्रधान आफू आफैप्रति आस्थावान् हुन नसकेकोमा आफैप्रति प्रश्न गर्दछन् । अविश्वासको मानसिकता र असहायपनको लघुताभाषले कसैको भरोसा खोज्छ । त्यसैले मानिस कसैप्रति आस्थावान् हुन्छ । ऊ आस्थावान् भएकै कारण अफैमा स्वतन्त्र छैन । स्वतन्त्रता मानव जीवनको सार्थकता हो । राजनीतिक, मानसिक, आर्थिक, वैचारिक प्रभुत्वबाट आफ्नो भाग्यको निर्णय आफै गर्ने स्वतन्त्रताविना आफ्नो मालिक आफै बन्न सकिन्न त्यसैले अन्तरआत्माको विश्वासिलो द्विप सृष्टि गरी मान्छेप्रति आस्थावान् बन्न सिकौं भन्दै निबन्धकार मान्छेले मान्छेलाई आस्थाको केन्द्रविन्दु बनाउनुपर्ने आफ्ना धारणालाई यस निबन्धको विषयवस्तु बनाएका छन् ।

### ४.११.२ विचार/उद्देश्य

'आस्थाको द्वीपमा मान्छे' निबन्धमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले मानिसलाई सबैभन्दा महत्व दिनुपर्ने विचार व्यक्त गरेका छन् । प्रस्तुत निबन्धमा मानवीय आस्थालाई मूल विषय बनाइएको छ । मानिस संसारको सबैभन्दा विकसित र चेतनशील प्राणी हो । ऊ सबल हुँदाहुँदै आफैमा निकै कमजोर र निरीह बनेको छ । यसरी मानिस आफैमा निर्दो, निरीह र दुर्वल हुनु आफूप्रति आफैले विश्वस नगर्नु हो । मानिसको मानिसप्रति आस्था नहुनु हो भन्ने निबन्धकारको विचार यस निबन्धमा अभिव्यक्त भएको छ । मानिस कसैप्रति आस्था नराखी एक पल पनि टिक्न सक्दैन । मानिसलाई बाँचनका लागि कुनै न कुनै आधार चाहिन्छ । ईश्वर, धर्म, राष्ट्र, राष्ट्रियता, समाज आदिलाई आस्थाको धरोहार मानेर नै मानिस आफ्नो जीवन विताउँछ । मानिसको सबैभन्दा ठूलो आस्थाको केन्द्र ईश्वर हो । यही ईश्वरप्रति आस्थावान भएकै कारण मानिस स्वतन्त्र र सार्थक जीवन जिउन सकिरहेको छैन । कसैप्रतिको आस्था र विश्वासमा बाँच्ने मानिस जस्तोसुकै सङ्कट, आपत्विपत्मा पनि

बल प्राप्त गर्दछ, विश्वासले धैर्य गर्न साहस दिन्छ । सङ्कल्पले स्थिर रहन आँट दिन्छ अनि सस्कारले आफै हुन सम्मोधन दिन्छ भन्दै मान्छे भन्नु नै एउटा आस्था हो भन्ने विचार निबन्धकारले व्यक्त गरेका छन् ।

निबन्धकारका विचारमा ईश्वर भन्नु र मानिस भन्नु एउटै हो । मानिसले जबसम्म ईश्वरलाई आस्थाको द्वीप मानी पूजा गर्दछ तबसम्म ईश्वरको अस्तित्व रहिरहन्छ । जब मानिस मर्दछ तब ईश्वर पनि मर्दछ भन्दै ईश्वर भनेकै मानिसको आस्था हो भन्ने विचार निबन्धकार प्रधानको रहेको छ । मानिस आफैमा स्वतन्त्र छैन । कसैबाट परिचालित व्रह्माण्डको एउटा अंश विशेष हुँ भन्ने मानिसहरूको धारणाले सृष्टि गरेको आस्थामा जस्तोसुकै दुःख, कष्ट खपेर पनि सहजतया बाँचिदिने तुष्टि रहेको हुन्छ भन्दै आस्थावान हुनु एउटा सम्झौता हो भन्ने विचार निबन्धकारको छ ।

निबन्धकार प्रधान आस्थावान् भएको कारण मानिस स्वतन्त्र हुन नसकेको विचार व्यक्त गर्दछन् । उनी आफ्नो निर्णय आफै नगर्दासम र ईश्वर र भाग्यमा विश्वास गर्दा सम्म हामी आफ्नो मालिक आफै बन्न सक्दैनौ भन्ने विचार प्रकट गर्दछन् । उनी आस्थाको बोझ र विरक्तिले अनास्था हुकाईरहेको छ । कमजोरी रस बलिविहीनतालाई परिभाषित गर्ने आस्थामा स्वत्व र व्यक्तित्व खोज्नु भूल हो भन्दै मौलिकपन र व्यक्तित्व केवल आत्मविश्वास र आत्माप्रतिको आस्थामा मात्र प्राप्त गर्न सकिन्छ, मानिसले आत्मविश्वासका साथ आत्मनिर्भरतातर्फ उन्मुख हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

### ४.११.३ प्रस्तुति/शैली

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको प्रस्तुत निबन्धमा मानवीय आस्थाको अभिव्यक्तिलाई मूल उद्देश्य बनाइएको छ । यस निबन्धमा व्यङ्ग्यात्मक कथन नभई साधारण कथन बढी व्यक्त गरिएको छ । निबन्धकार प्रधानले यस निबन्धमा मानिस चेतनशील प्राणी भइकन पनि नितान्त निरीह र दुर्वल बनेको धारणा व्यक्त गर्दै निबन्धलाई आत्मपरकता प्रदान गरेका छन् । यस निबन्धमा मानिसमा रहेको आस्थाले नै उसलाई स्वतन्त्र भएर बाँच्न नदिएको भन्ने निबन्धकारको निजात्मक अनुभूति अभिव्यक्त भएको छ । निबन्धकारका निजी विचारप्रधान वाक्यलाई शीर्षवाक्य बनाई त्यसलाई क्रमशः पुट्याइँ दिँदै जाने निगमनात्मक शैलीको उपयोग गस निबन्धमा गरिएको छ । यसका लागि निबन्धकारले विभिन्न तर्कहरूलाई अगाडि सारेका छन् । हार्दिकता तार्किकताको सन्तुलनले यस निबन्धको रचनाशैली निकै प्रभावकारी बनेको छ । मानव जीवनका रहस्यमूलक कुराहरूको चित्रण

गरिएको यस निबन्धमा मानिसले मानिसलाई आस्था र विश्वासको केन्द्रविन्दु बनाउनुपर्ने निबन्धकारका निजी धारणाहरूको सशक्त अभिव्यक्ति भएको छ । सरल, सहज, हार्दिक र बोधगम्य पद पदावलीको प्रयोगले निबन्ध निकै प्रभावकारी बनेको छ ।

## ४.१२ 'पाइला आगतमा टेकेर/एक' निबन्धको विश्लेषण

### ४.१२.१ विषयवस्तुको सारसङ्क्षेप

पाइला आगतमा टेकेर/एक' निबन्धमा मानव सभ्यताको विकायात्रामा देखापरेका मोडहरूको ऐतिहासिक सर्वेक्षणलाई विषयवस्तु बनाइएको छ । मानवसभ्यताको विकासयात्रामा यस धर्तीमा असङ्ख्य पाइलाहरू टेकिए । मानवसभ्यताको आदिकालदेखि वर्तमानसम्म मानिसले आफ्नो अस्तित्वका लागि अनेकौं सङ्घर्षका खुड्किलाहरू पार गर्दै आएको छ । मानिसहरूका पाइलाबाट नै सिङ्गो इतिहास निर्माण भएको छ । संसारका हरेक वस्तु, घर, गाउँ,, सहर सभ्यता सम्पूर्ण आविष्कार जम्मै सृष्टिहरू मानिसका पाइलाका उपज हुन् । जसले पटकपटकको काँटछाँट संशोधनले पनि अझै पूर्णता पाउन सकेका छैनन् । प्राचीन ढुङ्गेयुगदेखि वर्तमान विज्ञान र प्रविधिको युउगसम्म आइपुग्दा मानव इतिहासले विभिन्न चरणहरू पार गरिसकेको छ । जङ्गली युगबाट सभ्यतातर्फ उन्मुख मानवजीवन सभ्यताको महायात्राको पहिलो चरण थियो । जङ्गली युगमा गुफामा बस्ने मानिस क्रमशः घर बनाएर बस्न थाल्छ, खेती गर्न थाल्छ, गाउँबस्ती गर्दै सहर बन्दछन्, कला र मूर्तिको निर्माण गरी मानिसले आफूलाई गतिशील विकसित बनाउँदै लग्दा राज्यको निर्माण हुन्छ । मानिसको व्याप्ति राज्यमा मात्र सीमित बन्न नसकेपछि साम्राज्यको विस्तार हुन थाल्छ । मानिसको सङ्ख्या जसरी बढ्दै जान्छ त्यसरी नै उसका पाइलाहरू खुम्चिन थाल्छन् । साम्राज्यवादको महत्वाकांक्षाहरू सीमित ठाउँमा खुम्चिन विवश बन्दछन् । मानिस संसारमा आफ्नो अस्तित्व बचाउनका लागि सङ्घर्ष गर्दागर्दै मिश्र मेसोपोटामिया, युनान, भारत र चिनिया सभ्यताको विकास हुन्छ । मानव इतिहासको यस श्रृङ्खलामा सहर र विकास मात्र नभई विनाश पनि निम्तिन्छ । मानव सभ्यताका उपज मानिएका थिब्स, एथेन्स, जस्ता सहरहरू मानवीय उच्च महत्वाकाङ्क्षाका कारण ध्वस्त हुन पुग्दछन् । सत्यको पक्षमा बोल्ने दार्शनिकको जीवनलीला समाप्त गर्ने जस्तो कलङ्कित इतिहास पनि मानिसले नै बनाएका छ । सुकरात, जिससक्राइस्ट, मनि जस्ता महापुरुषहरूलाई मृत्युदण्ड दिँदा पाश्चात्य युनान र रोमका देवताले पनि केही गर्न सक्दैनन् । विश्वका सुधारक र शान्तिको सन्देशवाहक जरथुस्त्र, बुद्ध र कन्फ्युसियस केवल इतिहास बनेर बसेका छन् । तर पनि विभिन्न

जातजातिहरू आफ्ना धर्ममा आस्थावान् रहिरहेका छन् भन्दै निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले विश्वमानइतिहासका सबल र दुर्बल पक्षलाई यस निबन्धको विषयवस्तुको सेरोफेरो बनाइएका छन् ।

### ४.१२.२ विचार/उद्देश्य

प्रस्तुत निबन्ध निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको बौद्धिक, चिन्तनप्रधान र वैचारिक निबन्ध हो । मानव सभ्यताको विकासयात्राका क्रममा देखिएका विभिन्न मोडहरूको निबन्धात्मक अभिव्यक्ति दिनु यस निबन्धको उद्देश्य हो । जङ्गली ढुङ्गेयुगबाट वर्तमान सभ्य युगसम्म आइपुग्दा मानवसभ्यताले विभिन्न तीतामीठा खुड्किलाहरू पार गर्नुपरेको यथार्थलाई निबन्धकार प्रधानले यस निबन्धका माध्यमबाट प्रस्तुत गरेका छन् । "सभ्यताको ढुङ्गामा पाइलाले खोपेको इतिहास बाँचेर मान्छेलाई पनि यही पाइलालो नापूँ र सिङ्गो मान्छे अटाउने एक पाइलो अर्को थपूँ ।" (पा.आ.टे., पृ. ७६) । निबन्धकारको यस भनाइबाट पनि प्रस्तुत निबन्धको उद्देश्य स्पष्ट हुन्छ । वर्तमान सभ्यताको इतिहास भनेकै मान्छेका पाइलाको इतिहास हो । पाइला उठ्छ मान्छे हिँड्छ, पाइला हिड्छ मान्छे बढ्छ, पाइला बढ्छ एक नअडकिने डाम बस्छ ।" (पा.आ.टे, पृ. ७७)भन्दै निबन्धकार प्रधान इतिहासको निर्माता मानिस हो र इतिहासको निर्माता मानिसका पाइला हुन् भन्ने विचार व्यक्त गर्दछन् ।

मान्छेले निर्माण गरेको यो सभ्यताको इतिहासलाई सुन्दर र पूर्ण बनाउने प्रयत्नमा मानिस तल्लीन छ । पटकपटक परिष्कार परिमार्जन संशोधन र काँटछाँट गर्दा पनि यो अझै अपाङ्ग र अपूर्ण छ र यसलाई मानिसले नै पूर्णता दिनुपर्छ र सुन्दर बनाउनुपर्ने निबन्धकारको विचार रहेको छ (पा.आ.टे, पृ. ७७) ।

मानिस जिज्ञासुका साथै एक महत्वाकांक्षी प्राणी हो । उसको यही जिज्ञासा र महत्वाकांक्षाले उसलाई आदिम जङ्गली युगबाट वर्तमान विज्ञान र प्रविधिको युगसम्म ल्याएको हो । यस क्रममा सुरुमा ऊ जङ्गली युगमा थियो । गुफामा बस्नुलाई ठूलो उपलब्धि ठान्ने मानिस क्रमशः आफ्ना आवश्यकताहरू पूरा गर्न र आफ्नो अस्तित्व सुरक्षित गर्न घरनिर्माण र खेतीपातीमा लाग्यो । त्यसपछि उसले गाउँबस्तीहरू बनायो अनि सहर कला र मूर्तिकलाका माध्यमबाट आफूलाई सभ्यतातर्फ उन्मुख गरायो । मानिसको चेतना, श्रम र सीप पोखिएपछि संसारमा नमुना सहर र सभ्यताको उदय भएको हो भन्ने निबन्धकारको धारणा छ । उनी यस निबन्धमा मानसभ्यताको विकासयात्राका क्रममा देखिएका सिर्जनाका

नमूना र विश्वप्रसिद्ध ऐतिहासिक पुरुष, महापुरुष, दार्शनिक र तिनका प्रभावको ऐतिहासिक तथ्यलाई प्रस्तुत गर्दछन् । जसका उदाहरण हुन् । मिश्र, मेसोपोटामिया, युनान, थिब्स, बेबिलोन चीन र भारतको सभ्यता, कला, मूर्तिकला मानवीय सीपका अपूर्व नमूना प्रस्तुत गर्ने मानिसले केवल सिर्जनशीलका म मात्र नभई बेलाबखत ध्वंसात्मक कार्य गरी सभ्यता विनष्ट गरेको तीतो वास्तविकतालाई देखाउनु पनि यस निबन्धको उद्देश्य देखिन्छ । सुकरात जिसस क्राइस्ट मनि जस्ता दार्शनिक धार्मिक महापुरुषहरूको हत्या गरेर यस मानवसभ्यतालाई कलङ्कित पार्ने काम पनि मानिसबाटै भएको वास्तविकतालाई निबन्धकार प्रधानले यस निबन्धका माध्यमबाट देखाएका छन् । यसरी सुखद र दुःखद दुवैखाले इतिहासको निर्माता मानिसले अझै पनि आफ्ना आस्था र विश्वास नछोडेको विचार निन्धकारको छ ।

**४.१२.३ प्रस्तुति/शैली**

विचारमूलक वाक्यहरूबाट निबन्धको थालनी गरिएको यस निबन्धमा सीमित मात्रामा आत्मपरकता र बढी मात्रामा वस्तुपरक लेखनशैली पाइन्छ । मानवसभ्यताको अनुशीलन गरिएको यस निबन्धमा मानवसभ्यताको इतिहासका महत्वपूर्ण मोड र ती मोडहरूमा चर्चित बनेका व्यक्तिहरूका कार्यको चित्रण गरिएको छ त्यसैले यस निबन्धमा आत्मपरकताको समिश्रित सन्तुलित स्वरूप पाइन्छ । त्यसैगरी हार्दिकता र तार्किककता यस निबन्धका प्रस्तुतिगत थप उपलब्धि हुन् । यस निबन्धले मानवसभ्यताका ध्वंशात्मक मोडभन्दा सिर्जनशील पक्षको पर्यपेक्षणलाई प्राथमिकता दिएको छ । त्यसैले यसको भाषाशैलीमा सौम्य, शान्त भावको अनुकूल हुने खालको भाषिक प्रयोग पाइन्छ । विश्वको खासगरी सिर्जनात्मक ऐतिहासिक सर्वेक्षणका सन्दर्भमा मानव सभ्यतालाई समुन्नत बनाउन योगदान दिएका पूर्व पश्चिमका ऐतिहासिक तथा सिर्जनात्मक घटना तथा कार्यको उल्लेख गर्ने सन्दर्भमा यो निबन्ध केही बौद्धिक बन्न पुगेको छ । छोटो संरचनागत प्रस्तुतिभित्र विश्व मानवसभ्यताका महत्वपूर्ण घटना र तत्सम्बन्धी महान् व्यक्तिहरूका योगदानको चर्चा गर्न सफल हुनु निबन्धकारको प्रस्तुतिगत मौलिकता देखिन्छ ।

४.१३. **'पाइला आगतमा टेकेर/दुई' निबन्धको विश्लेषण**

**४.१३.१ विषयवस्तुको सारसङ्क्षेप**

'पाइला आगतमा टेकेर/दुई' निबन्धमा निबन्धकारले मानवसभ्यताको विकासयात्रालाई विषयवस्तु बनाएका छन् । यो निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको 'पाइला आगतमा टेकेर/एक' निबन्धको उत्तर भागका रूपमा रहेको छ । यस निबन्धमा पाश्चात्य तथा पूर्वीय पूराकथाका सन्दर्भहरूको उल्लेख गरिएको छ । पाश्चात्य पौराणिक तथा पुराकथात्मक पात्राहरू जस्तै ओसइरिस, एटन, मार्डुक, जियस, जुपिटर र पूर्वीय पौराणिक कथाका ब्रह्मा विष्णु महादेव आदिको उल्लेख गरेर पाश्चात्य तथा पूर्वीय धार्मिक, सांस्कृतिक सभ्यता र तिनको समयानकूल प्रभावलाई देखाइएको छ । पूर्व र पश्चिम दुवैतिरको सभ्यतामा देवीदेवताप्रतिको विश्वासको प्र.भाव निकै सशक्त देखिन्छ । मानव जातिका आस्था र विश्वास र भरोसाका केन्द्रविन्दु मानिएका देवदेवताले मानिसको समाजमा एकप्रकारसको लहरको सृष्टि गर्दछ । श्रद्धा प्रेम, विवेक विश्वासको आध्यात्मिक धरातलमा विश्वस्त मानिसका क्रियाहरू, कामनाहरू देवताको आशीर्वाद माग्दछन् । सृष्टि प्रक्रियाको निरन्तरतामा दैवीप्रेरणा र दैवी शक्तिको महत्वपूर्ण स्थान हुन्छ भन्ने संस्कार र सामाजिक सांस्कृतिक क्षेत्रमा फैलिन्छ । यिनै आस्था र विश्वासका टुक्रिएका समर्पित पाइलाहरूबाट विभिन्न धर्म र सम्प्रदायको उदय हुन्छ । धर्मसम्प्रदायमा विभाजित मानिसहरूका बीच धर्मयुद्ध चल्छ । धर्मका नाममा मानिसको बलि चढाउँछ । मानिस धर्मयुद्धका महामारीका बीच निस्सासिन विवश हुन्छ । अहिंशाको उपदेश दिनेहरू नै हिंसात्मक कार्यमा प्रवृत्ति हुन्छन् । देवताका मूर्तिहरू ढल्छन् । मानिसको इतिहास रगतले मुछिन्छ । रगतले इतिहास लेखिन्छ । मानिसले खेलेको रगतको होलीमा सम्पूर्ण विश्वमानवता निरीह अवस्थामा निस्सासिन विवश हुन्छ । यस्तै मानिसको पाइला अगाडि बढ्दै जाँदा मानव सभ्यतामा शेलर, बुल्डोजर टैङ्कको प्रयोग हुन थाल्यो । कैयौँ वर्षको मेहनत र सीपको उपज मानिएका सहरहरू ध्वस्त हुन पुगे । छयार्स, सिकन्दर, एटिला, चङ्गज खाँ, हिटलर र जङ्गबहादुर जस्ता क्रुर, निरङ्कुश महत्वाकांक्षी र सर्वविजयी बन्न चाहने शकासकहरूले सिर्जनभूमिलाई मसानभूमि बनाइदिए । यसरी सभ्यताको विकास यात्रामा पृथ्वीमा देखिएका कहाली लाग्दा प्रसङ्गहरूलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

### ४.१३.२ विचार/उद्देश्य

मानवसभ्यताको विकासयात्रमा देखिएका विभिन्न मोडहरू, धार्मिक आध्यात्मिक, संस्कारले मानिसको जीवनशैलीमा ल्याएका परिवर्तनहरू र रक्तपातपूर्ण धर्मयुद्ध र सर्वविजयी बन्ने मानसिकताका शासकहरूका महत्वाकांक्षी विचारले विश्वमानवसभ्यतामा देखिएका

विनाशकारी परिणतिहरूको चित्रण गर्नु यस निबन्धको उद्देश्य रहेको छ । यसका लागि निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले पाश्चात्य तथा पूर्वीय पौराणिक पुराकथात्मक र ऐतिहासिक सन्दर्भहरूको उल्लेख गरेका छन् । मानव सभ्यताको विकास यात्रामा जङ्गली अवस्थाको मानिस विकसित हुँदै जाँदा आफू बाँच्नका लागि कसैप्रति आश्रित हुन खोज्यो र आदि देवताका रूपमा ओसिरिस एटन मार्डुक ब्रह्मा, विष्णु, महादेवको कल्पना गरी तिनैप्रति आफूलाई समर्पित गर्न थाल्यो जसले गर्दा दैवशक्तिप्रतिको मान्छेमा आस्था जागेको विचार निबन्धकारको छ । मानिसहरूका पाइलाहरूको टेकाइबाट नै यस धर्तीमा नौलो सभ्यताको सिर्जना भएको भन्ने निबन्धकारको विचार छ ।

देवताहरूको आगमनले मानिसको बस्तीमा एकप्रकारको लहर सृष्टि भई मानिस विकसित भएको हो भन्ने निबन्धकारको दृष्टिकोण छ । पाश्चात्य देवीदेवताहरू जयोनिसस, बेकस, डायोनिसस, अफ्रोडाइट, भिनस सबै मानिसका संस्कारित हृदयका उपज हुन् र यिनैमा आस्था र विश्वास राख्दै मानिसले सभ्यतालाई गतिशील बनाएको भन्ने निबन्धकारको निजी दृष्टिकोण रहेको छ ।

'पाइला आगतमा टेकेर/दुई' निबन्ध निबन्धकारको विश्लेषणात्मक निबन्ध हो । यस निबन्धमा मानव सभ्यताको उषाकालेखि यान्त्रिक युगसम्मको ऐतिहासिक चक्रको विश्लेषण गरिएको छ । यस निबन्धमा मानवजीवनका आस्थालाई देखाइएको छ जसको आड, भरोसा र विश्वासमा मानिस बाँचेको छ भने अर्कातर्फ मानिसका आस्था विश्वासका धरोहरहरू छुट्टिँदा मानिस विभिन्न जातजाति र धर्म सम्प्रदायमा विभक्त भएको देखाइएको छ । इसाई र स्लाम तथा हिन्दू स्लामका बीचका धर्मयुद्धहरू मानिसका यिनै फरकफरक आस्थाका लडाइँहरू हुन् । धर्मका नाममा भएका यिनै विनाशकारी युद्धमा लाखौँ लाख मानिसहरू जीवन गुमाउनुपरेको विचार निबन्धकारले यस निबन्धका माध्यमबाट व्यक्त गरेका छन् ( पा.आ.टे, पृ. ८१) । धर्मका नाममा विद्रोही विचार राख्ने मानिसहरूको हत्या गरेर अहिसाको उपदेश दिने ईसाई धर्मपरिषद्ले गरेका कुकृत्यप्रति निबन्धकार प्रधान यहाँ व्यङ्ग्यात्मक स्वरूप सुसेलेका छन् (पा.आ.टे, पृ. ८१–८२) ।

सभ्यताको नाममा धर्मको नाममा, जाति र सम्प्रदायका नाममा मानिसको र मानवसभ्यताको विनाश गरी गौरव गर्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्यात्मक स्वर ध्वनित गर्नु यस निबन्धको प्रमुख वैचारिक विशेषता बनेको छ । यस निबन्धमा मानव सभ्यताको विकासयात्राका क्रममा देखिएका युद्धविभीषिकाको चित्रण वर्णन गर्दै अप्रत्यक्ष रूपमा

निबन्धकारले मानवसभ्यतालाई कलङ्कित बनाउने यस्ता हिंसात्मक प्रवृत्तिको अन्त्य हुनुपर्ने विचार अभिव्यक्त गरेका छन् ।

### ४.१३.३ प्रस्तुति/शैली

'पाइला आगतमा टेकेर/दुई' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको बौद्धिक चिन्तनप्रधान निबन्ध हो । प्रस्तुत निबन्धमा मानव सभ्यताको ऐतिहासिक सर्वेक्षण गर्ने क्रममा पाश्चात्य पूरा कथात्मक तथा ऐतिहासिक घटनाक्रमको वर्णनात्मक विवरणात्मक प्रस्तुति पाइन्छ । ऐतिहासिक मोडहरूको विश्लेषण र त्यसले मानवजीवनमा पारेको प्रभावको विश्लेषण गर्दा निजात्मक रङ्ग दिने कामसमेत निबन्धमा गरिएकाले वस्तुपरकता र निजात्मकताको समिश्रित प्रस्तुति यस निबन्धमा भएको छ । बौद्धिकता र चिन्तनशीलताले यस निबन्धको रचनाशैली ओजपूर्ण बनेको छ । तत्सम र तद्भव शब्दको सन्तुलित प्रयोग भएको यस निबन्ध पाश्चात्य धर्म, संस्कार, संस्कृति र सभ्यताको चित्रण, वर्णन तथा विश्लेषणका सन्दर्भमा आगन्तुक शब्दको प्रयोग पनि यथोचित मात्रामा गरिएको छ । यस निबन्धमा प्रधानको प्रस्तुति समालोचनात्मकतातर्फ पनि अभिमुख भएको देखिन्छ । धार्मिक, आध्यात्मिक सन्दर्भको ऐतिहासिक सर्वेक्षणका सन्दर्भमा धार्मिक क्षेत्रका विकृति-विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएकाले व्यङ्ग्यात्मक प्रस्तुति पनि यसको महत्वपूर्ण प्रस्तुतिगत विशेषता बनेको छ ।

# पाँचौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### ५.१ 'पाइला आगतमा टेकेर' निबन्ध सङ्ग्रहका आधारमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको प्रवृत्तिगत मूल्याङ्कन

कृष्णचन्द्रसिंह प्रधान चर्चाका दृष्टिले कम चर्चित निबन्धकार भए पनि नेपाली साहित्यका सबल र सफल निबन्धकार हुन् । २००४ सालमा 'झुत्रो लुगा' शीर्षकको निबन्धका माध्यमबाट उनी नेपाली निबन्धको फाँटमा उदाएका हुन ।[५०] उनी पूर्ववर्ती निबन्धकार लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम लगायतका नेपाली निबन्धकारका प्रवृत्तिलाई पछ्याउँदै थप मौलिक विशेषताका साथ नेपाली निबन्धको फाँटलाई उर्वर बनाउने निबन्धकार हुन् । 'पाइला आगतमा टेकेर' उनको मौलिक निबन्ध सँगालो हो । यस सङ्ग्रहभित्र तेह्रवटा निबन्धहरू सङ्कलित छन् । यिनै निबन्धकृतिमा पाइने वैशिष्ट्यका आधारमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको प्रवृत्तिगत मूल्याङ्कन गर्दा निम्नानुसार गर्न सकिन्छ ।

### ५.१.१ विषयवस्तुगत विविधताका निबन्धकार

निबन्धकार प्रधानका निबन्धको विषयवस्तुको सेरोफेरो व्यापक रहेको छ । उनी व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय विविध विषयलाई आफना निबन्धमा समेट्छन् । उनी साहित्यिक व्यक्तित्व, साहित्यकारका कृतिगत भावसन्दर्भ, वैयक्तिक सन्त्रास, आवेग, संवेग, पुरा कथात्मक, पौराणिक ऐतिहासिक सन्दर्भ र तिनका सकारात्मक नकारात्मक परिणति, मानवसभ्यताको विकासयात्रामा देखिएका उपलब्धि, विश्वमानवजातिले भोग्नुपरेका समस्या र चुनौती चित्रण वर्णनसम्म आफ्नो विषयवस्तुगत सीमालाई व्याप्ती दिएका छन् ।

उनका निबन्धको मुख्य विषयवस्तुका रूपमा समाज नै रहेको छ । निबन्धकार प्रधानले आफू बाँचेको नेपाली समाज अझ त्यसमा पनि काठमाडौँ उपत्यकाको युगीन समाजको चित्रण वर्णनलाई नै आफ्ना निबन्धको विषयवस्तु बनाएका छन् । यस क्रममा उनले समाजका राम्रा नराम्रा दुवै पक्षतर्फ दृष्टि पुर्‍याएका छन् । उनी आफ्ना निबन्धमा समाजका वास्तविकताको चित्रण गर्दछन् र नराम्रा पक्षको विरोध गर्दै सकारात्मक पक्षको समर्थन गर्दछन् अनि सामाजिक सौन्दर्य र आदर्शलाई प्रस्तुत गर्दछन् ।

---

[५०] कल्पना लुइँटेल, पूर्ववत्, पृ ६७ ।

समाजमा वास्तविकताको उद्घाटन गर्ने सन्दर्भमा उनले समाजमा रहेको भेदभाव, खिचातानी, अशिक्षा, अचेतना, अन्धविश्वास, रुढीगत परम्परा, शोषण, दमन, अन्याय, निराशा, कुण्ठा, आवेग, संवेगतर्फ दृष्टि पुऱ्याएका छन् । सहरिया सभ्यतामा देखिने यौन विकृति, सांस्कृतिक ह्रास, पर्यावरणीय विनाश भौतिक उन्नतिले ल्याएका उपलब्धि र समस्या, आर्थिक समस्या चाकडी गरेर जीवनयापन गर्नुपर्ने विवशता, देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, अप्रजातान्त्रिक संस्कार, राजनीतिक सामाजिक विकृति विसङ्गतिको कलात्मक अभिव्यक्ति गर्नमा निबन्धकार प्रधान निकै सिपालु देखिन्छन् ।

निबन्धकारले समाजमा विभिन्न पक्षमा प्रकाश पार्नका लागि अतीतका साथै समसामयिक घटना र प्रवृत्तिको पनि उल्लेख गरेका छन् । उनले नेपाली समाजमा साहित्यिक क्षेत्रमा देखिएका उपलब्धि र चुनौती, नेपाली साहित्यको उन्नतिप्रगतिका लागि तल्लीन साहित्यिक व्यक्तित्वको प्रशंसालाई पनि आफ्ना निबन्धको विषयवस्तुभित्र समेटेका छन् ।

निबन्धकार प्रधानले विश्वसमाजतिर दृष्टि लगाउने क्रममा ससारका विभिन्न देश र त्यहाँका गतिविधिलाई पनि आफ्ना निबन्धको विषयवस्तुगत सीमाभित्र समेटेका छन् । पूर्वीय तथा पाश्चात्य दुनियाका पौराणिक पुराकथात्मक सन्दर्भको उल्लेख गरेर निबन्धकार प्रधानले विश्वमानव जातिका संस्कार र सांस्कृतिक पक्षलाई निबन्धको विषयवस्तुगत सेरोफेरो बनाएका छन् । विश्व राजनीतिमा देखिएका साम्राज्यवादी विस्तारवादी नीति तथा विश्व विजयी बन्न चाहने शासकका उच्च महत्वाकांक्षी मनोवृत्तिलाई समेत निबन्धको विषयवस्तुभित्र समेट्ने प्रधानले धर्मका नाममा भएका युद्ध हिंसा, हत्या र त्यसले ल्याएका विनाशकारी तथा प्रतिशोधात्मक कार्य र मनोवृत्तिलाई आफ्ना निबन्धमा समेटेका छन् । विश्वमा देखिएको कला र विज्ञानको उन्नति विज्ञानले ल्याएका उपलब्धि र विनाश, अस्त्रबलमा विश्वास गर्ने परिपाटी, ठूला राष्ट्रले साना राष्ट्रमाथि गर्ने थिचोमिथो जस्ता विषयलाई र निजी जीवन भोगाइलाई समेटेर निबन्धको स्वरूप प्रदान गर्नु निबन्धकार प्रधानका निबन्धको विषयगत वैशिष्ट्य बनेको छ ।

समाजलाई जस्ताको तस्तै चित्रण गर्नु मात्र निबन्धकार प्रधानको अभीष्ट रहेको छैन । अतः उनी विभिन्न दर्शनका सहारा लिएर निबन्धलाई सजीव तुल्याउँछन् । मार्क्सवाद, गान्धीवाद, विसङ्गतिवाद, अस्तित्ववादको प्रभाव उनमा परेको छ । उनी निबन्ध रचनाका क्रममा कुनै खास दर्शनलाई कोरा रूपमा अँगाल्नु भन्दा दर्शनका सापेक्षतामा समाज चित्रण

गर्नुका साथै विभिन्न दर्शनको समष्टि प्रभावमा आफ्नो चिन्तनलाई अगाडि सार्दछन् । समानता, स्वतन्त्रता, भातृत्व र विश्ववन्धुत्वको भावनाबाट प्रेरित प्रभावित निबन्धकार प्रधान समाजमा यस्तै भावना फैलाउन चाहन्छन् । समाजमा धार्मिक द्वन्द्व होइन धार्मिक सहिष्णुता हुनुपर्ने सन्देश दिन्छन् ।

विभिन्न दर्शनको सापेक्षतामा समाजको चित्रण वर्णन गर्न रमाउने निबन्धकार प्रधान चाहनाले इतिहास संस्कृति र कलाको पनि आड लिएको छ । इतिहासमा चर्चित विभिन्न सम्राट, देवीदेवता, धार्मिक व्यक्तित्व, दार्शनिकका साथै मिश्र, रोम, युनान, भारत, चीनका सभ्यताका प्रसङ्ग, वास्तुकला र मूर्तिकलाको विकसित अवस्थाको चित्रणमा उनी लहसिन पुगेका छन् । यसका साथै इतिहासका विभिन्न मोडमा देखिएका विध्वंशात्मक यथार्थ र तीसँग सम्बद्ध व्यक्तिको उल्लेख गर्दै विध्वंशात्मक प्रवृत्तिप्रतिको विद्रोहात्मक स्वर पनि उनका निबन्धको विषयक्षेत्र बनेको छ ।

नेपाली इतिहाससम्बन्धी निबन्धकारको ज्ञान र अनुभव पनि प्रधानका निबन्धमा रूपान्तरित भएको छ । नेपालको इतिहासका महत्वपूर्ण घटना र इतिहास प्रसिद्ध पुरुषहरूलाई पनि उनले निबन्धका विषय बनाएका छन् । यस क्रममा उनले प्राचीन समयदेखि हालसम्म नेपालको शासन व्यवस्थाका स्वरूप, शासन पद्धतिमा रहेका, आभीर,किराँत, लिच्छवी, मल्ल, शाह, राणा, आदिको उल्लेख गरेका छन् । निरङ्कुश राणाशासनपद्धति त्यसले जन्माएका विकृति विसङ्गति, पञ्चायती शासन पद्धतिभित्र कुण्ठित गरिएको वाकस्वतन्त्रता विरोधीहरूको दमन, देशको स्वतन्त्रताका लागि सहिदहरूले दिएका बलिदानी जस्ता विषयलाई निबन्धमा समेट्ने काम निबन्धकारले गरेका छन् । ऐतिहासिक घटनाको सुष्क, वर्णन नगरी त्यसलाई कलात्मक स्वरूपका साथ प्रस्तुत गर्न सक्नु प्रधानको निबन्धगत वैशिष्ट्य हो ।

कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा राष्ट्रियताको भावना पनि अत्यन्त प्रबल रहेको छ । आफ्नो देश आत्मनिर्भर हुन नसक्दा र पराधीनतामा बाँचनुपर्दाको पीडा बोधलाई आफ्ना निबन्धमा समेट्ने काम प्रधानले गरेका छन् । पञ्चायतकालको अन्त्यतिर भारतले नेपालमाथि लगाएको नाकाबन्दी र हस्तक्षेपबाट उनी मर्माहत भएको कुरा उनले गौतम बुद्धको चिठी अशोकका नाउँमा निबन्धका माध्यमबाट उल्लेख गरेका छन् । यसका अतिरिक्त स्वदेशी प्राकृतिक वातावरण, नेपाली भाषा, संस्कृति, साहित्यप्रतिको निबन्धको अनुराग

विभिन्न निबन्धका विषय बनेको हुँदा राष्ट्र र राष्ट्रियताप्रतिको मोहको अभिव्यक्ति उनका निबन्धको एक महत्वपूर्ण उपलब्धि बनेको पाइन्छ ।

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानका अधिकांश निबन्ध विविध विषयका सुत्रले जेलिएका छन् । उनका अनेक विषयका ज्ञान र अनुभव तिनमा पोखिएका छन् । उनका निबन्धको खास विषयवस्तु मोटामोटीरूपमा अनुमान गर्न सकिने भए तापनि त्यसका हाँगाबिँगा चारैतिर फैलिएका पाइन्छन् । सृष्टिको आरम्भदेखि वर्तमानसम्म तथा व्यक्ति मनका सम्वेगदेखि संसारका विविध फाँट चाल्ने काम उनले गरेका छन् । विषयवस्तुको विविधता र व्यापकताका दृष्टिले उनको निबन्धको क्षेत्र फराकिलो छ । वास्तवमा व्यक्ति र विशिष्ट व्यक्तित्व, समाज र सामाजिक चेत, देश र विस्तृत परिवेशलाई अँगाल्ने उनका निबन्धहरूमा जीवनप्रतिको समग्रताको बोध पाइन्छ ।[५१]

## ५.२ नवीन संरचना र कथनढाँचाका निबन्धकार

कृष्णचन्द्रसिंह प्रधानले निबन्धका बुनोट र बनोट तथा कथन-ढाँचामा पनि नयाँ नयाँ वान्की निकालेका छन् । उनका निबन्धमा अभिव्यक्तिका विभिन्न सन्दर्भका साथै आकारप्रकार, शीर्षक, सङ्कथन, चिन्ह प्रयोग आदिमा नवीनता र प्रयोगशीलता लटकिन्छ । त्यसैले संरचना र कथन ढाँचाका दृष्टिले उनका निबन्धमा मौलिक विशेषता अन्तर्निहित रहेको पाइन्छ ।

निबन्धकार प्रधान आफ्ना निबन्धमा बौद्धिकता र चिन्तशीलता कडा र शुष्क नभई भावनाको तरलतामा मुछिएर आएको हुन्छ । विचार र भावलाई सन्तुलित रूपमा प्रयोग गर्न सक्नु उनको मौलिक पहिचान हो । थोरैमा धेरै कुरा अटाउन सक्ने गरी प्रस्तुत गर्न सक्नु उनका निबन्धको संरचनागत उपलब्धि हो । 'पाइला आगतमा टेकेर' शीर्षकका दुईवटै निबन्धमा यस्तो विशेषता पाइन्छ । यस किसिमको विशेषताले गर्दा उनका निबन्धहरू ओजपूर्ण बनेका छन् जसले गर्दा सामान्य पाठकका लागि यी निबन्धहरू विरसिलो लाग्नु पनि स्वभाविकै देखिन्छ । समष्टिगत बौद्धिकता र समष्टिगत भावुकताले गर्दा उनका निबन्धहरूको रचनाशैली नवीन र प्रयोगशील बन्न पुगेको छ ।

निबन्धकार प्रधानले कतिपय निबन्धमा शीर्षक र वर्ण्य विषयका बीच सोझो सम्बन्ध स्थापित गरेर विषयवस्तुलाई सरल र रैखिक ढाँचामा अगाडि बढाएको पाइन्छ भने कतिपय निबन्धमा विषयवस्तुलाई प्रस्तुत गर्ने सम्बन्धमा शीर्षक र वर्ण्यविषयका बीच व्यङ्ग्यात्मक

---

[५१] माधवप्रसाद घिमिरे, (प्रकाशकीय), 'अनाम सत्य' (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२) ।

सम्बन्ध स्थापित गरी प्रस्तुतिलाई विश्रृङ्खलित, अव्यवस्थित र सूत्रवत् रूपमा अनेकौं सन्दर्भ र प्रसङ्गलाई जोडेर दुर्बोध र प्रयोगशील बनाएको भेटिन्छ ।

निबन्धकार प्रधानले नितान्त व्यक्तिगत कुरालाई पनि सार्विजनिक तुल्याई समाजसँग त्यसको सम्बन्ध गाँस्ने विधिको कुशल प्रयोग गरेका छन् । त्यसैले विभिन्न साहित्यकारका संस्मरणमा उनले लेखेका निबन्धमा (मेरो आँखामा उत्तम कुँवर आदि) पनि समाजका आर्थिक सामाजिक, शैक्षिक साहित्यिक अनेकौं पक्ष अङ्कित भएका छन् । यसरी वैयक्तिक विषयलाई सामान्यीकरण गरेर त्यसलाई साझा रूप दिने कुरामा उनको कथनढाँचाले मौलिक स्वरूप प्राप्त गरेको छ ।

निबन्धको कथनलाई अभिव्यक्ति दिन कहीँ सम्बोधन (पा.आ.टे, पृ. ३९, ४१, ४३...) कहीँ आत्मलाप (पा.आ.टे, पृ. २८) कहीँ वक्तव्य र कहीँ पत्रात्मक शैली (गौतम बुद्धको चिठी अशोकका नाउँमा) शैलीको उपयोग  निबन्धकारले गरेका छन् । निबन्धकारले आफ्नो अभिव्यक्तिलाई रोचक, विश्वसनीय र प्रभावकारी बनाउन नेपालका साहित्यकार, विश्वका विभिन्न राजनीतिज्ञ र विशिष्ट व्यक्तिका भनाइलाई समेत निबन्धभित्र समेटेका छन् । ( सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा) उनले पादटिप्पणी र कोष्ठकभित्र विभिन्न व्यक्तित्वको परिचय र उनका काव्यात्मक विषयको प्रयोग गरी आफ्नो अभिव्यक्तिलाई सरल र सुस्पष्ट बनाउन सघाउ पुऱ्याएका छन् ।

'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहभित्र सङ्कलित प्रधानका निबन्धहरू आयामका दृष्टिले तीन पृष्ठ (पाइला आगतमा टेकेर/एक) देखि सोह्र पृष्ठ (सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा) सम्म फैलिएका छन् । अनुच्छेदको विस्तारको दृष्टिले पनि उनी सानाभन्दा साना अनुच्छेददेखि लामा आयामका अनुच्छेदको प्रयोग आफ्ना निबन्धमा गरेका छन् ।

उनी एउटै शीर्षकमा दुई अलग अलग निबन्ध लेखेर (पाइला आगतमा टेकेर एक र दुई) निबन्ध रचनामा प्रयोगशीलता देखाएका छन् ।

निबन्ध जस्तो विशुद्ध गद्यात्मक विधामा कवितात्मक संरचना प्रदान गर्नु उनको रचनागत वैशिष्ट हुन गएको छ (पा.आ.टे., पृ. ५६) । उनले शीर्षक चयनमा पनि प्रयोगशीलता देखाएका पदावलीगत र वाक्यगत स्वरूपका शीर्षक राखेर कतिपय शीर्षकमा पद तथा पदावलीका बीचमा विसर्ग चिन्हको प्रयोग गर्ने काम प्रधानले गरेका छन् । त्यसैले

प्रस्तुतिमा नवीनता वा प्रयोगशीलता कृष्णचन्द्रसिंह प्रधानको संरचनागत मौलिक पहिचान हो भन्न सकिन्छ ।

## ५.३ सिर्जनात्मक तथा मौलिक भाषाशैलीका निबन्धकार

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले भाषाशैलीमा पनि आफ्नो सृजनात्मक मौलिकता देखाएका छन् । उनले विषयवस्तुको प्रस्तुतिमा कलात्मकता अपनाएका छन् । निजात्मक प्रस्तुति उनका अधिकांश निबन्धको विशेषता हो । भाषाशैलीगत प्रयोगशीलता र बौद्धिकता र व्यङ्ग्यात्मकताको समिश्रित स्वरूपले गर्दा उनका निबन्धहरूले शैलीगत उत्कर्षता प्राप्त गरेका छन् ।

निबन्धकार प्रधानका 'पाइला आगतमा टेकेर' भित्रका सबैजसो निबन्धमा तर्क र व्यङ्ग्यले महत्वपूर्ण स्थान ओगटेका छन् । उनका 'मेरो यात्रा : टुकुचादेखि विष्णुमतीसम्म', 'सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा', 'गौतम बुद्धको चिठी अशोकका नाउँमा', 'सडक फाट्टिदैछ', 'शब्द ब्रह्म', 'खडेरीको मौसमलाई शुभकामना,' 'पाइला आगतमा टेकेर/एक' र 'पाइला आगतमा टेकेर दुई' बौद्धिक र व्यङ्ग्यात्मक अभिव्यक्तिका उत्कृष्ट नमूना निबन्धका रूपमा रहेका छन् ।

निबन्धमा कलात्मक सौन्दर्यको सृष्टिका लागि निबन्धकार प्रधानले विभिन्न किसिमका विम्ब, अलङ्कार र प्रतिकको उपयोग गरेका छन् । उनले शब्दालङ्कार र अर्थालङ्कार दुवैका माध्यमबाट आफ्नो आलङ्कारिक अभिव्यक्ति प्रकट गरेका छन् । वर्ण, पद, पदावली, वाक्यांश र वाक्यका पुनरावृत्तिद्वारा उनले अनुप्रासको कुशल र बृहत् प्रयोग गरेका छन् । जसले गर्दा गद्यात्मक अभिव्यक्तिमा काव्यात्मकता जीवन्त बनेको छ । सव यथावत् छन् । यथावत् छन् यहाँका मान्छेहरू, यथावत् छन् रीतिस्थितिहरू, सब यथावत् छन् बन्दव्यापारहरू, यथावत् चलेका छन् कामकाजहरू, यथावत् छ सरकार, यथावत् उर्दीपुर्दीहरू, यथावत् जन्म, यथावत् मृत्यु, यथावत् क्रियाकर्महरू, सामान्य मानिस हिँडिरहेका छन्, अड्डा धाइरहेका छन्, उत्सव मनाइरहेका छन्, भोज खाइरहेका छन्, सरुवा, बढुवा, खोसुवा हुनुपर्ने भइरहेका छन् (पा.आ.टे, पृ. १७–१८) । यसरी निबन्धात्मक अभिव्यक्तिमा अनुप्रासीयताको कुशल आयोजनाद्वारा सङ्गीतात्मकता सिर्जना गर्ने कला निबन्धकार प्रधानको रहेको छ ।

प्रकृतिको मानवीकरण गर्ने शैली निबन्धकार प्रधानले अवलम्बन गरेका छन् । यसको दृष्टान्तका रूपमा यस अभिव्यक्तिलाई अगाडि सार्न सकिन्छ –'पोखरा भने रूपातालमा नुहाएर ओभाउन लागेको वनघारीको केश राशि, पहाडै पहाडको सेप्टी ढालेको बुटाबुटी छापे हरियो लहँगा, पातलो कञ्चुकी र माछापुच्छ्रे टीको लगाई फेवातालमा मुस्कुराइरहेको छ (पा.आ.टे, पृ. ३) ।

बलात्कार गर्न नसकेको त्यसको कौमार्य लाग्छ कुने बाँझो धर्तीको सम्भावित भविष्य हो (पा.आ.टे, पृ. ३) ।

प्रतीकात्मकता उनको रचना शैलीको विशिष्ट प्राप्ति बनेको छ । उनी पहेंलो रङ ( पञ्चायती व्यवस्था) इन्द्रेणी (सबै खाले विचारको समन्वय), गौतम बुद्धको चिठी : अशोकको नाँउमा (शान्ति र सहअस्तित्वको सन्देश) जस्ता विविध खाले प्रतीक प्रयोगद्वारा निबन्धलाई प्रभावकारी बनाउन सफल भएका छन् ।

समालोचकीय क्षमताको उपयोग निबन्धकार प्रधानको रचनाशैलीको अर्को महत्वपूर्ण पक्ष हो । यसका लागि उनले विभिन्न साहित्यकार र तिनका साहित्यिक विशेषतालाई प्रकाशित गर्ने काम पनि गरेका छन् । उनले उत्तम कुँवर, बैरागी काइँला लगायतका साहित्यकारका जीवन र उनीहरूका कार्यको मूल्याङ्कन गरी आफ्नो समालोचकीय व्यक्तित्वलाई निबन्धमा ढाल्ने कामसमेत गरेका छन् । उनका निबन्धहरू भाषिक शुद्धताका उत्कृष्ट नमूना मानिन्छन् ।

समष्टिमा भन्नुपर्दा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको संचरनात्मक वा कथनात्मक ढाँचामा-वैचारिकता, बौद्धिकता, तार्किकता, समालोचनात्मकता, विश्लेषणात्मकता, काव्यात्मकता, आत्मपरकता, व्यङ्ग्यात्मकता, प्रकृतिको मानवीकरण, प्रतिकात्मकता, आलङ्कारिक सौन्दर्य, भाषिक शुद्धता, अभिव्यक्तिगत सुस्पष्टता, सङ्क्षिप्तता तथा सूत्रात्मकता जस्ता विशेषताहरू भेटिन्छन् ।

## ५.४ निष्कर्ष

प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभाजित छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको प्रयोजन, समस्या, उद्देश्य, पूर्वकार्यको विवरण, औचित्य, सीमाङ्कन, विधि र रूपरेखाको परिचय दिइएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा 'पाइला आगतमा टेकेर' निबन्ध-सङ्ग्रहका लेखक कृष्णचन्द्रसिंह प्रधानको सङ्क्षिप्त जीवनी प्रस्तुत गरिएको छ । यस अन्तर्गत निबन्धकार प्रधानको जन्म, शिक्षादीक्षा, जागिरे जीवन र संस्थागत जिम्मेवारी निर्वाहका क्रममा प्रधानले देखाएको सक्रियता साहित्यसिर्जनामा प्राप्त प्रेरणास्रोत, सम्पादन र प्रकाशनको क्षेत्रमादेखाएको सक्रियता शारीरिक-साहित्यिक व्यक्तित्व आदिको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा निबन्धको सैद्धान्तिक स्वरूपको चर्चा गरिएको छ । निबन्धको परिचय, व्युत्पत्तिगत अर्थ, निबन्धका बारेमा विभिन्न समीक्षकका परिभाषा, निबन्धका आधारभूत तत्व र नेपाली निबन्धको विकासक्रमको चर्चा यस परिच्छेदमा गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहको कृतिपरक विवेचना गरिएको छ । यही नै यस निबन्धसङ्ग्रहको महत्वपूर्ण परिच्छेद हो । यस परिच्छेदमा निबन्धका आधारभूत तत्वका आधारमा 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहको कृतिपरक विवेचना गरिएको छ । समग्रमा यस निबन्धसङ्ग्रहको अध्ययनपछि बुँदागत रूपमा निम्न निष्कर्ष निस्कन्छ ।

१. 'पाइला आगतमा टेकेर' निबन्धका लेखक कृष्णचन्द्रसिंह प्रधान हुन् ।
२. यो निबन्धसङग्रह पहिलोपटक वि.सं. २०४७ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो ।
३. यस निबन्धसङ्ग्रहमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानका तेह्रवटा निबन्धहरू सङ्कलित छन् ।
४. प्रस्तुत निबन्धसङ्ग्रह जम्माजम्मी ८४ पृष्ठमा संरचित छ ।
५. यस निबन्धसङ्ग्रहको शीर्षक यसै कृतिभित्र सङ्कलित (युगल निबन्ध) 'पाइला आगतमा टेकेर' सँग सम्बन्धित छ ।
६. यस सङ्ग्रहभित्रका निबन्धमा, वैयक्तिक जीवन, समाज, संस्कृति, साहित्य, कला, सौन्दर्य, प्रकृति, इतिहास, पुराण, पुराकथा, यौन, मानवीय संवेग प्रकृति जस्ता कुरालाई विषयवस्तुको स्रोत बनाइएको छ ।

७. मार्क्सवाद, यथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, गान्धीवाद जस्ता दर्शन र सिद्धान्तका सापेक्षतामा विषयवस्तुको प्रस्तुतीकरण यस निबन्ध सङ्ग्रहको विशेषता हो ।

८. मानवतावाद, भातृत्व, सहअस्तित्व, विश्ववन्धुत्व, देशप्रेम, प्रकृतिप्रेमको भावना यस निबन्धसङ्ग्रहको सन्देश हो ।

९. समसामयिक राष्ट्रिय परिवेश र विश्वबोधको भावनाको अभिव्यक्ति प्रस्तुत सङ्ग्रहको मौलिक पहिचान हो ।

१०. निबन्धको शीर्षक, विषयवस्तु, विचार, शिल्प र भाषाशैलीगत प्रयोगशीलता भएको निबन्धसङ्ग्रह हो ।

११. समसामयिक समाजका विकृति-विसङ्गतिप्रतिको व्यङ्ग्य यस सङ्ग्रहभित्रका निबन्ध कृतिको वैशिष्ट्य हो ।

१२. आत्मपरक तथा निजात्मक निबन्ध रचनाशैली यसको प्रमुख प्रस्तुतीगत पहिचान हो ।

१३. वैचारिकता, बौद्धिकता, तार्किकता, समालोचनात्मकता, प्रतिकात्मकता, भाषिक शुद्धता र काव्यात्मकता यस सङ्ग्रहका भाषाशैलीगत पहिचान हुन् ।

१४. सङ्क्षिप्तताभित्र पूर्णता र चित्रात्मकता तथा अभिव्यक्तिगत सुस्पष्टताले गर्दा यो निबन्धसङ्ग्रहले उच्चता प्राप्त गरेको छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, रामलाल, **नेपाली निबन्ध यात्रा**, दार्जिलिङः नेपाली साहित्य सञ्चायिका, २०३२ ।

अर्याल, भैरव (सम्पा.), **पच्चीस वर्षका नेपाली निबन्ध**, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९ ।

आचार्य, कृष्णप्रसाद, **साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणात्मक अध्ययन** , त्रि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०४३ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, (पाँ. सं.) काठमाडौँः साझा प्रकाशन, २०५१ ।

कुँवर, उत्तम, **स्रष्टा र साहित्य,** (चौ.सं.) काठमाडौँः साझा प्रकाशन, २०५० ।

घिमिरे, कृष्णचन्द्र, **निबन्धकार लक्ष्मीप्रसाद देवकोटोका निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन,** त्रि.वि.मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०३८

घिमिरे, माधवप्रसाद, (प्रकाशकीय) **अनाम सत्य,** काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५२ ।

त्रिपाठी, बासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग १,** (ते.सं.) काठमाडौँः साझा प्रकाशन, २०४८ ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** (चौ. सं.) काठमाडौँ, साझा प्रकाशन, २०५० ।

दाहाल, रामप्रसाद, **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरुको परिचय**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

प्रधान, कृष्णचन्द्रसिंह, **पाइला आगतमा टेकेर,** (दो. सं.) काठमाडौँ, साझा प्रकाशन, २०५५

बर्मा, धिरेन्द्र, (सम्पा.) **हिन्दी साहित्य कोश** (दो.सं.) वाराणासीः ज्ञान मण्डल लिमिटेड, २०२० ।

लुइँटेल, कल्पना, **कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता**, त्रि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०५३ ।

लुइँटेल, खगेन्द्रप्रसाद र गौतम देवीप्रसाद, **नेपाली निबन्ध**, काठमाडौँः नवीन प्रकाशन, २०५४ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय** (ते.सं.) काठमाडौँः, रत्नपुस्तक भण्डार, २०५५ ।

शर्मा, तारानाथ (सम्पा.), **पच्चीस वर्षका नेपाली निबन्ध**, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौँः साझा प्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **केही समीक्षण केही विश्लेषण**, काठमाडौँः साझा प्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि द्रष्टा दृष्टि,** काठमाडौँः साझाप्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौं, पाठ्यसामग्री पसल, २०५६ ।

# पाइला आगतमा टेकेर निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत स्नाकोत्तर तह (एम.ए.)

नेपाली विषयको दसौं पत्रको

प्रयोजनका निम्ति

प्रस्तुत

## शोधपत्र


शोधार्थी

नेत्रलाल अर्याल

विश्वविद्यालय क्याम्पस

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौं


२०६४

शोधनिर्देशक
कृष्णप्रसाद आचार्य
उप-प्राध्यापक
त्रि.वि. नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

# पाइला आगतमा टेकेर निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र**

**सङ्कायअन्तर्गत स्नाकोत्तर तह (एम.ए.)**

**नेपाली विषयको दसौँ पत्रको**

**प्रयोजनका निम्ति**

**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**

**नेत्रलाल अर्याल**

**विश्वविद्यालय क्याम्पस**

**नेपाली केन्द्रीय विभाग**

**त्रि.वि., कीर्तिपुर, काठमाडौँ**

**२०६४**

# सिफारिस पत्र

नेपाली एम.ए. द्वितीय वर्षका छात्र श्री नेत्रलाल अर्यालले प्रस्तुत **'पाइला आगतमा टेकेर' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । वहाँले अत्यन्त परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यप्रति म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................................

**श्री कृष्णप्रसाद आचार्य**

**उप-प्राध्यापक**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

मिति : २०६४/१२/

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको पाठ्यांश परिपूर्तिका निम्ति तयार गरिएको हो । प्रथमतः यो शोधपत्र तयार गर्ने सिलसिलामा आफ्नो वैयक्तिक कार्यव्यस्तताका बीचमा पनि किञ्चित झर्को नमानी प्रफुल्ल मुद्रामा अत्यन्त स्नेहपूर्वक निर्देशन गर्नुहुने आरणीय गुरु उप-प्राध्यापक श्री कृष्णप्रसाद आचार्यप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यमा प्रेरित गर्ने र शोधकार्यका लागि सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभाग कीर्तिपुरका पूर्व विभागीय प्रमुख आदरणीय गुरु प्राध्यापक दयाराम श्रेष्ठ लगायत सिङ्गो नेपाली केन्द्रीय विभागप्रति कृतज्ञ छु ।

शोधकार्यका सिलसिलामा सामग्री सङ्कलनमा निरन्तर सहयोग प्रदान गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय र प्रज्ञा पुस्तकालयको सहयोग पनि अविस्मरणीय रहने छ ।

यसैगरी शोधकार्यका लागि सामग्री सङ्कलन गर्ने र सामग्री उपलब्ध गराई विविध सहयोग प्रदान गर्ने आदरणीय दाजु ज्ञानराज अर्याल, लोकनाथ अर्याल, वेदराम अर्याल र श्रीमती विमला अर्याल जेठान विष्णु खनाल, श्याम खनाल तथा साथीहरु देवीराम पन्थी, मनिराम पौडेल, खेमराज पौडेल र विष्णु पौडेलको सहयोग अविस्मरणीय रहेको छ ।

अन्त्यमा शोधपत्रको समयमा नै कम्प्युटर टाइप गरेर सहयोग प्रदान गर्नुहुने रेसुङ्गा कम्प्युटर सर्भिस, कीर्तिपुरलाई हार्दिक धन्यवाद दिँदै यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र २०५८-२०६०　　　　　　　　　　नेत्रलाल अर्याल

मिति : २०६४/१२/

# सङ्क्षेपीकृत रुप

| | |
|---|---|
| काठ. | काठमाडौँ |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| पा.सं. | पाँचौँ संस्करण |
| पृ. | पृष्ठ |
| पा.आ.टे | पाइला आगतमा टेकेर |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादन |
| सा.प्र. | साझा प्रकाशन |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |

# विषय सूची

**पृष्ठ संख्या**

## पहिलो परिच्छेद

## परिचय


१.१ शोपत्रको शीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधकार्यको उद्देश्य १

१.५ पूर्वकार्यको विवरण १

१.६ शोधको औचित्य ३

१.७ शोधकार्यको सीमाङ्कन ३

१.८ शोधकार्यको विधि ४

१.९ शोधपत्रको रूपरेखा ४


## दोस्रो परिच्छेद


२.१ 'पाइला आगतमा टेकेर' निबन्धसङ्ग्रहका निबन्धकार कृष्णचन्द्र सिंह प्रधानको सङ्क्षिप्त जीवनी ५

२.२ बाल्यकाल ५

२.२.१ जन्म तथा जन्मस्थान ५

२.२.२ शिक्षादीक्षा ५

२.२.३ साहित्यसिर्जनामा प्रेरणा ६

२.२.४ साहित्यसिर्जना र प्रकाशन ६

२.२.५ संस्थागत वा सार्वजनिक जिम्मेवारीमा सक्रियता ७

२.२.६ सम्मान-पुरस्कार ७


## तृतीय परिच्छेद

## निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास


३.१ निबन्धको व्युत्पत्ति र अर्थ ९

३.१.१ निबन्ध शब्दको अर्थ ९

३.१.२ परिभाषा १०

३.२ निबन्ध तत्त्व ११
३.२.१ विषयवस्तु १२
३.२.२ विचार तथा उद्देश्य १२
३.२.३ प्रस्तुति १३
३.२.३.१ आन्तरिक प्रस्तुति १३
३.२.३.२ वाह्य प्रस्तुति १४
३.३ नेपाली निबन्धको विकासक्रम १७
३.३.१ प्राथमिक काल १७
३.३.२ माध्यमिक काल १८
३.३.३ आधुनिक काल १९
३.३.३.१ प्रथम चरण (वि.सं. १९९१-२०१६) १९
३.३.३.२ दोस्रो चरण (२००४–२०१६) २०
३.३.३.३ तेस्रो चरण (२०१७ देखि हालसम्म) २२

**चौथो परिच्छेद**

**'पाइला आगतमा टेकेर निबन्ध सङ्ग्रह'को कृतिपरक विश्लेषण**

४.१. 'फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरु' निबन्धको विवेचना २४
४.१.१ विषयवस्तुको सारसङ्क्षेप २४
४.१.२ विचार/उद्देश्य २५
४.१.३ प्रस्तुति/शैली २६
४.२ 'मेरो यात्राः टुकुचादेखि विष्णुमतिसम्म' निबन्धको विश्लेषण २७
४.२.१ विषयवस्तुको सारसङ्क्षेप २७
४.२.२ विचार/उद्देश्य २९
४.२.३ प्रस्तुति/शैली ३०
४.३ 'डरको छाँयामा रोबोटको जन्म' निबन्धको विवेचना ३१
४.३.१ विषयवस्तुको सारसङ्क्षेप ३१
४.३.२ विचार/उद्देश्य ३२
४.३.३ प्रस्तुति/शैली ३४
४.४ 'सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा' निबन्धको विवेचना ३५

४.४.१ विषयवस्तुको सारसङ्क्षेप ३५
४.४.२ विचार/उद्देश्य ३७
४.४.३ प्रस्तुति/शैली ३९
४.५ गौतम बुद्धको चिठीः अशोकको नाउँमा ४०
४.५.१ विषयवस्तुको सारसङ्क्षेप ४०
४.५.२ विचार/उद्देश्य ४१
४.५.३ प्रस्तुति/शैली ४३
४.६ 'एउटा बकपत्रः आफ्नै विरोधमा' निबन्धको विश्लेषण ४४
४.६.१ विषयवस्तुको सारसङ्क्षेप ४४
४.६.२ विचार/उद्देश्य ४५
४.६.३ प्रस्तुति/शैली ४६
४.७ 'शब्द ब्रह्म' निबन्धको विश्लेषण ४७
४.७.१ विषयवस्तुको सारसङ्क्षेप ४७
४.७.२ विचार/उद्देश्य ४८
४.७.३ प्रस्तुति/शैली ४९
४.८ 'सटक फाट्दैछ' निबन्धको विश्लेषण ५०
४.८.१ विषयवस्तुको सारसङ्क्षेप ५०
४.८.२ विचार/उद्देश्य ५२
४.८.३ प्रस्तुति/शैली ५३
४.९ 'मेरो आँखामा उत्तम कुँवर' निबन्धको विश्लेषण ५४
४.९.१ विषयवस्तुको सारसङ्क्षेप ५४
४.९.२ विचार/उद्देश्य ५५
४.९.३ प्रस्तुति/शैली ५६
४.१० 'खडेरीको मौसमलाई शुभकामना' निबन्धको विश्लेषण ५६
४.१०.१ विषयवस्तुको सारसङ्क्षेप ५६
४.१०.२ विचार/उद्देश्य ५८
४.१०.३ प्रस्तुति/शैली ६०

४.११ 'आस्थाको द्वीपमा मान्छे' निबन्धको विश्लेषण ६०
४.११.१ विषयवस्तुको सारसङ्क्षेप ६०
४.११.२ विचार/उद्देश्य ६१
४.११.३ प्रस्तुति/शैली ६२
४.१२ 'पाइला आगतमा टेकेर/एक' निबन्धको विश्लेषण ६३
४.१२.१ विषयवस्तुको सारसङ्क्षेप ६३
४.१२.२ विचार/उद्देश्य ६४
४.१२.३ प्रस्तुति/शैली ६५
४.१३. 'पाइला आगतमा टेकेर/दुई' निबन्धको विश्लेषण ६५
४.१३.१ विषयवस्तुको सारसङ्क्षेप ६५
४.१३.२ विचार/उद्देश्य ६६
४.१३.३ प्रस्तुति/शैली ६८

**पाँचौं परिच्छेद**

**उपसंहार तथा निष्कर्ष**

५.१ 'पाइला आगतमा टेकेर' निबन्ध सङ्ग्रहका आधारमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको प्रवृत्तिगत मूल्याङ्कन ६९
५.१.१ विषयवस्तुगत विविधताका निबन्धकार ६९
५.२ नवीन संरचना र कथनढाँचाका निबन्धकार ७२
५.३ सिर्जनात्मक तथा मौलिक भाषाशैलीका निबन्धकार ७४
५.४ निष्कर्ष ७५
**सन्दर्भग्रन्थ सूची**